# प्रदेश सभा

## गण्डकी प्रदेश

## चौथो अधिवेशन

## (दसौं बैठक)

## मिति २०७६/०२/२७ गते विहान ११.०० बजे

## बैठकको कारवाहीको सम्पूर्ण विवरण

प्रदेश सभा, गण्डकी प्रदेशको चौथो अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा विहान ११ बजेर ५२ मिनेटमा प्रारम्भ भयो ।

### माननीय सभामुखज्यू

माननीय सदस्यहरु आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु अव मिति २०७६ जेठ २४ गते सभामा प्रस्तुत प्रदेश सरकारको आर्थिक वर्ष २०७६।७७ को नीति तथा कार्यक्रम माथिको बांकि छलफल प्रारम्भ हुन्छ । सर्वप्रथम माननीय विष्णु प्रसाद लामिछानेलाई आफ्नो संशोधन प्रस्ताव सहित छलफलमा भाग लिन समय दिन्छु । समय १५ मिनेट।

### माननीय विष्णु प्रसाद लामिछानेः

माननीय सभामुख महोदय, हामी यतिवेला यस गण्डकी प्रदेशको भाग्य कस्तो बनाउने ? यसलाई कुन दिशामा लाने र हाम्रो सोच हाम्रो परिकल्पना अनुसार कसरी नमुना प्रदेश बनाउन सकिन्छ ? कसरी हाम्रो प्रदेशलाई राम्रो प्रदेश बनाउन सकिन्छ भन्ने सोचका साथ २०७६/७७ को लागि माननीय प्रदेश प्रमुखद्धारा प्रस्तुत नीति तथा कार्यक्रम माथि छलफल गरिराखेका छौं। हाम्रो हातमा यो अत्यन्त सुन्दर कभर सहितको यो नीति तथा कार्यक्रम पुस्तिका छ। यो बाहिर जति राम्रो छ मेरो कलर यो प्रिय कलर हो एकदमै मन पर्छ। जति राम्रो आको छ यो नीति र कार्यक्रममा भित्र पनि त्यस्तै हुनुपर्छ भन्ने हामी सवैको सोच हो। हामी सबैको विश्वास पनि हो।

सकेसम्म यो नीति र कार्यक्रममा त्यो विश्वास त्यो  सोच टुटन नदिने गरि आको होला भन्ने हामी सवैलाई लागेको छ ।हामीले अध्ययन गर्यौं, मेहनत बेस्सरी भाको छ मैले यहां भित्र केहि छैन बाहिरको खोल मात्रै हो । भित्र केहि छैन भित्र खोक्रो छ भन्यो भने सांच्चैनै प्रतिपक्ष पूर्वाग्रही भएको देखिन्छ । हामी त्यसरी पूर्वाग्रही हुन चाहंदैनौं किनभने हामी सवैले एउटै संकल्प गरेका छौं यो प्रदेशलाई कसरी राम्रो प्रदेश बनाउने भन्ने त्यसैले पनि यसमा अनावश्यक खोट लाउने काम हामीले गर्दैनौं । हाम्रो दलले त्यो सोच बनाएको पनि छैन । सरसर्ति हेरें मलाई कहिले कहिले साहित्यमा कलम चलाउने खाले मान्छे म पनि यो स्लोगन हेर्दा मलाई संगत गर्न मन लाग्यो । यो स्लोगन जसले तयार पार्यो वहांसंग सङ्गत गर्न मन लाग्यो वडा गजवको मिठा स्लोगन छ त्यसको भित्र त्यस भित्र त्यसको कार्यान्वयनको पक्ष के हुन्छ भन्ने बारेमा चाहिं हेर्न बांकि नै छ । तर मेरो विश्वास के चाहिं हो त भन्दा त्यो पनि राम्रै हुन्छ राम्रै हुनुपर्छ । नराम्रो हुनु हुंदैन भन्ने मलाई लाग्छ मैले अस्ति पनि कुरा उठाएको थिएं हामी यतिवेला सांच्चैनै एउटा कठघरामा छौं। समयको कठघरामा र हामी कालिगढ पनि हौं यो प्रदेशलाई कस्तो बनाउने भन्ने कालिगढ पनि हौं हामी यो प्रदेश सभा र यो यस प्रदेश सभा अन्तरगत बनेको सरकार यसले सांच्चैनै एउटा राम्रो कालिगढी गर्ने वेला हो हामीले अहिले अहिल्यै देखि राम्रो बनाउन सकेनौं भने हाम्रा सन्ततीले हाम्लाई धिक्कारने छन । त्यसैले यो मेहनतलाई म धन्यवाद दिन चाहन्छु । मेहनत राम्रो छ तर सवै कुरा पुरा हुन्छ भन्ने हैंदैन । हामी आफैमा सवै पूर्ण छैनौं त्यसैले यसभित्र केहि अपुराहरु छन । यसको मतलव प्रतिपक्षले प्रतिपक्ष भएकै कारणले विरोध गर्ने प्रश्न होइन । हामीले राम्रो बनाउन चाहिराखेका छौं । राम्रो बनाउन चाहंदा चांहंदै कहिं कतै थोरै थपघट गर्न पर्यो भने त्यही थपघट गरेर अझै राम्रो बन्न सक्छ भने त्यतातिर सवैले सहज रुपमा लिनु पर्छ भन्ने मलाई लाग्छ । राम्रो कुरो जसले सुझाव दिंदा पनि हुन्छ र जसको सुझाव ग्रहण गर्दा पनि हुन्छ यी प्रतिपक्ष हुन यिनले बिरोधका लागि बिरोध गरेका हुन त्यसैले यी सुझाव सुन्न आवश्यक छैन भन्न थाल्यो भने हाम्रो कालिगढी जुन कालीगढ हौं भनिराका छौं त्यसैमा भोलि शंका उत्पन्न हुन्छ त्यसैले हाम्रो यो सुझाव हो सरकारलाई । यो प्रदेशलाई राम्रो बनाउनको लागि जे गर्दा राम्रो हुन्छ जसको सुझाव जहांबाट आउंछ जे भन्दा राम्रो हुन्छ हामीले के गर्दा राम्रो बनाउन सकिन्छ त्यतातिर लाग्न म अनुरोध गर्दछु त्यसैले यसै कारण यहां भएका कुराहरु राम्रै छन कार्यान्वयनको पक्ष र भोलि आउने वजेट हेरेपछि अझै हामीले व्याख्या गरौंला । यो नीति र कार्यक्रमको अवस्था र भोलि आउने वजेटको

अवस्था के हुन्छ त्यसमा हामीले अरु थप व्याख्या गरौंला । तर केही कुराहरु थप्नु पर्ने केही कुराहरु हटाएर त्यसलाई अर्को शव्द हाल्नु पर्ने त्यस्ता ठाउंहरु हामीले फेला पार्यौ । त्यसो भएपछि त्यसलाई संशोधन प्रस्ताव त्यसकारण दर्ता गरिएको छ अझै कारण के हो त भन्दा बिरोधका लागि बिरोध भन्दा पनि यो नीति र कार्यक्रम अझै राम्रो होस, अझै सुन्न होस अरु प्रदेशको भन्दा गण्डकी प्रदेशको नीति र कार्यक्रम अझै उच्चतम होस भन्ने सोचका साथ यसलाई संशोधन प्रस्ताव हालिएको छ मलाई विश्वास छ यो प्रस्ताव सांच्चैनै सुनमा सुगन्ध बनाउनको लागि ल्याइएको हुंदा संशोधन प्रस्ताव पेश हुन आएको हंदा त्यो सुगन्ध बनाउने कुरामा यहां कसैको आदरणीय माननीयज्यूहरको कसैको असहमति हुन्छ भन्ने मलाई लाग्दैन । त्यसैले यसलाई सहमति नै सवै माननीयज्यूहरुले सहस्र सहमति गरेर यो पास हुन्छ यो संशोधन प्रस्ताव पास हुन्छ भन्ने मैले विश्वास लिएको छु । खास गरेर बुंदा नं।छद्दमा बाली पशुपंक्षी तथा मतस्य पकेट क्षेत्र विकासका लागि एक वडा एक नमुना व्यवसायिक कृषि कार्यक्रम र एक पालिका एक उत्पादन कार्यक्रम जस्ता विशिष्टिकृत कृषि उत्पादन क्षेत्र र मोडेल फर्म सम्वन्धि कार्यक्रमलाई परिमार्जन गरि निरन्तरता दिइने भनेको छ । त्यो अझै ठोस रुपमा जांदा राम्रो हुन्छकी भन्ने लाग्छ के हो त उपाय परिमार्जन गर्ने कुरा त्यहां धेरै कुराहरु आको छ । अरु कुराहरु आको छ । त्यो मध्यमा हामीले सुन्यौं र यो अन्यथा होइन मैले अन्यथा भन्न पनि खोजेको छैन । बाहिर जेजे भए कुराहरु आए त्यो गलत होस भनेर गरिएको काम पनि होइन । तर हाम्रो प्रयोगले कहिं कतै बाहिर गुनासाहरु आए भने त्यसलाई करेक्सन गर्नु पर्छ। जुन नगदै हामिले यो कृषकलाई अनुदान दिने व्यवस्था गर्यौं त्यसले कहिं न कहिं दुरुपयोग भयोकी भन्ने भएपछि यसलाई बरु अरु नै केही गरेर जस्तै संशोधनका लागी हामीले के कुरा प्रस्ताव राखेका छौं भने बुंदाको अन्त्यमा दिइने छ को पछाडि तर कृषकलाई नगद अनुदान दिइने छैन । सुविधा सवै दिनु पर्छ कृषकलाई मैले अघिल्लो पटक पनि यो कुरा उठाको थिएं किनभन्दा यो कृषिलाई हामीले उत्पादनसंग जोडेर यलाई समुन्नत बनाउन सकिन्छ तर नगद अनुदानले कहिं न कहिं दुरुपयोग भयोकी त्यो मान्छेलाई के भन्दा काम गर्ने भन्दानी पैसा आइहाल्छ हेरौंला भन्ने परिस्थिति सिर्जना भएको हुंदा वा वास्तविक कृषक कति तिनले लाभ लिए भन्ने कुरा पनि हुन्छ । हामीले आत्मादेखि नै भनेपनि कहिं कतै यथार्थ सांच्चै होकी सांसद त्यही वसीराछ ठाउंका ठाउं छ अलि किसानहरुले लाभ लिने परिस्थिति पनि भाको हुंदा यसलाई संशोधन गर्न पर्छ भन्ने हाम्रो निर्णय हो । म आफुले त्यसलाई त्यो रुपमा

हेरेको छु । त्यस्तै गरी अर्को बुंदा नं।५६ मा छ यो किसानलाई सहुलियत व्याज दरमा कृषि ऋण उपलव्ध गराइने व्यवस्था मिलाइने छ भन्ने छ  के हो त्यो सहुलियत व्याजदर  हामीले तोकिदिउं त्यो भोलि त्यसैलाई फेरी त्यही व्याख्या आफ्ना आफ्ना किसिमको हुन सक्छ त्यसैले तोकीदिउं  किसानलाई हामीले सहयोगनै गर्ने हो भने दुइ परसेन्ट व्याजमा ऋण किन नदिने हामीले त्यसलाई प्रयोग गरेर हेरौं न सांच्चै किसान त्यो जुनसुकै किसान पनि मैले काम गर्छु म कृषिमै कृषिलाई नै पेशा बनाएर अगाडी बढछु र यो गण्डकी प्रदेशलाई कृषिमा आत्मनिर्भर बनाउंछु भनेर लाग्या छ र हामीले कृषिलाई प्राथमिकता दियाछौं भने दुइ परसेन्ट हामीले ताकौं परसेन्टनै तोकौं त्यसो भएपछि किसानलाई सांच्चैनै सवै किसिमका किसान त्यसबाट लाभान्वित हुन्छन साना किसान, ठुला किसान सवै किसान भाको दुइ परसेन्ट नै गर्नु पर्छ भन्ने छ यसमा अलि यो भाषा अमिल्दो भाको हुंदा यसलाई संशोधन गरौं भनेर यहां दर्ता रहेको छ । त्यस्तै ६३ को अन्तिम परिच्छेदमा रहेको सवै सरकारी कार्यालय परिसरमा वगैंचा पार्क बनाउन व्यवस्था मिलाइने छ भन्ने छ र यसमा हामीले के सोच्यौं भन्दा सरकारी कार्यालय परिसरको साटो सार्वजनिक स्थलहरुमा यस्ता महत्वपूर्ण सार्वजनिक स्थलहरु जहां हामीले सांच्चैनै पार्क बनाएर यो प्रदेशलाई सुन्दर प्रदेश आकर्षक बनाउन सकिने परिस्थिति हुन्छ ती सरकारी कार्यालय मात्रै हैन सार्वजनिक स्थलहरुलाई एक किसिमको पार्क बनाइयो भने सार्वजनिक जग्गाको पनि संरक्षण हुनी र त्यसले दिने सौन्दर्य पनि सांच्चैकै सौन्दर्यपूर्ण हुने भाको हुंदा सवैले लाभ लिने परिस्थिति सिर्जना हुन्छ त्यसैले यसलाई संशोधन प्रस्ताव हालिएको छ दर्ता गरिएको छ । त्यस्तै गरेर ६४ मा के छ भने अहिले पनि गुनासा किसानहरुको त्यहां जे भनिएको छ यो किसानले लगाएको बाली क्षतिपूर्ति सम्वन्धमा त्यहां एउटा शव्द छुट्याछ असिनाबाट अहिले पनि हामीले हेर्यौं असिनाबाट धैरै किसानहरु पिडित भाका छन। त्यो असिनाबाट पिडामा परेका किसानहरुको लागी राहत के हो त त्यसो भएपछी त्यो असिनाबाट संरक्षण गर्ने परिस्थिति कसरी सिर्जना गर्न सकिन्छ भन्ने लाग्यो त्यसैले त्यसमा किसानले लगाएको बालीलाई असिनाबाट संरक्षण गर्ने व्यवस्था गरिने छ भनेर हामीले यलाई थप्न सक्यौं भने कम्तिमा पनि त्यो असिनाबाट पिडित किसानहरु मर्कामा पर्दैनन भन्ने हाम्रो ठहर हो । त्यस्तै ६९ मा यो भूमि प्रयोग सम्वन्धि छ सिंचाइको लाष्टमा सिंचाइको विकास गरिने छ भन्ने छ यो ६९ यसमा चाहिं यो गरिने पछि सिंचाइ वा अन्य प्रदेश बाहिर हुने अन्य कार्यक्रमको लागि नजिकको प्राकृतिक बहाव स्वरुप परिवर्तन गरिने छैन वा कहिं कतै भाषा यो

डाइभर्सन गरिन्न भन्नेत कहिं न कहिं होला तर अमुर्त भाको छ त्यसैले यलाई ठोस शव्दमा हामीले अब डाइभर्सनको बारेमा मैले धैरै चर्चा गर्दिन किनभने धैरै पटक आको छ । तेले पार्ने प्रभाव हामीले विशेष गरेर कालि नदीकै कुरो छ अव यहां प्रष्ट भन्दा गण्डकी वेसिलाई पार्ने प्रभाव त्यहांको इकोसिष्टमलाई पार्ने प्रभावलाई असर गर्छ भनेर हामीले चर्चा गरिसकेका छौं । त्यसैले त्यो अमुर्त भाषा भन्दा पनि प्रदेश बाहिर हुने अन्य कार्यको लागि नजिकको प्राकृतिक बहाव र स्वरुप परिवर्तन गरिने छैन भनेर यसलाई संशोधन गरिनु पर्छ भन्ने हाम्रो मान्यता रहेको छ । हामीले त्यसैको लागी दर्ता गरेका छौं त्यस्तै गरेर ६९ मैं एउटा के छ भन्दा सिंचाई सेवा शुल्क संकलन गर्ने भन्ने भाको छ हामी कृषिलाई त्यो प्राथमिकता दिइ राकाछौं । ति किसान जसले त्यहि सिंचाइको माध्यमबाट गण्डकी प्रदेशलाई अन्नमा पूर्णता दिन खोजिराखेका छन तिनलाई अहिले हामीले शुल्क लगाउने व्यवस्था गर्यौं भने निरुत्साहित हुन्छनकी भन्ने मलाई लाग्छ त्यसैले यसलाई सिंचाइ सेवाशुल्क संकलन गरिनेछ भन्नेलाई हटाउनु पर्छ भन्ने हाम्रो प्रस्ताव हो यसले जनतालाई अनावश्यक करबाट पनि बचाउने काम गर्छ र यथार्थ सांच्चै किसानलाई निरुत्साहित बन्नबाट पनि बचाउंछ भन्ने लाग्छ । त्यस्तै गरेर धारा केरे बुंदा ८२ मा यो आर्थिक सामाजिक भन्ने छ त्यसमा कुमाल दलित भन्ने मात्रै जाति छ त्यसमा कुमाल पछि मुसहर, चेपाङ, बराङ, माझि, दरइ थप्नु पर्छ भनेर हामीले संशोधन प्रस्ताव गरेका छौं यसले यि अरु लोपन्मुख सिमान्तकृत जातिहरु पनि संरक्षण हुने परिस्थिति उनीहरुलाई अगाडि आउने वातावरण बन्छ त्यसैले पनि हामीले यो प्रस्ताव गरेका हौं । त्यस्तै धारा १३५ मा यो एम।वि।वि।एस लगायत उच्च शिक्षाको कुरो आको छ र यसमा यो १३५ मा नयां भन्ने व्यवस्था हटाएर दलित, अल्पसंख्यक यसमा जे व्यवस्था छ त्यो हटाएर दलित अल्पसंख्यक तथा गरिव विद्यार्थिहरुलाई उच्च प्राथमिक शिक्षा अध्ययन गर्न बढि भन्दा बढि विद्यार्थिहरुले छात्रवृत्ति प्राप्त गर्न सकुन भनि पूर्व तयारी कक्षाको लागी प्रतिस्पर्धि क्षमता बृद्धि गर्नको लागि सहयोग गर्न आवश्यक शैक्षिक भत्ता प्रदान गर्ने कार्यक्रम संचालन गरिने छ भनेर थप्नु पर्छ भन्ने हो । यो के हो त भन्दा हामीले कोटा छुट्याएर मात्रै हुंदैन । उनीहरुलाई त्यो तयारी तयारी बनाउन त्यो कम्पिटिशनमा जानको लागि पनि तयारी गराउनु पर्छ । अहिले यतिकैमा तिमेरु कम्पिटिशनमा आउ भनेर मात्रै पनि हुंदैन । आरक्षणले मात्रै पनि काम गर्दैन त्यसैले उनीहरुलाई तयारी हुनको लागि अरुसंग कम्पिटिशन गर्नको लागि यो परिस्थितिमा सिर्जना गर्नको लागि यो शैक्षिक पूर्व तयारी कक्षाको लागि

पनि हामीले वजेट विनियोजन गर्नु पर्छ र सुविधा दिनुपर्छ भन्ने हो । त्यसैले मैले यो हामीले यो थप गरेका छौं। अव मलाई लाग्छ यि जे कुराहरु आकाछन यि कुराहरु हामीले वास्तवमा हामीले धैरै छलफल गरिसकेपछि आएका कुराहरु हुन र मलाई लाग्छ यि कुराहरु प्रति असहमत हुन पर्ने अवस्था आउंदैन भन्ने मलाई लाग्छ । त्यस्तै यो नीति र कार्यक्रममा मैले यो संशोधनका यति कुरा राखें मैले अघिनै पनि निवेदन गरेको छु । यो सांच्चै नै यो हाम्रो नीति र कार्यक्रमलाई सुनमा सुगन्ध बनाउने कार्यक्रम भाको संशोधन कार्यक्रम भाको हुंदा यसमा कुनै पिन माननीयज्यूको असहमति हुंदैन । विश्वासका साथ यो संशोधन प्रस्तावलाई समर्थन गर्दै यो संशोधन प्रस्ताव पास गर्नको लागी म अनुरोध गर्दछु र यहां एउटा साह्रै मनछुने १७७ मा छ भ्रष्टाचार गर्दिन गर्न पनि दिन्न सांच्चनै यसले मेरो मन छुवाको छ। हामीले यसलाई कसरी व्यवहारमा ल्याउने ठोस नीति नै आउनु पर्छ । कागति नीतिले अहिले सम्म यहि भनेका छौं हामीले कागती नीतिले हुंदैन । यसमा ध्यान जाओस भन्दै विदा हुन्छु धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री हरिशरण आचार्यलाई संशोधन सहित छलफलमा भाग लिन समय दिन्छु । समय १५ मिनेट ।

## माननीय हरिशरण आचार्यः

माननीय सभामुखज्यू, गत २४ गते प्रदेश प्रमुखद्धारा प्रस्तुत प्रदेश सरकारको नीति तथा कार्यक्रम ७६/७७ को विषय प्रवेश भएको छ । यो विषय प्रवेश हुंदै गर्दा मैले यसलाई दुइटा पार्टमा राखेर अनुरोध गरेको छु । विगतको वर्षको समिक्षा अनि आगामी वर्षको योजना यि दुइटा पक्ष सायद नीति तथा कार्यक्रमको विषय वस्तु बनेको छ र त्यसको समिक्षा भित्र रहेर अलिअलि सरकारले थोरै थोरै भएपनि आत्मालोचना गरेको अनुभुति हुन्छ । कतिपय कार्यक्रमहरु आगामी योजनामा परिमार्जित सहित राख्ने एउटा प्रतिवद्धता पनि व्यक्त गरेको छ । अनि आगामी दिन ती योजनाहरुलाई कुनै न कुनै रुपमा आत्म समिक्षा गर्ने यो संकेत देखिराखेको छ । जे होस राम्रै होस र मलाई यो विषयमा हेर्दाखेरी विगतका वर्षमा आधार वर्ष जो देश एयरको रुपमा सरकारले व्याख्या गरिराखेको छ अर्कोतिर मतलव विगतको वर्षलाई भने आगामी वर्ष एक्सनको एयरको रुपमा व्याख्या गरिराखेको छ । त्यो आगामी

दिन एक्सन ओरिएन्टेड कति हुन्छ हेर्न बांकी छ । मैले यति पनि बुझेको छु कि पांच वर्ष, दश वर्ष अनि पन्ध्र वर्षका ति गृहकार्यहरु अनि ति योजनाहरुलाई सफल बनाउने कुराहरु यो संग पनि सम्वन्धित छ । यसलाई हामीले कसरी बुझ्ने आगामी पांच वर्ष, पन्ध्र वर्ष अनि अरु बांच्नु पर्ने बाध्यता छ र मलाई यति मात्र थाहा छ कि यो भित्र कृषि मन्त्रालयको चिनिया कम्पनीसंगको सहकार्यमा गाई ल्याउने विषय, मोडेल फार्मको योजना अनुदानलाई पारदर्शि बनाउन नसकेको विषय धैरै विवादित रहे । तोके, धोके, ढोके जे भनेपनि सामाजिक र कृषि मन्त्रालय सवैभन्दा बिवादित मन्त्रालय बन्न पुगे ।पर्यटन मन्त्रालयको होमस्टे प्रवर्धन गर्ने विषयलाई समयमा एक्सनमा लिएर जान नसक्दा यो ट्रेनमा त्यो पुरानो ट्रेनमा अछुतो रहेन । सांच्चै यो हेर्दाखेरी बेलामा कार्यविधि बनाउन नसक्ने विषय जनशक्ति अभावका कारण एक्सन प्लान समयमा गर्न नसक्ने विषय अनि पकेटका पैसा बांडदा झैं रातारात सुटुक्क कसैको गोजी भर्ने रकमान्तर विषय भौतिक पूर्वाधार विकास मन्त्रालयको विवादित विषय रह्यो । मैले अनुभुत गरेको कुरा त्यो वास्तवमा यो मात्रै होइन लमजुङ्ग मलाई अहिले एउटा अनुभुत के हुन्छ भने मुख्यमन्त्रीज्यू अनि अर्थ मन्त्रीज्यू जो यो नीति कार्यक्रमको यो विषय यससंग सम्वन्धित हिसावले सहभागी बन्नु पर्ने थियो हाम्ले बोल्ने कुरा र हाम्ले राख्ने कुराको विषय वस्तुलाई गम्भिरताका साथ लिइनु पर्ने थियो । आज वहांहरु नहुंदाखेरि सायद हाम्रो विषय कस्ले सुन्नु हुन्छ मलाई थाहा छैन । सांच्चै प्रतिपक्षले भन्ने र सत्ता पक्षले सुन्ने अथवा सरकारका प्रतिनिधिहरुले सुन्ने कुरा यो हाम्रो लागि गम्भिर कुरा हो । सदन यो वेवकुफहरुको एउटा जमघट मात्रै होइन । कम्तिमा सरकारले यसलाई सांच्चै ख्याल गर्नुपर्ने हो भने यलाई गम्भिरतासाथ लिनु पर्ने हो । हामी आज यस्तो विचमा सदन चलाई राखेका छौं । म यतापट्टि माननीय सभामुखपट्टि म ध्यान  आकर्षण गराउन चाहन्छु । किनकी जुन आज हामी नीति तथा कार्यक्रम प्रदेशको  प्रमुख प्रदेश सरकारको प्रमुख आज यहां नहुंदाखेरी हामी कम्तिमा गम्भिर बन्न जरुरी छ  र यति राख्दै मैले वहांसंग सम्वन्धित विषय अर्थ मन्त्रीले अहिले हामी देखि राखेका छौं गोर्खा अस्पताल र लमजुङ्गको अस्पताल दूइटा अस्पताल विगतको वर्ष १/१ करोडले छुट्टयाइयो अनि त्यहि योजनालाई अहिले आएर नत  त्यसलाई कार्यान्वयनमा लैजान सकियो न फेरी बहुवर्षीय योजनमा लैजानका निमित्त आज अर्थ मन्त्रीज्यूले त्यसलाई अनुमति दिइ राख्नु भएको छ भने यस्तो खालको अव्यवस्थाको वीचबाट के हामीले सांच्चै हामीले चाहेको यो बन्न सक्छ ? मलाई त्यो लाग्दैन । त्यसो भएको कारणले मैले केहि

संशोधनका विषयवस्तुहरु पनि पेश गरेको छु र त्यो संशोधनका विषयवस्तु यो पुरकका रुपमा हुनेछन र सरकारले ल्याएका कतिपय अपुग चिजहरुलाई यसलाई पुर्याउनका निमित्त र त्यो संशोधनका विषयवस्तुहरु पूर्व वक्ता माननीयज्यूले पनि बोलिसक्नु भाछ र विगतमा अरु धेरै कुराहरु भाछन मलाई जहांसम्म लाग्छ यो विषय अलि गम्भिर पनि छ यलाई विषेश गरि हामी सवै माननीयज्यूहरुले यसलाई गम्भिरतापूर्वक अध्ययन गरेकै छौं र त्यसलाई अझ अध्ययन गर्ने हिसावले सोचौं मेरो आग्रह यहांनेर छ र एक निर्वाचन क्षेत्र एक पर्यटकिय क्षेत्र प्रमुख गन्तव्य बनाउने बिषय सरकारले ध्यान दिओस । म आग्रह गर्न चाहन्छु संघसंगको सहकार्य विषय मात्र गरिएको छ तर प्रदेशको गौरव योजनाभित्र उर्जा क्षेत्रमा एउटा मात्रै योजना एक्नशन प्लानमा बदल्ने एउटा हिम्मत गरौं । म सरकारसंग अनुरोध गर्न चाहन्छु । ती एक्सन पप्लाण्ट खै उर्जा क्षेत्रमा हामीले भन्ने संघ संगको सहकार्यको विषयमात्र हामीले उल्लेख गरेका छौं । एउटा मात्रै एक्शन प्लान्टको रुपमा एउटा १५० मेगावाटको योजना प्रस्तुत गर्न सक्ने हिम्मत देखाओस सरकारले म त्यो आग्रह गर्न चाहन्छु र अर्को कुरा उत्पादनको योजना हामीले देखिराखेका मतलव अनुदानको होइन सहुलियत व्याजदर किसानलाई २ प्रतिशत व्याज दिने व्याजमा ऋण व्यवस्था गर्न सक्नु पर्दछ । उच्च मुल्यका कृषि बालिलाई प्राकृतिक प्रकोप विषेश गरी असिनाबाट बचाउने नीटको व्यवस्था गर्न सक्नु पर्दछ । पकेट एरिया घोषणा गर्ने र त्यसमा सरकारले प्रविधि, पूर्वाधार सहयोग अनि आर्थिक सहजता निर्माण गर्न सक्नु पर्दछ। यदि त्यो भएन भने त्यसको कुनै अर्थ रहंदैन । कृषि योग्य जमिनहरु नदिले कटान गरिरहेको छ । यसको संरक्षणमा सरकारको ध्यान जान सक्नु पर्छ । दरौंदी, मादी विभिन्न खोलाहरुले सवभन्दा धेरै खेतियोग्य जमिनहरु कटान गरेका छन । हाम्रो यो प्रदेश सभाको प्रदेशको एउटा क्षेत्रभित्र त्यसो भएर मलाई त्यो दिशातिर सरकारले एक्सन ओरियन्टेड प्लान्ट ल्याओस मेरो आग्रह त्यहांनेर छ । अर्को कुरा गोरखकाली रवर उद्योग गोर्खाको शान मलाई म अहिले पनि भावनको कुरा मात्रै होइन प्रदेशको यो शानको कुरा हो । संघले प्रदेशले गर्न दिएन भनेर संघले आरोप लगाइराखेको छ । त्यो भने प्रदेश सरकारले त्यसलाई अगाडी बढाउन किन हिम्मत गर्न सक्दैन । म अहिले पनि मन्त्रीज्यूहरु यहां हुनुहुन्छ मैले मुख्यमन्त्रीलाई त सुनाउन पाइन तर मन्त्रीज्यूहरु यहां हुनुहुन्छ मन्त्रीज्यूहरुलाई मेरो आग्रह के छ भने मलाई बरु मेरो त्यो क्षेत्रमा एक रुपैयां वजेट नदिनुस तर त्यो रवर उद्योग चलाई दिनुस मेरो भावनाको कुरा मात्रै हैन प्रदेशको शानको कुरा हो म अहिले पनि अनुरोध गर्न चाहन्छु

। त्यो क्षेत्रमा अरु एक रुपियां नदिनोस तर म सवै जनतालाई कन्भिन्स गर्न तयार छु तर त्यो रवर उद्योग चलाएर देखाउनुस । प्रदेशको यो एउटा शानको कुरा हो म अहिले पनि कुरा राख्न चाहन्छु जोडका साथ राख्न चाहन्छु । प्रदेश सरकारले जिम्मा लिओस अनुरोध गर्न चाहन्छु र अर्को विषय हामी सडकको वर्गीकरणलाई ध्यान दिनु जरुरी छ । हामी सडक बनाउने त कुरा गरि राखेका छौं सडक कुन हिसावले बनाउने ? कसरी बनाउने ? कुन सडक प्राथमिकतामा राख्ने भन्ने कुराको विषय यो अलिकति वर्गिकरणमा नराखीकन योजनामा बदल्दाखेरी यो विषय मिलिराखेको छैन । आगामी दिन यसलाई सच्चयाइयोस मेरो आग्रह यहांनेर छ ।अर्को कुरा जो मुख्यमन्त्री जलवायु मैत्री नमुना कृषि गाउं जुन हामीले भनेका छौं त्यसलाई पूर्वाधार सम्पन्न बनाउनु पर्यो। त्यसलाई सिंचाइ, खानेपानी प्रवर्धन खानेपानी पर्यटन पूर्वाधार, सामुदायिक भवन होमस्टे प्रवर्धन यो एकैचोटी एउटै प्याकेजमा त्यसलाई अगाडी बढाउने हिसावले र त्यसलाई मोडेल बनाउने हिसावले सोच्ने हो भने त्यसलाई छिटो भन्दा छिटो कार्यान्वयनको एउटा व्यवस्था गर्न म आग्रह गर्न चाहन्छु । पोखरा महानगरपालिकाको सेती, रुपाताल निकास, फेवाताल निकास, फेदिखोला लगायतको यि खोलाहरुले कटान गरेको भाग अत्यन्त संवेदनशील बन्दै गको छ। मैले अनुभुत गरेको कुरा ति कतिपय बस्तिहरु जोखिमपूर्ण ढंगले बसिराखेका छन ति घरहरु अव केही वर्ष भित्र यहांको जमिनको भूतरालीय दृष्टिले पनि ति भूगोलहरु एकदम धरापमा परिरहेको यो स्थिति छ यसलाई सचेतता पूर्वक सरकारले ध्यान दिओस मेरो आग्रह यहांनेर छ । अर्को शिक्षामा हामी कस्तो प्रकारको शिक्षानीति ल्याउंदै छौं । शिक्षामा हामी नीजि विद्यालयसंग प्रतिस्पर्धा गर्दै छौं अथवा गुणस्तरिय शिक्षा स्थापित गर्न गुणस्तरिय शिक्षा प्राप्त गर्नका निमित्त हाम्रा बच्चाहरुलाई त्यो भविष्य तर्फ उन्मुख गराउने सामुदायिक विद्यालयलाई गुणस्तरिय शिक्षामा बदलदै छौं । हामी अहिले सरकार के सोच्दै छ भने नीजि विद्यालयको प्रतिस्पर्धा तर्फ गै राखेको मैले अनुभव गरि राखेको छु। हामी सांच्चैकै नीजि विद्यालयको प्रतिस्पर्धामा हामी जाने हो ? हामी त्यही गर्नका लागि हामीले सामाजिक शिक्षा खोलेका हौं ? यदि होइन भने हामीले सामुदायिक शिक्षालाई नयां ढंगले त्यसलाई पुनर्स्थापित गर्ने खालको नयां वातावरण सिर्जना गर्ने एउटा एक्सन प्लानसहित आउनु पर्छ मेरो आग्रह यहांनेर छ र हामी स्वास्थ्यको कुरा मलाई अहिले पनि ध्यान जिल्ला अस्पतालहरु अरु धेरै अस्पतालहरु छन होला तर एउटा मैले त्यो जिल्ला अस्पतालहरु आफ्नो ठाउंमा सरकारले सवै जिल्ला अस्पतालहरुको मात्रै ध्यान दिएको देख्छु । तर एउटा अस्पताल

द युनाइटेड मिसन टु नेपालले शुरुआतमा बनाएको त्यो आंपपिपल हस्पिटल एक जमानाको चर्चित हस्पिटल त्यसलाई जिल्ला अस्पताल भन्दा फरक ढंगले विशेष अस्पतालको रुपमा व्यस्था गर्नका निमित्त म आग्रह गर्न चाहन्छु । त्यसको एउटा त्यसको प्रपर्टि हेर्ने हो भने अरवौंको छ । त्यो सवैको संरक्षण गर्ने कुरा राज्यको पनि त दायित्व होला । त्यो कुनै व्यक्तिगत स्वार्थत कहिं कसैको लुकेको छैन होलानीत यो विषय वस्तु हामी तपाइ सवैले गम्भिरतापूर्वक याद गरौं म सरकारसंग विशेष आग्रह गर्न चाहन्छु । त्यो बेवारिसे अवस्थामा छ । न समुदायको हातमा छ नत त्यो सरकारको हातमा छ। त्यो बेवारिसे अवस्थामा त्यत्रो प्रपर्टि प्रपर्टि राज्यले राख्ने की हामी सांच्चै राज्यले आफ्नो अपनत्व ग्रहण गर्ने यो कुरा ध्यानमा राखौं म आग्रह गर्न चाहन्छु र सुशासन म यसो हेर्छु हामी म भ्रष्टाचार गर्दिन भन्ने शव्द प्यारो छ । म शुन्य शहनशिलतालाई पालन गर्ने छु मेरो कार्यालयमा भ्रष्टाचार हुन दिने छैन भन्ने विषय सवभन्दा अगाडी मुख्यमन्त्रीले लागु गर्नु पर्छ । म भन्छु यो प्रदेशको नैतिक दायित्वको हिसावले प्रदेश प्रमुखले यो कुरालाई लागु गर्न सक्नु पर्छ । अनि मन्त्रालय र विशेष गरि मन्त्रीहरुले यो कुरालाई लागु गर्न सक्नु पर्छ । अनि वल्ल हामी ढुक्कका साथ हाम्रो प्रदेश शुन्य शहनशिलतलाई लागु गरेको छ। हामी घोक्न पाउंछौं । हामी भन्न पाउंछौं गर्वका साथ दिन पाउंछौं त्यो गर्वका साथ दिने विषय सरकारले निर्माण गरोस हामी तपाइहरुको पक्षपाती तपाईहरुको विपरित उभिने होइन हामीले तपाईहरुको अगाडि सम्पूर्ण उभिएर हातमा हात मिलाएर एक पटक सरकारसंग त्यो सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । त्यो सम्भव छ ? यदि यो सम्भव छ भने सरकारले घोषणा गरोस म त्यो घोषणा गरेको चिजलाई न तपाइहरुको चिजलाई त्यो जसले घोषणा गर्छ त्यो विषयलाई म आफ्नो क्षेत्रमा लागु गर्ने म प्रतिवद्धता व्यक्त गर्न चाहन्छु र अर्को विषय मलाई लाग्छ हामी संसद र सांसद यो अन्योन्यास्रित विषय हो । एक आपसमा अन्तर सम्वन्धित पनि विषय हो । सांसदलाई वायोस गरेर पनि यो संसद बन्दैन। अनि सांसदहरुलाई अपमान गरेर पनि यो संसद बन्दैन तर सांसदहरुलाई गोजीमा पैसा दिएर पनि यो संसद चल्दैन । सांसदहरुको सम्मान गर्ने भनेको सांसदहरुले राखेको अपेक्षा सांसदहरुको बुझाइ त्यो वहांहरुले राखेको एउटा संकल्पलाई पुरा गर्नका निमित्त सहज बातावरण बनाउने सरकार हो । यो वातावरण बनाउनको निमित्त सरकारले उचित ध्यान दियोस । मेरो आग्रह के हो भने गोजिमा पैसा दिएर हैन गोजीमा योजना दिएर पठाउनोस त्यो योजना त्यो सांसदले पुरा गर्न सक्छ की सक्दैन तपाइहरुले मुल्यांकन गर्नोस त्यो

मुल्यांकनको विधि बनाउं। मेरो आग्रह यहांनेर छ र अर्को हामीले धेरै कुरा भन्नु छैन मलाइ यति एलटा मात्र भन्ने विषय छ यो संशोधनको विषय वडो गम्भिर विषय छ मैले यलाई धेरै व्याख्या गर्न भन्दा पनि हामी यो जस्तो अहिले हामीलाई लाग्ने के छ भने अव हरेक योजनाहरु जो पकेटका हिसावले वास्केटका हिसावले वा विभिन्न हिसावले मैले अहिलै सरकारसंग अनुरोध गर्न चाहन्छु। पकेटमा वास्केटमा पैसा राख्ने कुरा कृपया नगरी दिनु होला। भोलि प्रतिपक्षले टेबुल ठोक्नु पर्ने परिस्थिति सिर्जना नगर्नोस मेरो आग्रह यहांनेर छ। हामी भनिराखेका छौं। भोलि प्रतिपक्ष निर्मम बन्ने परिस्थिति सिर्जना नगर्नु होला किनभने सकिन्छ हामी अझै ४ दिन ५ दिन बांकी छ विनियोजन गर्न सकिन्छ। सवै वजेट टुक्राटुक्रा बनाएर विनियोजित गरेर ल्याउन सक्ने अझै पनि आधारहरु छन त्यसैले सरकारले यसमा गम्भिरताका साथ सोचोस आगामी दिन त्यो वास्केट फण्ड बनेर नआओस हरेक योजनामा विनियोजित भएर आओस मेरो आग्रह यहिंनेर छ र अन्तिममा कसैले मर्ने बेलामा आफ्नो मर्ने ठाउं बनाउंन पाउन। मेरो आग्रह अहिले पनि छ। मर्ने बेलामा आफ्नो मर्ने ठाउं बनाउने एउटा हिम्मतका साथ हामी आएका छौं। त्यो हिम्मतलाई कसैले मार्ने प्रयत्न नगरोस। हामी मर्ने वेलामा कसैन कसैले हेलिकप्टर चढेर एक घुट्को पानी पिउने आफ्नो जन्मसंथल आउने गर्छन। अनि कसैले म त्यो ठाउंमा मर्न पाउं भनेर संकल्प गर्ने गरेका छन। हामीले हामीलाई पनित त्यो आवश्यकता होला तर त्यही ठाउंमा मर्न पाउं त्यहि ठाउंमा गर्वका साथ बांच्न पाउं त्यो पाउने परिस्थिति सरकारले निर्वाह गर्न सक्छ ? त्यो परिस्थिति सरकारले निर्वाह गर्न सक्छ ? यदि सक्छ भने यदि सक्छ भने सरकारलाई हामी हातका हात पुर्याएर समर्थन गर्न तयार छौं होइन भने किन समर्थन गर्ने ? हाकाहाकी हामी भन्न तयार छौं किन समर्थन गर्ने ?

**(सभामुखः माननीय सदस्य समय सिद्धियो)**

समर्थन गर्ने आधार सरकारले तयार गरोस हामी समर्थन गर्न तयार छौं। होइन भने सरकारले त्यसको जिम्मा सरकारले लिन सक्नु पर्छ धन्यवाद नमस्कार।

## माननीय सभामुख

माननीय श्री मायानाथ अधिकारीलाई

(सभामुख के होला माननीयज्यू)

## माननीय कुमार खड्का

प्रदेश सभा नियमावलीको नियम ६ को उपनियम ६ उल्लंघन भैरहेको छ यहां। त्यो उपनियम ६ ले के भन्छ भन्दाखेरि कुनै खास विषयमा छलफल हुंदा त सम्वन्धित

मन्त्री उपस्थित हुनुपर्छ भन्छ । अहिले हामीले नीति तथा कार्यक्रम अत्यन्त खास विषयमा छलफल गरिरहेका छौं । सम्वन्धित मन्त्री अनुपस्थित हुनुहुन्छ तसर्थ सम्वन्धित मन्त्रीको उपस्थित विना यो सदन अगाडी बढन सक्दैन माननीयज्यू धन्यवाद ।

## माननीय राजीव पहारी

सदन संचालन भइरकोछ सदन चलिरको छ र माननीय मन्त्रीहरु यहिं हुनुहुन्छ। सदन चलिरहेको वेलामा विचमा आएर सम्वन्धित मन्त्रीहरु हुनुहुन्न भन्ने नाउंमा यो नियमापत्ति गर्ने कुरा कुनचाहिं नियम धाराले यो दिन्छ माननीय सभामुख महोदय । तसर्थ यो सदन सुचारु रुपले संचालन भैरको छ यो सदन संचालन गर्नको लागि म माननीय सभामुख महोदयलाई अनुरोध गर्दछु ।

सभामुख महोदय छलफल निरन्तर रुपमा भैरहेको छ यो नीति तथा कार्यक्रम प्रदेश सरकारको नीति तथा कार्यक्रम हो । यस कारणले प्रदेशका मन्त्रीहरु प्रदेश मन्त्री मौजुदा हुंदाहुंदै यो कसरी नियमापत्ति आकर्षित हुन्छ सभामुख महोदय । यो मुख्यमन्त्रीको कार्यक्रम हैनकी प्रदेश सरकारको नीति तथा कार्यक्रम भएको कारणले यो छलफल निरन्तर चलाइयोस धन्यवाद ।

## माननीय राजीव पहारी

यो प्रदेश गण्डकी प्रदेशको सभाको नियमावली हो यो नियमावलीको परिच्छेद ३ को बैठकको संचालन र स्थगनको ६ नं.को छ मै मन्त्रीको उपस्थिति अनिवार्य रुपमै हुनुपर्ने छ र कुनै खास विषयमा छलफल हुंदाको अवस्थामा सम्वन्धित मन्त्री समेत उपस्थित हुनु पर्नेछ भन्ने छ । आज हामी जुन छलफल गरिरका छौं । यो प्रदेश सरकारको नीति तथा कार्यक्रमको विषयमा हामीले छलफल गरिरका छौं र यहां मन्त्रीहरुनै हुनुहुन्छ सरकारका मन्त्रीहरुले यहां चार चार जना मन्त्रीहरु नै उपस्थित भैरहेको बेलामा अव यो के कुरालाई इंगित गर्न खोजिएको हो त्यसो भएर यो नियमावलीलाई अपव्याख्या गर्न खोजिएको हो कि जस्तो मलाई लागेको छ र सभामुखज्यूले यो वैठकलाई निरन्तरता दिनको निम्ति म अनुरोध गर्न चाहन्छु फेरी पुन।

## माननीय मणिभद्र शर्मा

खास विषयमा सम्बन्धित मन्त्री भनेको छ यो नीति तथा कार्यक्रम मुख्यमन्त्री अथवा अर्थ मन्त्री विना यो खास अर्थ पुरा हुंदैन । त्यसो हुनाले यहां मुख्यमन्त्री र अर्थ मन्त्रीको अनिवार्य उपस्थिति माग गर्दछ यो धाराले त्यो अनुरुप यो धारा आकर्षित हुन्छ। धन्यवाद ।

## माननीय मायानाथ अधिकारी

संसदको कार्यक्रम अगाडी बढदाखेरी अव सरकारका मन्त्री उपस्थित हुनुपर्ने अनिवार्य छ त सरकारको मन्त्रीहरु सवै उपस्थित हुनुहुन्छ । अनि यो प्रदेश सरकारको यो नीति कार्यक्रम प्रदेश सरकारको नीति कार्यक्रम भएको हुनाले प्रदेश सरकारका जिम्मेवार मन्त्रीहरु जो तोकिएका मन्त्रीहरु समेत यहां हुनुहुन्छ। कार्य व्यवस्थामा प्रतिनिधित्व गर्ने मन्त्री समेत यहां उपस्थित हुनुहुन्छ। त्यसकारणले यो मुख्यमन्त्री वा अरु मन्त्री नआएको खण्डमा यो रोक्नु पर्ने भन्ने कुनै नियमावलीमा हामीले देख्दैनौं । यो रोक्नु पर्ने कुनै कारण छैन । यसमा सदन सुचारु चल्नु पर्छ भन्ने मलाई लाग्छ ।

**माननीय सभामुख**

माननीय सदस्यहरु जे कुरा माननीय सदस्यहरुले उठाउनु भएको छ अव नियमावलीमा कुनै खास विषयमा छलफल हुंदा भनेर सायद आज हामी प्रदेश सरकारको यो नीति तथा कार्यक्रममा छलफल चलाइरहेका छौं। अव यो कार्यक्रममा अव मन्त्री आन्तरिक मामिला तथा कानून मन्त्री सहित अव चार जना मन्त्रीहरु उपस्थित हुनुहुन्छ । अव हाम्रो सामान्य मोटामोटि छलफल हिजो के औपचारिक हिसावले अख्तियार प्रत्यायोजन पनि गरेको गर्यो भनेदेखि त्यो पनि दिनु पर्छ भन्ने त्यो पनि हामीले बनाएका थियौं । त्यसकारण अहिले माननीयहरुले उठाएको अव मन्त्रीहरु उपस्थित भएको हुनाले सायद त्यो अख्तियार दिनु भएको छ नै भन्ने हिसावले हामीले सदन चलाएको स्थिति हो । अव त्यस्तो अख्तियार माननीय सदस्यहरु त्यही हिसावले हामीले छलफल चलाएका छौं। अहिले मुख्यमन्त्री पनि आइपुग्नु भयो।

**माननीय सभामुख**

माननीय श्री मायानाथ अधिकारीलाई छलफलमा भाग लिन समय दिन्छु। समय १० मिनेट।

**माननीय मायानाथ अधिकारीः**

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सभामा माननीय प्रेदश प्रमुख श्री बाबुराम कुंवरद्धारा प्रस्तुत आर्थिक वर्ष ७६।७७ को नीति तथा कार्यक्रमको छलफलमा हामी छौं । सहभागी भैरहेका छौं । सामन्ति, निरंकुश, केन्द्रिकृत र एकात्मक शासन व्यवस्था प्रणालीको अन्त्य गरि संघिय लोकतान्त्रिक गणतन्त्रातमक शासन व्यवस्था स्थापना गर्न जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। सहिद, वेपत्ता तथा घाइते परिवार प्रति उच्च सम्मान प्रकट गर्दै शिघ्र स्वास्थ लाभको कामना गर्दछु। नेपालको युगान्तकारी अग्रगामी परिवर्तनलाई भएका आन्दोलनलाई अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च मुल्यांकन सम्मान गर्दछु। हाम्रा सहकर्मी बाग्लुङ जिल्लाबाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्नुहुने माननीय सदस्य टेक बहादुर घर्तीको असामयिक निधन प्रति यस सदनमा फेरी पनि म हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै सम्बन्धित परिवार प्रति शोकसन्तप्त परिवार जनप्रति समवेदना प्रकट गर्दछु। प्रदेश

सरकार प्रदेश सभा संघियताको मुटू हो । संघियता कार्यान्वयनमा प्रदेश सभाको कार्यान्वयन र सुदृढिकरणले मात्रै कार्यान्वयनको यथेष्ट उदाहरण दिन सक्दछ। संविधानमा संविधान कार्यान्वयनको क्रममा केन्द्र फुकेको तलतिर सुक्दै जाने होइन केन्द्रिकृत, सामन्ति, निरंकुश व्यवस्थाको ठाउंमा जनताद्धारा जनताको जनताकै लागि अब्राहम लिङ्कनले भने जस्तै तल्लो तहलाई बलियो सुदृढ र एकताबद्ध बनाउन खोजिएको हो। मुख ताक्ने पर्खेर बस्ने प्रबृत्तिको अन्त्य गर्न खोजिएको हो। फाष्टट्र्याकबाट छिटोछरितो कामको सम्पादन गर्न खोजिएको हो। पहुंचको आधारमा टाठाबाठाको लागि मात्र चलेको शासनले शासनको सट्टा दुरदराजमा गरिव झुपडीमा पनि सरकारको अनुभुति गराउन खोजिएको हो । यसैले नजिकको सरकारको रुपमा स्थानिय तह पछि प्रदेश सरकार स्थापित भएको हो । सभामुख महोदय गण्डकी प्रदेश सरकारले गत वर्ष प्रस्तुत गरेको नीति कार्यक्रममा आफ्नो अगाडि बढने गन्तव्य तय गरेको थियो । अहिलेको नीति कार्यक्रम अप्ठयाराहरुका बाबजुद एक वर्षमा प्राप्त भएका उपलव्धिहरुलाई सविस्तार समिक्षा र चर्चा गरि सकिएको छ । जिरो ग्राउण्डबाट शुरु भएको सरकारले कार्यालय कर्मचारी नीति नियम सबै व्यवस्था गर्न केहि समय लाग्नु स्वभाविकै थियो। गत साउनबाट योजना कार्यान्वयन गर्ने सरकारको तत्परतालाई अनेकौं विध्नबाधालाई सामना गर्दै समस्याको समाधान गर्दै आफ्ना कामलाई जसरी व्यवस्थापन गरेर वजेट कार्यान्वयनमा अघि बढेर उपलव्धि प्राप्त गरेको छ त्यो प्रशंसनिय छ। अघिल्ला सरकारले सरकार संचालनको लागि आवश्यक पर्ने पूर्वाधार तयार गरेर जिम्मेवारी हस्तान्तरण गरेको भए समस्या हुने थिएन। कतिपयको बुझाइ पात्र मात्र परिवर्तन भएको बुझाइ छ। त्यो त होइन। अहिलेको पद्धति संरचना परिवर्तन भएको हो। यो शुन्यताबाट सरकार यो ठाउंमा आइपुग्नु सरकारको महत्वपूर्ण उपलव्धि हो। विगतमा एउटा सरकार बन्ने एउटा नीति तथा कार्यक्रम ल्याउने आर्को सरकार फेरीएपछि जतिनै राम्रो काम भएपनि खारेज गर्ने र नयां नीति र कार्यक्रम ल्याउने परम्पराले अस्थिरता भयो। दिगो विकास हुन सकेन। जनताले विकासलाई बुझ्नै पाएनन। जुन जोगी आएपनि कानै चिरेका भन्ने उखान चरितार्थ भएको अनुभव गरे। विकास बालुवामा पानी हाले जस्तो भयो । जसले जे गरेपनि छुट भयो । समाजमा दण्डहिनता मौलायो। काम गरे पनि हुने नगरे पनि हुने । अनुगमन समन्वय र त्यसलाई दण्ड जरिवानाका कुराहरु प्रभावकारी हुन सकेन । राइट प्रशन राइट प्लेस राइट टाइम भन्ने कुरालाई त्यति महत्व दिएन । यसकारणले प्रदेश सरकारले सवै कुरालाई हेक्का राखेर जुन नीति कार्यक्रम बनाएको

छ त्यो नीति कार्यक्रमले यि सवै कुरालाई सकारात्मक दिशातिर अगाडी बढाएको हामी देख्दछौं । विगमा थुप्रिएका समस्याका चाङहरु, समाजमा रहेका अव्यवस्था र नकारात्मकवादि सोचलाई हेक्का राख्दै एकछिनको लोकप्रियताको लागि होइन दिगो विकास, समानुपातिक विकास र सन्तुलित विकासमा ध्यान दिंदै गत वर्षको नीति कार्यक्रममा आएका राम्रा कुराहरुलाई निरन्तरता दिएको छ कमजोरीहरुलाई सच्चयाउंदै सुधार्ने प्रतिवद्धता पनि जनाएको छ । यो अत्यन्त सकारात्मक कदम हो । माननीय सभामुखज्यू नीति कार्यक्रमको बारेमा धैरै माननीय सदस्यज्यूहरुले भनि सक्नु भएको छ । यो किताव यो ठेलिमा जे कुरा उल्लेख भएका छन धैरै सकारात्मक कुराहरु छन । यसको शिर्षकै पिच्छे यो पनि राम्रो उ पनि राम्रो भनिरहनु पनि समय खर्चिनु मात्रै हो । हाम्रो पार्टिको तर्फबाट मेरो व्यक्तिगत तर्फबाट मेरो पार्टी नेपाल कम्युनिष्ट पार्टी नेकपाको तर्फबाट सरकारले ल्याएको नीति कार्यक्रम प्रति म हार्दिक समर्थन व्यक्त गर्न चाहन्छु । हामीले हामी सवैले खोजेको परिवर्तन जनताको तहमा परिवर्तन पुग्नु पर्यो भन्ने हो । जनताले परिवर्तनको अनुभुति गर्न पाउनु पर्यो भन्ने हो । गरिवी, पछौटेपन, बेरोजगारीको अन्त्य गर्नको निम्ति सरकारको कार्यक्रम केन्द्रित हुनुपर्यो भन्ने हो । त्यसको निम्ति सरकार सजग भएको हामी देख्दछौं । हाम्रा हरेक कामले उत्पादन र रोजगारी बढाउनु पर्यो । सरकारले त्यसमा प्रतिवद्धता जनाएको छ । म सुझाव दिन चाहन्छु । उत्पादन र रोजगारी दिलाउने ढंगले मात्र हाम्ले काम गर्नु पर्दछ। क्लिन सिटि र ग्रिन सिटि एउटा मैले थप सुझाव दिन चाहन्छु । क्लिन सिटि र ग्रिन सिटि हाम्रो बजारहरु, शहरहरु गन्ध, दुर्गन्ध, धुंवा अव्यवस्थाले गन्जागोल छ शहरहरु त्यहां क्लिन सिटि र ग्रिन सिटिको तरिका अपनाउनु पर्छ भन्ने कुरा म राख्न चाहन्छु । अहिले सामुदायिक विद्यालयको हालत अत्यन्त कमजोर छ। हामी जतिसुकै विकासको कुरा गरौं वा शिक्षाको धैरै कुरा गरौं सामुदायिक विद्यालयको सुधार नगरिकन अरु हामी अगाडि बढन सक्दैनौं ।नीजि क्षेत्रको विद्यालयको आलोचना गरेर होइन । सामुदायिक विद्यालयको सुधार गरेर हामी अगाडी जान सक्छौं । नीजि विद्यालय गलत छ भनेर होइन सामुदायिक विद्यालय ठिक छ भनेर जनतामा अनुभुत हुनेगरी त्यो खालको नीति, त्यो खालको परिस्थिति सिर्जना गरेर अगाडि बढनु पर्छ भन्ने लाग्छ । मैले अगिनै सिद्धान्त र प्राथमिकतामा बोलको थिएं। गाउंमा जग्गा बांझो छ । बांझो जग्गा भएको कारणले गाउं उजाड छ। गाउंलाई हराभरा कसरी बनाउने ? त्यसकारण गाउलाई हराभरा बनाउनको निम्ति युवाहरुलाई पलायन हुनको निम्ति बेरोजगार अन्त्य गर्नको निम्ति स्वरोजगार

निर्माणको निम्ति बांझो जग्गा उपयोगको नीति सरकारले बनाएको छ । त्यसलाई अझै प्रभावकारी बनाएर युवाहरुलाई गाउंमै रहने गाउंमा त्यो जग्गालाई प्रयोग गर्ने व्यवसायिक हिसावले व्यवसायिक हिसावले सामुहिक हिसावले वा व्यक्तिगत हिसावले पनि व्यवसायिक कुरालाई प्राथमिकता दिएर उनको उत्पादनलाई बजारसम्म ल्याउने, उत्पादनलाई किनिदिने बजार व्यवस्था गरिदिने काम सरकारले गर्नु पर्दछ। त्यस्तै नेपालको पानी जनताको लगानी भन्ने संघको सरकारले बोलेको छ । नेपालको पानी जनताको लगानी भनेको ठाउंमा हाम्रो प्रदेश सरकारले पनि मैले त्यहा गएर हेरेको त छैन तर उत्तरगंगा जलाशय परियोजना हाम्रो प्रदेशको लागि गोरवको योजना हुन सक्छ। त्यसकारण त्यो उत्तरगंगा जलाशययुक्त परियोयजना यदि सम्भव छ भने हामीले त्यसलाई प्रदेशको गौरवको योजना बनाएर नेपालको पानी जनताको लगानी भनेर त्यसलाई हाम्ले कार्यान्वयन गर्न सक्छौंकी वा अर्को कुनै आयोजन कार्यान्वयन गर्न सक्छौं। मलाई लाग्दछ स्थानिय तह ५० वटै स्थानिय तहलाई सहयोग लिएर प्रदेश सरकार सामेल भएर सवै जनताको लागी खुला शेयरलाई आव्हान गरेर नेपालको पानी जनताको लगानी भन्ने खालको एउटा प्रोजेक्ट अगाडि बढाउने कुरामा ध्यान दिनु पर्छ भन्ने लाग्छ। लाइफ लाइनको रुपमा रहेको सडक कोरला पोखरा, पोखरा- भिमाद- दुम्कीबास- त्रिवेणी सडकको सर्भे डिजाइनका कुराहरु अगाडी बढिरहेका छन्। चीन सरकारको सहयोगमा त्यसको लागि म प्रदेश सरकारलाई धन्यवाद दिन चाहन्छु। यो सडक हाम्रो मेरुदण्ड हो। यो सडक बनेमा मात्रै हामी उत्तर मुस्ताङ्ग कोरलादेखि दक्षिण त्रिवेणी नवलपुर जोडिन्छ। बल्लमात्रै हामी एउटै प्रदेशमा भएको अनुभुत हुन्छ त्यसकारणले अझैपनि दुम्कीबासबाट त्रिवेणी खोल्ने कुरामा संघ सरकारले अथवा भनौं चितवन राष्ट्रिय निकुञ्जले अवरोध खडा गरिरहेको छ । आगामी त्यो अवरोध अन्त्य गरेर त्यहां बाटो खोल्ने कुरामा र त्यहांका जनतालाई सुविधा दिने कुरामा हाम्ले ध्यान दिनुपर्छ भन्ने मलाई लाग्छ। यि लगायत अरु सडकहरु डुम्रे, बेशीसहर, चामे, मनाङ लगायत बुढि गण्डकी करिडोर अथवा कालिगण्डकी करिडोर, मर्स्याङ्गदी करिडोर यि सवै कुरामा सरकारले उल्लेख गरेको छ यो प्रशंसनिय छ। यसलाई अलि बढि ध्यान दिनुपर्छ भन्ने मलाई लाग्छ ।त्यस्तै आर्को पर्यटनको कुरा गरिएको छ। पर्यटनको कुरा त गरिएको छ यसलाई अलि कार्यान्वयनको दिशामा पर्यटन वर्ष १९ छिमेकी पर्यटन वर्ष २० र पर्यटन बर्ष २२ भनिएको छ । तर यसलाई नाम भन्दा पनि कार्यान्वयनमा योजनाका साथ अलि योजनाका साथ व्यवस्थित योजनाका साथ कार्यान्वयन हुने हिसावले यसलाई अगाडी

बढाउनु पर्छ भन्ने मलाई लाग्छ। सक्षम, सुदृढ, सेवामुखि र भ्रष्टाचारमुक्त प्रशासनको कुरामा सरकारले प्रतिवद्धता जनाएको छ । यो हामी सवैको चाहना हामी सवैको आवश्यकताको कुरा हो तर यसलाई अझै अनुगमन निगरानि र त्यसको खास योजना ठोस योजना बनाएर अगाडि जानुपर्छ। अहिले भ्रष्टाचारमुक्त होइन भ्रष्टाचार युक्त जहांपनि भ्रष्टाचारको गन्ध आयो भन्ने चर्चा छ तर अहिले आएर सरकारले कतिपय साथीहरुले भन्नु हुन्छ यो सरकार आएर भ्रष्टाचार बढ्योकी भनेर। भ्रष्टाचार अहिलेको सरकारले बढाएको हो ? वेथिति अहिलेको सरकार आएर बढाएको हो ? बेथितिको चाङ लगाएर त्यो चाङ चाङको वीचमा सरकार बनेको हो। वेथितिको चाङ हटेर सरकार बन्न पाएको भए बेग्लै एक्सप्रेस डेलमा सरकार अगाडी बढ्थ्यो। हिजोका वेथितिका चाङहरु हिजोका अव्यवस्थित अवस्थाहरु सव थुप्रिरहेको अवस्थामा सरकार आयो। ऐन कानून बनाउने देखि लिएर सवै कुरा निर्माण गरेर आफु अगाडि बढन पर्ने आफ्नो खुट्टा आफै टेकेर अगाडि बढनु पर्ने, आफ्नो घर आफै बनाउनु पर्ने, आफ्नो कानून आफै बनाउनु पर्ने त्यो अवस्थामा सरकार बनाउनु पर्ने अवस्था थियो। त्यसकारण त्यो वेथितिहरु र वेथितिका चाङहरुलाई हटाउंदै भ्रष्टाचारमुक्त समाज, सुशासनयुक्त समाज बनाउनको निम्ति सरकारले असाध्यै राम्रो सुदृढ योजनाहरु अगाडि बढने छ भन्ने छ सरकारले भनेको छ भ्रष्टाचार गर्दिन र भ्रष्टाचार गर्न पनि दिन्न। अत्यन्त प्रशंसनिय कुरा छ। यसलाई हाम्ले अझ व्यवस्थित रुपले कार्यान्वयन गर्नुपर्छ म सरकारलाई यो प्रतिवद्धताको निम्ति धन्यवाद दिन चाहन्छु। सभामुख महोदय, हामीले यि सवै कुरामा हामीले के देखिरहेका छौं भने योजनाहरु बन्छन राम्रो योजनाहरु बन्छन। नीति राम्रो बन्छ तर कार्यान्वनयनमा कमजोरी देखिन्छ। कार्यान्वयन हुने कुरा हुन्छ तर अनुगमनमा कमजोरी देखिन्छ। म तपाइहरुलाई धेरै कुरा भन्न चाहन्न मेरै गाउंठाउंतिर भन्दा खेरी एउटा पुल संघ सरकारले बनाइरहेको छ। आठ वर्ष भयो सम्पन्न नभएको। बाटो त्यस्तै छ धेरै ठाउंमा त्यस्तो छ। नाम लिइन्छ काम हुंदैन । बालुवामा पानी हाले जस्तो किन विकास भएनत यस भन्दा पहिला अहिले कम्युनिष्ट पार्टीको दुइ तिहाइको सरकार छ दम्भ देखायो ।
अधिनायकवाद लागु भयो भनेर हामी सुन्छौं । यो भन्दा पहिला सरकार कहां गयो ? यो भन्दा पहिलाको सरकारले बाटो पिच किन गरेन ? स्थानिय तहमा बाटो पिच गर्ने कुरा पुर्याएन ? गाउं गाउंमा बाटो पिच हुने कुरा किन भएन ? म प्रदेश नं।१ लमजुङको मान्छे हुं। एक किलोमिटर पिच भएको थिएन। वल्ल अहिले मध्य पहाडिको ९ किलोमिटर र केही आर्को एक दुइ किलो मिटर दुइतिन किलोमिटर पिच भाछ। हिजो

पहिला किन भएन? कसैलाई आलोचना गर्ने होइन हाम्रा कमजोरी छन्। हाम्रा नीतिमा खोट छन्। हाम्रा व्यवहारमा खोट छन्। हाम्रा कार्यान्वयनमा खोट छन्। ढिलासुस्ति छ। समयको व्यवस्थापन छैन। एउटा टेण्डर हुनलाई बर्षदिन लाग्छ । सार्वजनिक खरिद ऐन संशोधन हुदैन । वर्ष दिन लाग्छ र कामै हुंदैन। रिजल्ट हुदैन । असारे विकास, वर्षे विकास हुने परम्परालाई हाम्ले तोडनु पर्छ त्यहां यो प्रदेश सरकारले वर्षे विकासलाई तोडेर एउटा असारमा गर्ने विकासलाई तोडेर हिउंदमै कामहरु अगाडि बढाउने अधिकतम काम हिउंदमै सम्पन्न गर्ने । वर्षा लाग्दा विट मार्ने खालको स्थिति बनाउनको निम्ति समयमा समयमै शुरु गर्ने समयमै सक्ने हिसाव गर्ने कुराहरुमा योजनाबद्ध किसिमले अगाडि बढने कुरा सरकारले जो प्रतिवद्धता जनाएको छ त्यसलाई व्यवहारमा कार्यान्वयन गर्ने कुरामा म जोड दिन चाहन्छु र अहिले जनताले खोजिरहेको कुरा के छ भने धैरै कुरा धैरै भाषण खोजेको छैन। अघि साथीहरुले भन्नुभो नारा नयां कार्यक्रम पुरानो केहि फरक पर्याछैन । कार्यक्रम के

**(सभामुखः समय छोटो छ समय सिद्धियो)**

नयां कुरा ल्याउने । बाटो सेन्टरसम्म पुर्याउने हिजोको कुरा छ के नयां ल्याउने? नयां कुरा ल्याउन भन्दा पुराना कुरा जो प्रतिवद्ध छन् ती प्रतिवद्धता पुरा गर्यो भने परिणाम मुखी हुन्छ । यो परिणाममुखी काम गर्नको निम्ति सरकारलाई सुझाव पनि राख्दै म सरकारको ल्याएको नीति कार्यक्रमलाई हार्दिक समर्थन गर्छु । धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री कुमार खडकालाई छलफलमा भाग लिन समय दिन्छु । समय १० मिनेट ।

## मानानीय कुमार खडकाः

मानानीय सभामुख ज्यू, प्रदेश सरकारले विगतको समिक्षाको २८ बुंदा र आगामी योजना लक्ष्य र मार्ग समावेश गरेर १७५ बुंदा सहितको २०३ बुंदे २०७६।७७ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ। राजनीतिक आस्थाको चस्मा फालेर विश्लेषण गर्दा यो दस्तावेजमा प्रदेशको समृद्धि र विकासको चाहना पनि पाउंछौं हामीले तिव्र इच्छाशक्ति पनि देखिन्छ। कतै स्पष्ट लक्ष्य बोकेका मोटा र सकारात्मक सोचहरु पनि छन। उद्देश्य र कार्यक्रमहरु पनि छन। त्यसको समानान्तर रुपमा नविनताको अभाव पनि देख्छौं। संघको कलाविहिन नक्कल पनि देखिन्छ। विचलन देख्छौं। दिग्भ्रम देख्छौं। माग र गन्तव्य विचमा तारताम्मेको सर्वथा अभाव पनि पाउंछौं। मानानीय सभामुख जयू, हाम्रो यो गण्डकी प्रदेश कवि शिरोमणि लेखनाथ पौडेल, आदिकवि भानुभक्त आचार्य, राष्ट्रकवि माधव घिमिरे, जनकवि केशरी धर्मराज थापाको जन्मभूमि हो। कवि र कविताको उर्वर प्रदेश हो यो। तसर्थ प्रदेश सरकारको कविता प्रतिको मोहलाई स्वभाविकनै मान्न सकिन्छ। तर कविताको वेसन यो एडिसनबाट सम्मोहित भएर नीति तथा कार्यक्रमलाई काव्य ग्रन्थनै बनाउने प्रयत्न कति उपयुक्त थियो भन्ने मात्र। प्रदेशले सरकारमा राजनेता खोजेको छ कवि होइन। नारा र महत्वकांक्षी कुरा लेख्ने तर कार्यान्वयन पक्ष अत्यन्त कमजोर हुने प्रवृतिले विगतका दुइ वर्ष उपलव्धि न्युन रह्यो। निरर्थक रह्यो खेर गयो। कि यो दस्तावेजमा उल्लेखित नीति तथा कार्यक्रमले यो प्रदेशलाई विकास र सामाजिक पदमा अग्रसर बनाएर लिएर जाला ? सातवटै प्रदेशमा गण्डकी प्रदेशलाई अव्वल प्रदेश बनाउने सत्ता पक्ष र प्रतिपक्षको संयुक्त संकल्पलाई के यसले पुरा गर्ला ? समृद्ध नेपाल र सुखी नेपाली बनाउने महान अभियानमा के यसले सहयोग गर्ला यस बारेमा यसका आधारहरु आवेगको तथ्यपरक र निर्मम बहस हुन आवश्यक छ। म सत्ता पक्षका प्रमुख सचेतकको भनाइदेखि पूर्णत सहमत छु यो भनाइमा नीति तथा कार्यक्रमको वजेटको सिद्धान्त र प्राथमिकता योजना कार्यक्रमको छनौट सैद्धान्तिक विषय हो महत्वपूर्ण हो। सवभन्दा महत्वपूर्ण के हो भन्दा यसको कार्यन्वयन हो। १०२ करोडको वजेटको अधिकांश वजेट हामीले खर्च गर्न सकेनौं। २४ अर्वको वजेट आधा पनि सकिएको छैन आगामी आर्थिक वर्षको सम्भावित ३४ अर्वको वजेटको खर्च गर्ने आधार के हो यो दस्तावेजले वोलेको छ ? कार्यक्रम नै योजनानै सम्पन्न हुन सकेन भने त्यो नीति तथा कार्यक्रम राम्रो वा नराम्रो भए पनि ठिक वा वेठिक भयो भने पनि

त्यसको औचित्य के अर्थ के ? विगत दुई वर्ष भन्दा यो वर्ष फरक हुन्छ । वजेट खर्च गरेर यसले सकारात्मक उपलव्धि प्राप्त हुन्छ भनेर यो नीतिले नीति तथा कार्यक्रमले कहां बोलेको छ ? कहां लेखिएको छ ? सदनलाई संसदलाई सांसदलाई आश्वाश्त हुने आधार के के छन ? अव पनि कर्मचारि छैनन,पूर्वाधार भएन, नीति र कानून अपुग भयो, केन्द्रको सहयोग पाइएन, संघ र प्रधानमन्त्रीको संघियता प्रति अनुदार छन भन्ने रोइलोको बैशाखी टेकैर १०.२ प्रतिशतको आर्थिक बृद्धिदर सगरमाथा चढन सकिन्न यो आजै बुझ्न जरुरी छ । अहिल्यै बुझ्न जरुरी छ । नीति तथा कार्यक्रममा लोकप्रिय कार्यक्रम ल्याउने कार्यान्वयन नगर्ने अर्को वर्ष त्यसलाई चट्क्क विर्सेर नयां कार्यक्रम घोषणा गर्ने प्रवृत्ति खतरानाक छ आत्मघाती छ सभामुख महोदय । १ देखि २८ बुंदामा यो गरें, त्यो गरियो भनेर स्व-प्रशंस स्तुतिगान गान गर्न सक्ने यो नीति तथा कार्यक्रमको दस्तावेजले चालु आर्थिक वर्षमा ५०००० लाई रोजगारी दिने भनेर गरेको प्रतिवद्धता अनुसार कतिले रोजगारी पाए यसले वोल्न पर्दैन ? एक लाखलाई स्वरोजगार बनाउछु भनेका कुरामा कति स्वरोजगार भए ? यो कुनै बुंदामा आउन पर्दैन ? स्थानीय तहमा अस्पताल निर्माण गर्ने प्रतिवद्धता अनुसार कुनकुन स्थानिय तहमा कति कतिवटा अस्पताल बन्यो यहां बोल्न पर्दैन ? २५ शैयाका ५० शैयाका १००० शैयाका अस्पताल बनाउने भनेर प्रतिवद्धता आएको थियो त्यो २५ शैयाको अस्पताल कहां कहां बनेको छ ५० शैयाको अस्पताल कहां बनेको छ १००० शैयाको अस्पताल कहां बनेको छ त्यो सांसदलाई जनतालाई बताउन पर्दैन यो दस्तावेजले सिद्धान्त र प्राथमिकता बिनियोजन विधेयक वजेटको सिद्धान्त र प्राथमिकताका बारेमा माननीय अर्थ मन्त्रीले बोल्नु हुंदाखेरि सांसदका प्रश्नको उत्तर दिनु हुंदाखेरि पर्यटन पर्यटन हो, कृषि कृषि हो कृषि पर्यटनको सहायक हुन सक्छ तर पर्यटन आफैमा कृषि पर्यटन हुन सक्तैन। खेल पर्यटन हुन सक्दैन। जल पर्यटन हुन सक्दैन भनेर लामो वक्तव्य दिएर जानु भयो। तर यो दस्तावेजमा मुख्यमन्त्रीले फेरी जानेका जति शव्द पर्यटनका अघि ल्याएर आएर यो दस्तावेजमा कहिं पर्यटन, कहिं माइस पर्यटन, कहिं जल पर्यटन, कहिं कृषि पर्यटन, कहिं धार्मिक पर्यटन, कहि ग्रामिण पर्यटन, कहिं शहरी पर्यटन भनेर यि थुप्रै कुराहरु आएका छन । एउटै क्याविनेटका दुइटा वरिष्टतम मन्त्रीले सदनको रोष्टममा उभिएर एउटै विषयमा फरक फरक कुरा गर्न मिल्छ? बुझाइनै फरक फरक भइसकेपछि अव गराइमा एकरुपता कसरी हुन्छ र त्यो गन्तव्य हामीले कसरी प्राप्त गर्छौन यो यक्ष प्रश्न छ । यो प्रश्नको उत्तर माननीय मुख्य मन्त्रीले दिनु हुनेछ भन्ने मलाई विश्वास छ । होमस्टे लगायतको पर्यटकिय

गन्तव्यमा हेलिप्याड निर्माण गरिने छ भन्याछ । होमस्टे भन्या के हो रु स्थानिय संस्कृतिलाई, स्थानिय जीवनशैलीलाई स्थानिय उत्पादन र स्थानिय भुगोललाई जस्ताको तस्तै पर्यटकहरुलाई देखाएर त्यसबाट पर्यटकहरुलाई त्यहि सुविधामा राख्ने भनेको होइन । अव हामी गाउंका होमस्टेमा हेलिप्याड बनाउने, स्विमिङ पुल बनाउने, घरमा लिफ्ट राख्ने, मल्टि क्युजन राष्ट्रजन राख्ने, बार र पप राख्ने, क्यासिनो राखीसकेपछि त्यो होमस्टे कसरी हुन्छ सभामुख महोदय । त्यो होमस्टेको त मर्म आत्मामाथिको प्रहार होइन र भन्ने मैले यहां प्रश्न गर्न चाहन्छु। त्यो कालिगण्डकी डाइभर्सन गर्न दिंदनौं भनेर मुख्य मन्त्रीज्युले भन्नु भयो । प्रमुख प्रतिपक्षिले पनि त्यसमा सहिछाप लाग्यो हाम्रो एउटै कुरा छ। वजेटको सिद्धान्त र प्राथमिकतामा आउनै नहुने कुरा त्यो आयो । सकारात्मक कुरा जहां लेखे पनि हुन्छ भनेम तर जहां आउनु पर्ने हो नीति तथा कार्यक्रममा त्यो कुरा किन छुट्यो? यो प्रश्न पनि म यहां गर्न चाहन्छु । एयर लिफ्टिङ्गका कुरालाई निरन्तरता दिने भन्या छ एक दुइ वटा एयर लिफ्टिङ्ग त भाका छन तर बहु सांस्कृतिक कामको निर्माण कार्यलाई निरन्तरता दिने भन्याछ । निरन्तरता दिने भनेको त भइराखेको छ । अव त्यसलाई फेरी गर्दै लिएर जाने भनेको होनी। बहुसांस्कृतिक ग्राम कहां बनेको छ कहां निर्माण भैराको छ र तेलाई निरन्तरता दिने ? बन्दै नबनेकालाई निरन्तरता दिने भन्ने प्रश्न यो त्यति सहज र सहि हो भन्ने मलाई लाग्दैन । भ्रष्टाचार गर्दिन गर्न पनि दिन्न राम्रो छ त तर यो यो वर्ष आउनु पर्ने हो । परार आउन पर्दैन यो ? पोर आउन पर्दैन? भनेको भ्रष्टाचार गर्दिन गर्न पनि दिन्न भनेको ७६र७७ बाट हो ? ७४र७५ मा त्यो यो धारणा अनुसार भएन भनेर गरेको स्वीकारोक्ति हो यो ? ७५र७६ मा पनि भ्रष्टाचार गरें गर्न पनि दिएं भन्न खोज्या होत ? निरन्तरता भन्ने शव्द यहां राखेको भए सुहाउंथ्यो । भ्रष्टाचार गर्दिन गर्न पनि दिन्न भ्रष्टाचारलाई निरन्तरता दिन्छु भनेको भए राम्रो हुन्थ्यो होला जस्तो मलाई लाग्छ । माननीय सभामुख महोदय क्वारेन्टाइनका कुरा बोलिएको छ । क्वारेन्टाइन प्रदेश सरकारको अधिकार हो । संविधानको अनुसुची ५ मा संघको एकल अधिकारको अधिकार नं.१८ मा संघलाई अधिकार दियाछैन संविधानले । फैसला कार्यान्वयन इकाई गठन गर्दछु भन्नु भाकोछ । के सर्वोच्च अदालतको फैसला उच्च अदालतको जिल्ला अदालतको कुन अदालतको फैसला कार्यान्वयन गर्नुहुन्छ ? संविधानले अनुसुची ५ को संघको एकल अधिकारको २१ नं.मा सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत र न्याय प्रशासनको अधिकार त संघलाई दिएको छ । तपाइले अहिले यहां संघको नीति तथा कार्यक्रम

ल्याउंदै हुनुहुन्न त्यसकारणले आफ्नो अधिकार क्षेत्रलाई सम्झनु पर्छ । टनेल इन्जिनियरिङ्गका कुरा गर्दै हुनुहुन्छ। गण्डकी विश्वविद्यालय यहि आर्थिक वर्षमा बन्नेवाला छैन। केन्द्रिय विश्वविद्यालय केन्द्रको एकल अधिकार नं।मा १५ मा छ। अनि यो फेरी टनेल इन्जिनियरिङ्ग पट्टी किन यत्रो धेरै आकर्षण? वहां संघका प्रधानमन्त्री पूर्व देखि पश्चिमसम्म, मुक्तिनाथदेखि लुम्विनीसम्म, पोखरा देखि काठमाण्डौंसम्म रेल चलाउने भनि राख्नु भाकोछ। रेलवे इन्जिनियरिङ्गका कुरा गरों न अवत त्यो चाहिने होलानी त हामीलाई । अव कालिखोला देखि लिएर सेती गण्डकीसम्मत् अब हामीत क्रुजमा आउने हो पानी जहाजमा आउने हो टिकट काटिराख भन्नु भएको छ सम्माननीय प्रधानमन्त्रीज्यूले अवत त्यो जहाज बनाउने मेकानिकल इन्जिनियरिङ्गका कुरा गर्नु पर्ने होनी त। विषयवस्तुलाई प्राथमिकता दिन आवश्यक छ। आर्थिक क्रान्तिका महानायक मानिएका भारतका प्रधानमन्त्री नरेन्द्र दामोदारदास मोदीले र चीनका राष्ट्रपति सिजिङ पिङले भेट्टाउन नसकेको नेपालका महामहिम प्रधानमन्त्री खड्क प्रसाद वलीले भन्न पनि आंटन नसकेको १०।२ प्रतिशतको आर्थिक बृद्धिदर पुर्याउने कुरा छ। त्यो सम्भव छ त ? यसको आधारहरु के हो ? फेरी आफ्नै विज्ञले के भनिराख्नुछ त भन्दा यो आर्थिकदर प्राप्ति गर्नलाई १०।२ इकोनोमिक ग्राफ प्राप्त गर्नलाई १० खर्व १२ अर्व रुपिया चाहिन्छ यो इकोनोमि चाहिन्छ भनियाछ। ३ बर्षमा ५९ अर्वको इकोनोमि होनी त हाम्रो। १, २४, ३४ अव वाहिर मार्केटको इकोनोमि गर्दा पनि यो एक खर्वको हाराहारीमा पुग्यो भने पुग्ला। यसका आधारमा १०।२ ल्याउने भन्याछ यसका बारेमा पनि सांसद संसदलाई जानकारी गराउन आवश्यक छ। पेट्रोलियम पदार्थको आयातलाई प्रतिस्थापन गर्ने भनिएको छ विद्युतबाट। अरुलाई छोडौं लिक्वु फाइभ पेट्रोलियम ग्यासकै कुरा गरौं कति यो प्रदेशमा प्रयोग हुन्छत? त्यसलाई विस्थापन गर्न कति मेगावाट विद्युत चाहिन्छ त्यो मेगावाट विद्युत कुन हाइड्रोपावरमा आगामी आर्थिक वर्षमा आउंदैछ? कुन सोलारबाट ? कुन वीन्ड इनर्जीबाट ? कुनचाहिं अल्टरनेटिभ इनर्जीबाट कुन क्लिन इनर्जीबाट नेशनल ग्रिडमा जोडेर हाम्ले तेलाई पुरा गर्न लाइराको त्यसको दस्तावेज पनि यहां वोल्न पर्दैन ?

**(सभामुखः माननीय सदस्य समय सिद्धियो)**

पोखरालाई स्मार्ट सिटि बनाउने भन्याछ। स्थानिय निर्वाचमा पनि पोखरालाई स्मार्ट सिटि बनाउंदा एकदम खुसी लाग्यो । लण्डन देखेको, रोम देखेको, टोरण्टो देखेको, न्यूयोर्क देखेको अब त्यस्तै मेरो पोखरा पनि हाम्रो पोखरा पनि हुनिभो भन्या दुइ

वर्षमा त्यो स्मार्ट सिटि पोखरामा त रोडमा भैंसी आहाल बसे । सडकमा पानी जमेर नदी बगेर

**(माननीयः सदस्य समय सिद्धियो)**

डुङ्गा चलाए । अव फेरी यो स्मार्ट सिटि भन्ने जन्तु चुनाव आयो भने आउंछ अरु बेला आउंदैन। अव कास्कीको निर्वाचन क्षेत्र २ मा अव चुनाव हुंदैछ फेरी यो स्थितिमा स्मार्ट सिटि आयो। अव पोखराका कुन सडकमा फेरी आर्को सडकमा भैंसी आहाल बस्ने भो। पोखराका कुन सडकमा फेरी डुङ्गा चल्ने भो भन्ने चिन्ता यहां जाहेर हुन लाएको छ। कृषि क्षेत्रमा समाजवाद उन्मुख अर्थतन्त्र भनेर घोकेको घोक्यै गर्नी

**(सभामुखः समय सकियो माननीय सदस्य)**

अनि थोरै डाइरेक्ट इन्भेष्टमेन्टका कुराहरु चाहिं हामीले कृषिमा गर्ने कुराले यो राष्ट्रिय र प्रादेशिक कति हितमा हुन्छ सभामुख महोदय अन्तमा फेवातालमा चेकड्याम, फिल्ट्रेशन ड्याम, जलाधार संरक्षणका कुरा आका छन। माननीय रामजी पहारीजीले भन्छु भन्नु भाको छ त्यसकारण मैले लामो बोल्दिन तर यो अतिक्रमित जग्गालाई फिर्ता गरेर फेवाताललाई पुराननै स्वरुपमा फर्काउने कुरा पनि यो नीति तथा कार्यक्रममा आइदेको भए हुन्थ्यो यो सम्पुर्ण सकारात्मक कार्यक्रमहरु जो सहि उद्देश्यले आएका छन त्यो सफलताको शुभकामना नेपाली कांग्रेस र नयां शक्ति पार्टिले राखेको संशोधन प्रस्ताव माननीयज्यूहरुले राख्नु भएकोमा समर्थन गर्दै सरकारले सहि दिशामा अगाडि बढोस यहि शुभकामनाका साथ विदा हुन चाहन्छु। धन्यवाद, जय नेपाल ।

## माननीय सभामुख

माननीय श्री धनमायां लामा पोख्रेल लामालाई छलफलमा भाग लिन समय दिन्छु समय १० मिनेट ।

**माननीय धनमायां लामा पोख्रेलः**

माननीय सभामुखज्यू, नेपाली नेपालमा संघीय लोकतन्त्रका लागी नेपाली जनताले पटकपटक गरेको जन आन्दोलन जन आन्दोलन जनयुद्ध र मधेश आन्दोलनको क्रममा जीवन बलिदान गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । बेपत्ता नागरिक, घाइते शहिद प्रति उच्च सम्मान। ठुलो संघर्षबाट र बलिदानबाट देशमा संघीय लोकतान्त्रीक गणतन्त्रसंगै हामीले व्यवस्था परिवर्तन गर्यौं । अव अवस्था परिवर्तन गर्नको निम्ति आर्थिक समृद्धि अपरिहार्य छ भन्यौं र नेपालका सवै राजनीतिक दलको साझा एजेण्डा विकास र समृद्धि हुन पुग्यो

। यो सकारात्मक पक्ष हो। तर व्यवस्था परिवर्तन संगसंगै सोच र चिन्तन र कार्यशैली परिवर्तन भएन। हिजोको एकात्मक र केन्द्रिकृत राज्यसत्ताको अवयवहरु हामीसंग कहिं कतै छ भन्ने कुरा कुराको अनुभुति विनियोजन विधेयक २०७६ का आर्थिक वर्ष २०७६/७७ का सिद्धान्त र प्राथमिकता विषय छलफल छलफलको क्रममा जवाफबाट छलफलको क्रममा अर्थमन्त्रीज्यूले दिनु भएको जवाफबाट मलाई केही अनुभुति भयो। महिला सांसदहरुले विकास र भुमिकाको कुरा गरिरहंदा विकास मागेको की अंश मागेका भन्ने कुरा यो कत्तिको जायज छ ? अन्य सांसदहरुले अधिकार र विकासको कुरा अधिकारको कुरा गर्दा विकास हुने र महिला सांसदहरुले खोजेको भुमिका र अधिकार अंश हुने यो के विडम्वना हो? माननीय सभामुख मार्फत अर्थमन्त्री तथा प्रदेश सरकारलाई म अनुरोध गर्न चाहन्छु। हामीलाई पनि प्रदेश सदस्यको रुपमा हेर्नु हुन्छ भने सवै माननीय सदस्यहरु सरह भूमिका र अधिकार दिन पर्यो होइन भने अर्थ मन्त्रीज्यूकै शव्द एकैछिनलाई सापटि लिएर भन्नुपर्दा छोरीचेलीको रुपमा अंश माग्ने कुरा हो भने हाम्रो माइती तथा अन्य दाजुभाइहरुले पाउने सरह अंशत हाम्ले पनि पाउनु पर्यो म यो अनुरोध गर्न चाहन्छु। माननीय सभामुख ज्यू आर्थिक वर्ष २०७६।७७ को नीति तथा कार्यक्रम म आफ्नो भनाइहरु राख्ने अनुमति चाहन्छु। गण्डकी प्रदेश सरकारद्धारा प्रस्तुत नीति तथा कार्यक्रम सुन्दा र पढदा हामीले परिकल्पना गरेको समाजवाद हाम्रै पालामा आइहाल्छकी जस्तो पनि लाग्यो। यस नीति तथा कार्यक्रमले धैरै राम्रा नाराहरु पनि ल्याएको छ म त्यसको व्याख्यातिर लागिन। हामीले गन्तव्य विन्दु समाजवाद बनाउने तर्फ र गन्तव्य चुम्नको निमित्त खैत आधारहर तयार तयार गर्ने नीति भिजन क्लियिर भएमात्रै मिसन पुरा हुने हुंदा सवैभन्दा पहिले समाजवादको बाटो पहिल्याउने नीति अपनाउन प्रदेश सरकारलाई मेरो अनुरोध छ। माननीय सभामुख ज्यू, शिक्षा र स्वास्थ्य जस्ता आधारभुत र संवेदनशिल विषयमा समान पहुंच नहुंदा नीजि लगानीकर्ताबाट दिनानुदिन कालो वजारी बढदो छ त्यसलाई रोक्नको निम्ति प्रदेश सरकारले शिक्षा र स्वास्थ्यमा लगानी बढाउन आवश्यक छ। भौतिक पूर्वाधार विकाससंगसंगै उत्पादन बढाउने गरिवी घटाउने विकासको गति बढाउने नीति कार्यक्रम ल्याउन आवश्यक ठान्दछु। आगामी ४ वर्षभित्र गरिवी १४.२ बाट ७ प्रतिशतमा झार्ने र आर्थिक बृद्धिदर १०.२ प्रतिशतले बृद्धि गर्ने लक्ष्य प्रदेश सरकारले ल्याएको छ यो अत्यन्तै सवल पक्ष हो। तर गरीवी घटाउने र आर्थिक बृद्धिदर बढाउने आधार खै ? राष्ट्रिय गौरवका योजनाहरु बुढी गण्डकी जल विद्युत आयोजना चिनिया कम्पनीलाई दिएको र

ढिलासुस्तिमा छ जसले प्रदेश सरकारले स्वदेशी लगानीमा छिटो काम गर्न समन्वय र आग्रह गर्नको निमित्त म अनुरोध गर्दछु । गौरवको योजना र गोरखकाली रवर उद्योग संचालनमा ल्याउन पनि प्रदेश सरकारको भूमिका महत्वपूर्ण रहोस भन्न म ध्यानाकर्षण गर्न चाहन्छु । माननीय सभामुख ज्यू कृषिमा व्यवसायिककरण र निर्यात प्रवर्धनमा जोड र आधुनिक कृषि प्रणालीको विकास संगसंगै वजार व्यवस्थापन र निरिक्षणमा ध्यान दिन आवश्यक ठान्दछु। भुमाफिया र सरकारी बेवास्ताका कारण भएका सरकारी जग्गा अतिक्रमण बारे प्रदेश सरकारको ध्यान आकर्षण गराउन चाहन्छु । माननीय सभामुख ज्यू, प्रदेश नीति तथा कार्यक्रमको बुंदा नं.१९४ ले जनआन्दोलन जन युद्धका सहिद तथा बेपत्ता घाइतेलाई थोरै सम्वोधन गर्ने कोशिश गरेकोमा मैले पाए । प्रदेश नं. ५ को रुकुम रोल्पा पछाडि द्धन्दबाट प्रभावित क्षेत्र गोर्खा हाम्रो गण्डकी प्रदेशमा पर्दछ । त्यसैले गण्डकी प्रदेश सरकारले द्धन्द प्रभावित परिवारको निम्ति सम्मान र सम्बोधन गर्ने हो भने छुट्टै वजेटको व्यवस्था आगामी वजेटमा गर्नु पर्ने मैले माग गर्दछु । सहिद कुनै दल वा कुनै पक्षको नभैकन परिवर्तनको निम्ति बलिदानी दिने भएको कारण राज्यले गर्ने सम्मान सवैको समान हुनपर्छ म यहां राख्न चाहन्छु। योग्यता र क्षमताको आधारमा प्रदेश सरकारले सहिद परिवार तथा वेपत्ता परिवारहरुको सम्बोधन गर्न पर्छ। म यहां सहिद परिवारको प्रतिनिधित्व गर्ने पनि कारणले गर्दा जनयुद्धको क्रममा हिजो दुइ जना एक जना दाई एक जना दिदिले सहिद भएर यो देश परिवर्तनको निम्ति बलिदानी गर्नु भयो खै त त्यो सहिद परिवारको हैसियतले भन्नु पर्दा मैले गौरव गर्ने ठाउं कहां छ? हिजो संगै जन युद्धको क्रममा संगै बन्दुक बोकेर हिंडने साथीहरु अहिले मरुभुमिमा बिदेशिन बाध्य छ । तर हिजो जनयुद्ध हांक्दै गरेको पार्टी आज सरकारमा छ । म जुन वेला कलिलो हातहरुले बन्दुक चलाउंथें यो परिवर्तनको निम्ति त्यो संगैका सहपाठिहरु बिदेशमा छ कुनै बेला मसंग सामाजिक संजालमा कुरा हुन्छ । मैले नेपाल कहिले आउने भनेर सोध्छु हामी यहां बिदेशमा काम गरेर त खान पाइएको छ तर नेपाल आएर हाम्ले काम गरेर पनि खान पाइदैन यतै ठिक छ । त्यसको जवाफ मसंग छैन । म थुप्रै परिवर्तन पछि बलिदानी र संघर्षबाट यो ठाउंमा प्रदेश सभाको हैसियतमा यो त्यति वेला जवाफ दिन सक्छ बिदेशीयको युवाहरु र हिजो द्धन्दबाट क्षतविक्षत भएको मनहरु र डोवहरुलाई यो प्रदेश सरकारले कतिवेला सम्वोधन गर्न सक्छ त्यतिवेला मात्र म यो प्रेदश सभामा उभिएर प्रदेश सभाको खैरो कोट र यो लोगो लगाएकोमा ममा गौरव हुनेछ । यतातिर पनि सरकारले ध्यान देओस ।हाम्ले सहिद

वेपत्ताको नाममा केही गरौं भनेर प्रतिष्ठानहरु दर्ता गरेको छ । हाम्ले यहां प्रदेश सरकारलाई मैले अनुरोध पनि गरें हाम्ले केहि गर्नको निम्ति यहां सरकारबाट सहयोग पुगोस । हुन्न हुन्न सहिदको नामै लिन चाहनु हुन्न । तर यो ठाउले यो हाम्रो ट्रेनले कता पुरयाउंछ यसमा पनि गम्भिर हुन आवश्यक छ । हिजो हाम्ले अधिकारको कुरा गर्यौं । म सत्ता पक्षा र प्रतिपक्षको कुरा गर्न चाहन्न । समानुपातिक सांसद भनेको कार्यकारी हो कि सेरमुनियल हो? यो वहस गर्न आवश्यक छ । अव ट्रेन त्यतातिर जाउं । यहां दुइ मिश्रित प्रणालीबाट हामी प्रत्यक्ष र समानुपातिक भनेर यहां आयौं । अहिले देशमा हाम्रो पार्टिको एजेण्डा के छ भने प्रत्यक्ष कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक सांसद हुनपर्छ त्यो गर्दा मात्र देशमा विकास र दिगो शान्ति हुन्छ । सवै कल्ष्टरको यहां समान सहभागिता हुन्छ भनेर यो राष्ट्रिय अभियान चलिरहेको बेलामा यहां समानुपातिक सांसद र प्रत्यक्ष उम्मेदवार भनेको त छुट्टै ठाउंबाट आको हो पदै छुट्टै हो भनेजस्तो हुन सक्छ जिम्मेवारीको हिसावले कोहि मन्त्री हुनुहुन्छ कोही दलको नेता हुनुहुन्छ त्यो छुट्टै कुरा हो तर हाम्रो अधिकार भुमिका समान हुनुपर्यो । मैले मन्त्रालयगत कुराहरु गर्दा पनि अव प्रत्यक्ष मैले एउटा एकचोटी फोन गरेको थिएंकी कृषि मन्त्रीज्यूलाई त्यहां होमस्टे उसको जलवायु मैत्री कृषि मुख्मन्त्री कृषि नमुना गाउंको छनौट हुंदै थियो । मैले फोन गरें मन्त्रीज्यू यसरी छनौट हुंदै छरे भनेर भन्दा मन्त्रीज्यूले के जवाफ दिनु भयो त्यहांको प्रत्यक्ष उम्मेदवारसंग समन्वय गरेर आउनुस । जवाफ यहि हो मैले ट्याकै फोन राखें । हाम्रो अधिकार कहांनेर छ ? त्यो पनि गम्भिर हुन आवश्यक छ। मैले अव सामाजिक विकास मन्त्रालय र पर्यटनतिर त फोनै गरेन । मैले चिठि बुझाएको होइन लगेर चिठि बुझाएं तर त्यो चिठि हाम्रो डस्टविनमा राखेर अव वजेट फ्रिज भयो भनेर भनि राख्नु हुन्छ । विश्वासको पनि आधार तयार गरौं । कि गएर हामी फिल्डमै गएर के हो त्यहां समस्याको समाधान गर्ने तिर जाउं हामि समृद्धिको नारा बोकेर समृद्धि समृद्धि भनेर मात्रै यहां विकास र समृद्धि आउनेवाला छैन। नारामामात्रै सिमित हुनेवाला छ । यहांको वास्तविक समस्या के हो त्यतातिर पनि जान आवश्यक छ भन्ने ठान्दछु। म तत्काले १ महिना जति भयो म विषयगत मन्त्रालयहरुमा गको थियो। त्यतिवेला मन्त्रीहरुको के कुरा भैराथ्यो भने कर्मचारी र मन्त्रीको वीचमा आवासीय विद्यालय अथवा शिक्षा स्वास्थ्यको ठाउंमा वजेट विनियोजन हुंदै रहेछ। अनि हिमाली जिल्ला भनेर गोर्खाको हिमाली जिल्ला भनेर एउटा स्वास्थ्य चौकि छनौट भको रैछ । त्यो चाहिं रानीस्वांरातिर छनौट गर्नु भको रैछ । मैले चाहिं भने यो चाहिं हाम्रो हिमाली

जिल्ला भएपनि यो चाहिं सदरमुकामतिर पर्छ यो वजेट त्यहां विनियोजन गर्न हुन्न भनेर मैले मन्त्रीलाई व्यक्तिगत रुपमा पनि सुझाव दिएको थियो र कि हामी फिल्डमै गएर हाम्ले योजनाहरु कार्यान्वयन गर्नुपर्छ । होइन भने हामीले त्यहिंको माननीयहरुलाई आधार मान्नु पर्छ । त्यो गर्दा मात्रै हामीले चाहेको आर्थिक समृद्धि हासिल गर्नसक्छ र आगामी दिनमा को समानुपातिक को प्रत्यक्ष मिश्रित प्रणालीबाट आको हो हैसियत फरक हो भने समानुपातिक सांसदको छुट्टै रो तयार गर्न प्रदेश सरकारलाई अनुरोध गर्दछु । होइन भने सबैको भुमिका समान हुनपर्छ र आगामी दिनमा हाम्ले १ वर्षत हाम्ले परिक्षण काल भन्यौं आगामी दिनमा पास फेल रिजल्ट ल्याउने गरी हामी अगाडि बढन पर्छ त्यतातिर प्रदेश सरकारलाई ध्यान दिन अनुरोध गर्दै यो नीति तथा कार्यक्रम पूर्ण रुपमा सफलता होस भन्ने शुभकामना दिंदै मेरो भनाइ यहिं अन्त्य गर्छु । हस्त  धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु । समय १० मिनेट ।

**माननीय पियारी थापाः**

माननीय सभामुख महोदय, हामी आर्थिक वर्ष २०७६र७७ को नीति तथा कार्यक्रमको छलफलको क्रममा जुटि रहेका छौं । यो अवसरमा यो छलफलमय बनेको अवसरमा मलाई पनि बोल्नका लागि यसमा छलफलमा भाग लिनका लागि समय प्रदान गर्नु भएकोमा सभामुख प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु र मैले आफ्ना भनाइहरु राख्न अनुमति चाहन्छु । यो नीति कार्यक्रम झट्ट हेर्दाखेरि जलप लगाएको नक्कली सुन पो होकी जस्तो मलाई आभास भयो । किनकी हेर्दाखेरि आकर्षक छ सुन्दा पनि आकर्षक छ तर यलाई मैले किन भनिरहेको छु भने यहांनी नक्कली सुन जस्तो किन भनिरहेको छु त भने यसमा पुराना कुराहरु मात्रै पहिलाको पुराना नीति कार्यक्रमलाई ७५/७६ को नीति कार्यक्रमलाई पूर्ण पाठलाई यहां एउटा स्लोगनको जलपले जुन प्रकारको जलप लगाएर ल्याइएको छ यसले बास्तवमा प्रदेश सरकारको क्षमतालाई प्रष्ट देखाएको हैनकी शंका लागिरहेको छ किनभने अहिले जनताले चाहिरहेको छ देख्न खोजिरहेको छ । प्रदेश सरकारको क्षमतालाई आक्रमण गर्न खोजिरहेको छ यस्तो अवस्थामा पुरानै कुरालाई फेरी ए टु जेड दोहर्याएर ल्याउंदाखेरि यो अलि प्रभावकारी भएनकी सुझाव दिन चाहन्छु । वास्तवमा प्रदेशको नीति कार्यक्रम आगामी वर्षहरुमा

प्रदेशको सर्वाङ्गिण विकास सर्वाङ्गिण विकासका लागि के कस्ता कार्यक्रमहरुको तय गर्ने भन्ने विषय गहन हो नकी हिजोको समिक्षा सुरुसुरुमा हेर्दा हामीलाई मलाई के लाग्यो भने कतै मैले यो वार्षिक प्रतिवेदनत पढिरहेको छैन मलाई भ्रम सिर्जना भैरहेको थियो । के लागेको छ भने नीति कार्यक्रम नीतिगत रुपमा यो प्रदेशको समुन्नत विकासको खाका हो । जसबाट प्रदेश सरकारले प्रदेशवासीले विकास र समृद्धिको रस्वस्वादन गर्न सकुन। सभामुख महोदय धेरै कुराहरु छलफलकै क्रममा आइरहेकै छन। यसभित्र शत्रु कस्तो लोकप्रियताको लागी स्लोगनको अपार समयोजन गरिएको छ यसले उत्कृष्ट नीति कार्यक्रम देखाएका लागी त हो देखाउनको लागि त होला। तर व्यवहार र शैलीमा परिवर्तन नगरेसम्म जतिनै मिठा कुरा गरेपनि लक्षित वर्ग सम्म पटकै पुग्न सक्दैन । यसभित्र मैले देखेको र भन्ने पर्ने केहि कुराहरु राख्न अनुमति चाहन्छु । सभामुख महोदय आजपनि लाखौं तागाकमा देशका युवा जमात विदेश पलायन हुने क्रम रोकिएको छैन । सैयौंको त त्यतिकै सैयौंको तागाकमा बाकसमा फर्किनु पर्ने कारुणिक बिडम्वडनालाई पूर्ण विराम दिने यो नीति कार्यक्रम सफल भयो की भएन हामीले समिक्षा गर्नु पर्ने बेला आएको छ ।आज आजको समयमा युवा वर्गलाई तालिमले मात्रै पुग्दैन। तिनिहरु के काम गर्न सक्छौ गर भनेर एक प्रकारले वातावरण सिर्जना गर्ने प्लाटफम निर्माण गर्नका लागि प्रदेश सरकारका व्याकबुन भएर अगाडि सर्नु पर्छ व्याकबुन भएर आउनु पर्ने नीति कार्यक्रममा आउनु पर्ने थियो । तर त्यो आएको छैन । यसलाई ल्याउनका लागि अनुरोध गर्न चाहन्छु ।यसभित्र बुंदा नं।४८ देखि ७० सम्म कृषि क्षेत्रको विकास सम्बर्धन प्रवर्धनका लागि कैयन विषयहरु छन । यसभित्र गम्भिर तर यहां भित्र पनि गम्भिर विषय के हो त भने अहिले अवैज्ञानिक भुउपयोग नीति र भुस्वामित्व माथिको चरम असमानता जो वास्तविक कृषकहरु हुन उनीहरको हात हातमा जमिनको अत्यन्तै कम हिस्सा छ। ठुलो भूमिको ठुलो हिस्सा गैर किसानको हातमा छ। हामीले जति राम्रा कार्यक्रमहरु ल्याएतापनि यसले वास्तविक किसानलाई छुन सक्दैन तसर्थ वैज्ञानिक भूमिसुधार गरि वास्तविक किसानहरुलाई भुमिको वितरण गरीनु पर्छ साथै कृषि औजार, वीउ विजन, मल आदिमा भारि सहुलियत दिइ कृषि उत्पादन बृद्धिमा नीति कार्यक्रम पनि मौन रह्योकी । बुंदा नं.५२ को विषयमा गत वर्ष ठुलो विवाद उठेको थियो। दामासाहीमा पैसा बांडने कार्यक्रम आलोचित हुदाहुंदै पनि पुन निरन्तरता त्यहि कार्यक्रमले निरन्तरता पाउनु अलि असान्दर्भिक भयो की मैले यसलाई सच्चयाउन पर्ने देखेको छु। शिक्षा र स्वास्थ्यको सन्दर्भमा नीति तथा कार्यक्रम उदासिन बनेको

छ । समाज परिवर्तनको उच्चतम आयाम शिक्षासंग जोडिएर आएन । जीवन उपयोगीसंग जोडिएर आएन साथै आज शिक्षा जस्तो मौलिक अधिकारमा व्यापारीकरणको कालो धव्वा मौलाएको छ । यस्तो वेथितिलाई निरुत्साहित गर्न व्यवहारिक शिक्षा प्रणालीको विकासका लागि नीति कार्यक्रम आउनु पर्छ । साथै गत कालमा स्थानिय तहमा २५ शैयाको अस्पताल निर्माण गर्ने कार्यक्रम खुम्चिएर जिल्लामा पुग्यो । के यो संघियताको फल हो ? दुखद पक्ष हो यो । बरु यस्ता सम्वेदनशिल विषयको कार्यक्रमलाई निरन्तरता दिनु पर्छ । साथै बाल शिक्षालाई सुव्यवस्थित गर्दै क्षमतावान र दक्ष जनशक्ति निर्माण गर्ने प्रारम्भिक चरणलाई योजनाबद्‍ध ढंगले लागु गर्नु पर्ने विषयहरु छुटेका छन। यसलाई पनि समावेश गरियोस । संविधानमा खोट छ भने यसलाई सुधार गरेर जानु पर्छ होइन भने सांसद सांसद विचको दरारलाई क्याटोकराइज गर्ने कार्य यसपालि पनि दोहोरिएर आएको छ यो दोहोरिन नहुने थियो । यसलाई दोहोर्याउनु यस कार्यलाई तत्काल बन्द गरिनु पर्छ । समानुपातिक साथी समानुपातिक समावेशिताको सिद्‍धान्तलाई आत्मसात गर्दै प्रत्येक तह र तप्कालाई समावेश गरी पहुंच आधारमा विकास होइन आवश्यकताका आधारमा विकास गर्ने वजेट निर्माण हुनेछ । विकास हुनु विकास हुनका लागि प्रत्येक क्षेत्रबाट र प्रत्येक तह र तप्काबाट मन्त्री नै हुनु पर्छ भन्ने कुराको अन्त्य हुनेछ भन्ने विश्वास ल्याउंदै मेरा भनाइहरु यहिं अन्त्य गर्ने अनुमति चाहन्छु ।
धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री रामजी बराल जीवनलाई छलफलमा भाग लिन समय दिन्छु समय १० मिनेट ।

## माननीय रामजी बराल जीवनः

माननीय सभामुख महोदय, हामी नीति तथा कार्यक्रमको छलफलको प्रकृयामा छौं। स्वाभाविक रुपमा हाम्रो पार्टिको तर्फबाट हाम्रा संसदीय दलका प्रमुख सचेतक लगायत धेरै माननीयज्यूहरुले विषय वस्तु राखि सक्नु भएकोछ । मेरो विषय त्यसैलाई अलिकति मुर्त गर्ने त्यसैलाई स्पेस दिने हिसावले हुनेछ भन्ने विषय राख्न चाहन्छु । सभामुख महोदय राजनीतिक कार्यदिशा सहि वा गलत हुनुले सबैथोकको निर्धारण गर्छ । यदि तिमिसंग सहि कार्यदिशा छ भने नभएको चीज पनि प्राप्त हुंदै जान्छ । यदि कार्यदिशा गलत छ भने भएको चिज पनि गुम्दै जान्छ भन्ने मान्यता

अनुरुप माननीय प्रदेश प्रमुखबाट प्रस्तुत नीति तथा कार्यक्रम सिद्धान्त र प्राथमिकताको मजबुत जगमा खडा भएको छ । तथ्यको आधारमा सत्यको खोजि गरि सार्थक तुल्याउने असिम प्रयत्न गरिएको छ । यो प्रशंसनिय दस्तावेज तयार गर्नु हुने माननीय मुख्यमन्त्री, मन्त्रीज्यूहरु साथै अझ गहिरो अध्ययन सहित मेहनत गर्नुहुने प्रमुख सचिवज्यू लगायत सवैमा हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछु । त्यस्तो महत्वपूर्ण पक्ष कहिंकतै हेलमेट नलाइकन निर्मम हिसावले समिक्षा गरिएको छ । यो सुन्दर पक्षको जति प्रशंसा गरेपनि कमि हुने देखिन्छ । जसले इतिहासको निर्मम समिक्षा गरि अघि बढने आंट गर्छ त्यो सजिव र जिवन्त हुने गर्छ। कसैलाई कुनै पक्षलाई अति डाहा छटपटाहट हुन पनि सक्छ। कहिं कतै रोदनका डकारहरु देखिन पनि सक्छन। पोखिन पनि सक्छन। आखिर सत्य सत्यनै ठहर्छ। राम्रोलाई राम्रो छ भन्ने संस्कार सिक्नुको विकल्प हुन्छ र ? हामीले यहां सुनेका पनि छौं यो नक्कली सुन जस्तो पनि भन्ने गरिएको छ यो नक्कली सुन जस्तो होइन सक्कली सुन जस्तै छ त्यतिमात्रै होइन यो स्मार्ट शहरको कुरा गर्दै गर्दै गर्दाखेरि सडकमा भैसी आहाल बसेका कुराहरु पनि आएका छन । सम्भवत एकात्मक र केन्द्रिकृत राज्य छंदा होला । जव यो संघात्मक राज्य प्रणाली लागु भयो हामी १ वर्षको अभ्यास गरिसकेका छौं यसको विचमा सांच्चै सडकमा कुन ठाउंमा भैंसी आहाल बसेको हो त्यो कुरा पनि प्रष्ट भन्दिनु भए हुन्थ्यो । मलाई त के अनुभुति हुन्छ भने कतै डाहाले छटपटिएर व्यक्त भएका अभिव्यक्ति त होइनन भन्ने मलाई लागि रहेकोछ। यसैगरि ४ वर्षभित्र १४.२ बाट ७ प्रतिशतमा गरिवी झार्ने कुरा छ निकै महत्वपूर्ण निकै चुनौतीपूर्ण साहसिक लक्ष्यसंग जोडदै पर्यटन,कृषि, उर्जा पूर्वाधार लगायतका कार्यक्रमहरुमा समवद नविनताको गहिरो खोजी केवल कोरा कल्पना मात्र हुन सक्छ र होइन । त्यो असाध्य तथ्यको नजिक भएको कुरा हामी सवैले बुझेकाछौं । मैले बुझेको छु र म खुशि व्यक्ताउंदै म खुशी हुंदै समर्थन गर्न चाहन्छु यो नीति तथा कार्यक्रमलाई । सुझावको हिसावले इतिहासको सत्यलाई आत्मसात गरि मुखरित गर्नु अग्रगामी दृष्टिकोणको कर्तव्य हो । जन युद्धको पृष्टभुमिमा १२ बुंदे समझदारी १२ बुंदे समझदारीको आलोकमा ऐतिहासिक जनआन्दोलन भएको कुरा दस्तावेजीकरणको मसी सुकेको छैन । जनयुद्ध शव्द मात्र होइन परिवर्तनको जननी पनि हो यसै ढंगले बुझिदिनका निम्ति अपिल गर्न चाहन्छु । गर्वका साथ जनयुद्ध शव्द लेख्न कहिं कतै कन्जुस्याइ नगरौं मेरो अनुरोध पनि हो । सहिद, वेपत्ता, घाइते परिवार अपाङ्ग एवं द्धन्द प्रभावित क्षेत्रलाई सम्मान र सम्वोधन गर्ने गरि वजेटको

व्यवस्था मिलाउनका निम्ति पनि अनुरोध गर्न चाहन्छु । गण्डकी प्रदेशभित्र सहिद स्मृति आवासिय विद्यालय छ । त्यो आवासिय विद्यालयलाई गण्डकी प्रदेशको आफ्नो सम्पत्ति ठान्दै त्यसलाई व्यवस्थित गर्नका निम्ति बजेटले सम्वोधन गर्नका निम्ति पनि नभुलौं।म यो अनुरोध गर्न चाहन्छु । त्यसैगरि सहिद स्मृति प्रतिष्ठान पनि छ त्यो सहिद स्मृति प्रतिष्ठानलाई पनि सजिव तुल्याउनका निम्ति कहिंकतै बजेटमा व्यवस्था गरियोस भनी म माग गर्न चाहन्छु। साथै सबै सांसदको अपनत्व हुने गरि गौरवको योजना सायद यतिवेलाको आवश्यकता हो भन्ने मैले महसुस गरेको छु । निर्वाचन क्षेत्र विकास कार्यक्रमको चर्चा पनि भैराखेको छ। यहां समानुपातिक र निर्वाचित सांसदहरुको विचमा कतैकतै अलिअलि दरार पनि देखिन्छ । सवै सांसदहरु समान हुन भन्ने मेरो मान्यता हो र निर्वाचन क्षेत्र विकास कोष अथवा कार्यक्रम भन्दा सांच्चै रोजगारीको ग्यारेण्टि गर्न सक्ने गण्डकी प्रदेशको गौरवको योजना त्यो उद्योग पनि हुन सक्छ त्यो कुनै महत्वपूर्ण बाटो पनि हुन सक्छ । त्यसलाई हामीले छनौट गर्न सक्यौं भने सबै सांसदहरुको अपनत्व पनि हुने कुरा मैले विगतदेखि व्यक्त गर्दै आकै छु । त्यसो भको हिसावले यो क्षेत्र विकास जो कोषको कुरा अथवा कार्यक्रमको सन्दर्भमा अहिले राज्य एकात्मक छैन । संघात्मक छ । संघात्मक राज्य भएको सन्दर्भमा यो सैद्धान्तिक हिसावले पनि राजनीतिक हिसावले पनि त्रुटिपूर्ण छ भन्ने मेरो ठहर हो । यो मेरो पर्सिनल मेरो नीजि विचार हो । त्यसो भको हिसावले सांच्चैं गण्डकी प्रदेशमा एउटा महत्वपूर्ण उद्योग स्थापना गर्ने हिसावले हामीले सोचौं । त्यसो गर्दाखेरी न समानुपातिक न प्रत्यक्ष निर्वाचित सांसदहरुको विचमा पनि विभेद रहंदैन । यो माथि पनि जे अभ्यास गरिएको छ यो सान्दर्भिक छैन भन्ने मेरो बुझाइ सहित फेरी एकचोटि यो सन्दर्भमा हामी जसरी छलफल गरिराखेका छौं नीति र कार्यक्रम असाध्यै सुन्दर छन । यि सुन्दर नीति कार्यक्रमलाई कृयात्मक रुप दिने सन्दर्भमा अविश्वास मात्रै होइन विश्वासको आंखाले पनि हामीले हेर्न जरुरी छ । यसो गर्न सक्ताखेरि मात्रै सांच्चै हामीले जे सपनाहरु देखेका छौं ती सपनाहरुलाई सार्थक तुल्याउन सक्छौं । केवल विरोध विरोधको लागि होइन आरोप आरोपको लागी होइन हामिले कस्तो प्रकारको राजनीतिक संस्कार वसाल्ने भन्ने दायित्व पनि हामिसंगै छ । मैले भन्दै आको छु सांच्चै हामी प्रदेश सभाका हिसावले संस्थापकहरु हौं। हामी संस्थापकहरुले कस्तो संस्कृति कस्तो मान्यता कस्तो संस्कार बसाल्न सक्छौं ? सायद यो प्रदेशको भविष्य पनि धैरै अन्तरनिहित हुन्छ । यिनै भनाइ सहित फेरी

एकचोटी असाध्यै मेहनत पूर्वक आएको यो नीति तथा कार्यक्रम प्रति पूर्ण समर्थन रहेको जानकारी सहित मेरा भनाई अन्त गर्दछु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय श्री ओमकला गौतमलाई छलफलमा भाग लिन समय दिन्छु समय १० मिनेट ।

**माननीय ओमकला गौतमः**

माननीय सभामुख महोदय, यो गरिमामय सभामा आर्थिक वर्ष २०७६र७७ को नीति तथा कार्यक्रममा छलफल गर्ने सुअवसर प्रदान भएकोमा आभार प्रकट गर्न चाहन्छु । धन्यवाद दिन चाहन्छु ।सर्वप्रथम त यस नीति तथा कार्यक्रमको सरकारले पूर्ण रुपमा सफल कार्यान्वयन गरोस भन्ने समेत मैले शुभकामना दिन चाहन्छु । माननीय सभामुख महोदय २०३ बुंदामा आएको यो नीति तथा कार्यक्रम अव्यवहारिक, प्रचारमुखि, पेपरमुखी भयो त्यसलाई सरकारले कार्यान्वयन गर्न सक्छ भन्ने प्रश्न पनि गर्न पर्छ यहां । किनभने विगतको नीति तथा कार्यक्रम पनि हामीले पढेर सुनेका थियौं र हेरेका थियौं कार्यशैली पनि हेरयौं र वर्तमानमा पनि हाम्ले हुबहु फोटोकपि भएको हाम्ले अध्ययन गर्यौं माननीय सभामुख महोदय। मिष्ठान्न भोजन खाएको कथा पढेर खाली पेट भरिंदैन । महत्वाकांक्षी र पेपरमुखी कार्यक्रमले केही हुंदैन । सपना देख्न निदाउनै पर्छ । कार्यान्वयन गर्न काम गर्नै पर्छ । मेरो दल नेकाबाट संशोधन प्रस्ताव समेत प्रदेश सभाको नियमावली २०७४ को नियम ३६ बमोजिम बुंदागत रुपमा प्रस्तुत भै सकेको छ। अरु संशोधन प्रस्ताव दर्ता गर्ने माननीय विष्णु लामिछानेज्यूले यहां प्रष्ट भन्नु भाको छ । यसमा मेरो पूर्ण रुपमा समर्थन छ र त्यो कार्यान्वयन प्रति सबैले सकारात्मक सोच राख्नु भएको छ ।मलाई लाग्छ त्यो संशोधन हुने कुरामा म विश्वस्त छु ।माननीय सभामुख महोदय, नाताबाद, कृपावाद, दलवादको अन्त्य गरि नीति र विधिमा चल्नु पर्छ । भ्रष्टाचार निर्मुलन कमिशन तन्त्रको अन्त्य गर्नु पर्छ यो चुनौतीको विषय पनि हो । तर कसरी निर्मुल पार्नेत रु यो कहांनेरी ग्यारेण्टि छ यहां । बास्तवमा म गर्दिन भन्ने कुरालाईत आत्मविश्वास लिन सकिन्छ र अरुले गर्ने कुरालाई कुन यन्त्रले जडान भएको छ यहां र यसलाई एउटा ठोस कार्यक्रम ल्याउनु पर्यो, एउटा नियम ल्याउन पर्यो । शिक्षा, स्वास्थ्य र विजुली जन चाहना अनुरुप हुनु पर्छ । सर्वसुलभ रुपमा उपलव्ध गराइनु पर्छ । यसमा समेटिएको मैले पाउंदिन शिक्षा र स्वास्थ्य जस्ता अत्यन्त महत्वपूर्ण कुरो सर्वसुलभ हुनलाई पहुंच नभएका जनताहरुले पनि पाउने कुरामा ठोस रुपमा नीतिमै आउनु पर्छ

। जवसम्म नीतिमै आउंदैन ठोस रुपमा यसरी गरिन्छ भनेर आउंदैन भने कसरी त्यो कार्यान्वयन हुन्छ भन्ने ग्यारेण्टी लिन सकिन्छ यसमा पनि मैले जोड दिन चाहन्छु र महिला मैत्री प्रदेश र महिला हिंसाको अन्त्य हिंसामुक्त प्रदेश भयो भने मात्र समृद्ध प्रदेश बन्न सक्छ । सुखी जनता हुन सक्छन । के यसले समेटेको छ त ? कसरी हिंसा मुक्त गर्ने आज बर्तमान अवस्थामा महिलाहरु साह्रै हिंसामा परेका छन बलत्कारका शिकार बनेका छन। कानून कार्यान्वयन भएको छैन । कानूनी दाएरामा ल्याइएको छैन तर यसको पनि ग्यारेण्टि के यो प्रदेश सरकारले म यसमा पनि जोड दिन चाहन्छु । यसले केमा ग्यारेण्टि गर्छ । यस  नीति तथा कार्यक्रममा सोलोगनत मुक्त कण्ठले व्याख्या गरेर पनि सकिंदैन। सोलोगन अत्यन्तै राम्रा छन्। सांच्चीकै मेहनत गरेर कविलेनै बनाएको जस्तो सोलोगन छ। मलाई पनि यो सोलोगन त  अत्यन्तै मिठो लाग्यो । मुक्त कण्ठले म पनि प्रशंसा गर्छु र प्रशंसा योग्य छ तर कार्यान्वयन नीति र विधिले हुन्छकी हुंदैन भन्ने कुरामा मलाई फेरी शंका छ । शंकै शंका उत्पन्न भएको छ। आर्को सालको नीति तथा कार्यक्रममा शंका उत्पन्न नहुने गरि निवारणका साथ कार्यान्वयन होस्। मैले यलाई जोड दिन चाहन्छु। बुंदा नं.५ मा यहां भनिएको छ बहुदलिय लोकतान्त्रीक शासन प्रणालीमा पूर्ण प्रेस स्वतन्त्रता सक्षम न्यायपालिका र विधिको शासन प्रति सरकार प्रतिबद्ध छ मलाई अत्यन्तै खुसी लाग्यो। हाम्रो प्रदेश सरकार यो कुरामा प्रतिवद्धता रैछ। तर यो केन्द्रबाट अछुतो रहन सक्छकी सक्दैन ? केन्द्रिय सरकारले ल्याएको प्रेस काउन्सिल विधेयकबाट आएको तमाम एउटा पत्रकार एउटा चाहिं संचार मिडियाहरु त्रसित भएको बेलामा यो के प्रदेश सरकार त्यो केद्रको उसबाट अछुतो रहन सक्छ ? यसको ग्यारेण्टि के ? त्यस कारण यो ल्याएको कुरामा मलाई स्वागत छ र त्यसको ग्यारेण्टि के त्यो केन्द्रबाट प्रभावित नहोस । अहिले झैं मिडिया जगत आन्दोलित भए झै । फेरी यो प्रदेशले ल्याउंदै गर्दा पनि त्यो आन्दोलित नबनुन । माननीय सभामुख महोदय, प्रतिपक्षको सालिनतालाई कमजोर नठान्न र म सरकारलाई आग्रह गर्न चाहन्छु । प्रतिपक्ष मौन रहे समर्थन गर्यो भनेर त्यसको त्यो सालिनलाई कमजोर ठानिएको जस्तो मैले व्याख्या मैले पाएं र प्रतिपक्षको सालिनतालाई कमजोर नठान्न मैले सरकारलाई आग्रह गर्न चाहन्छु। प्रतिपक्ष भनेको जहिले पनि सकरात्मक मलाई सहयोग गर्छ । प्रतिपक्ष सरकार सत्ता पक्षको होला । सदन प्रतिपक्षको हो र समान रुपले समान व्यवहारमा समान दृष्टिकोणले गरियोस । किनभने गुण र दोषको आधारमा सपोर्ट पनि गर्छ विरोध पनि गर्छ । किन भने एउटा सत्ता पक्षको आंखाले एकोहोरो हिंड्यो भने वास्तवमा प्रतिपक्षले झकझकाएन

भने कतै ठेस लाएर सरकारलाई भने त्यो दुख्ने भनेको सवै नेपाली जनतालाई हो। त्यो सरकारलाई मात्रै दुख्ने होइन। सरकारमा भोट हाल्ने जनतालाई मात्रै दुख्ने होइन समग्र एउटा डुङ्गामा प्वाल पर्यो भने त्यो डुङ्गामा बस्ने यात्रिहरु सवै डुव्छन त्यस कारणले डुङ्गा कसले ह होइन त्यो डुङ्गामा बस्ने हामी प्रदेशबासी सवै डुव्ने अवस्था नआओस त्यसैले प्रतपक्षको सालिनतालाई अपव्याख्या नगरियोस्। यसको कमजोर नठानियोस् मैले सरकारलाई आग्रह गर्न चाहन्छु जागरण अभियानको समेत पटक पटक माननीयज्यूहरुबाट कुरा उठ्यो। मलाई खुसी पनि लाग्यो। जागरणले कतै यो नेपाली कंग्रेसका कार्यकर्तामात्रलाई होइन मलाई लाग्छ सवैलाई जागरुक गराएर माननीयज्यूहरुलाई पन जागरुक गराएछ  यो नेपाली कांग्रेसको जन जागरण अभियानबाट नतर्सिन समेत मैले आग्रह गर्न चाहन्छु। तर्सिनु पर्दैन यो त पहिलो चरणको जागरण अभियान हो। अव दोश्रो तेश्रो चरणका कार्यक्रमहरु त आउंनै छन त्यसकारणले यो चाहीं के हुन्छ भने विगत देखि बर्तमानसम्म सत्ता योचाहिं चलाउने भन्या कुरा सत्ता प्राप्ति भनेको कुरा जनता भनेका कसैका पनि दास होइनन्। यो चमचाको चर्खा हो। कहिले को माथि पुग्ला कहिले तल पुग्ला त्यसैले जनताले धैरै कुरा बुझेका छन र जनताको समृद्धिको लागि हामी सवै लाग्ने हो। हामी सबै एक जुट भएर लाग्ने हो त्यसैमा मैले जोड दिन चाहन्छु। विशेष गरेर यहां धैरै कुराहरु पनि उठि सके मैले माननीय सभामुख मार्फत सरकारलाई के ध्यान आकर्षण गराउन चाहन्छु भने बास्तवमा होला कले बागडोर समातेको छ। तर त्यो प्रभावित हुने हाम्रा जनता सबै हुन। त्यो बागडोर समात्ने मात्र होइन आज हाम्रा प्रदेशका जनताहरुलाई विकट ठाउं आज हाम्ले सोच्न पनि नसकिने कल्पान पनि गर्न नसकिने गाउंहरु पनि छन र त्यस्ता बाटाहरु पनि छन। तिनको भावना अनुरुप काम गर्नु पर्छ जस्तो पोहोरकै नीति तथा कार्यक्रम आयो। वजेट पनि छुटियो। त्यो सवभन्दा दुख लाग्दो कुरो त्रिवेणी सुस्ता जसलाई हाम्ले स्वार्थको निम्ति हामीलाई भन्सार चाहियो भन्या छन। हाम्ले उताका ती दुइवटा गाउंलाई यता गाभ्ने आज उनीहरु एउटै प्रदेशको राजधानीको कुरा छोडौं। आफ्नो गाउं पालिकाको कार्यालयमा आउंदा समेत ५ नं. लाई प्रयोग गरेर आउनु परेको छ। अत्यन्तै शास्ति भोगेका छन। त्यसैले एउटै सरकार छ केन्द्र र प्रदेशमा एउटै पार्टिको सरकार हुंदा पनि किन तेलाई निकाल्न सकिंदैन। किन त्यो निकास खुलाएर त्यो बाटो खुलाउन सकिंदैन। अहिलेसम्म त्रिवेणी सुस्ताको बाटो त्यो खुलेको छैन। ल त्रिवेणी टु कोरलाको बाटोमा यहां यल्ले कार्यक्रममा पनि बोलेको छ। त्यो आगामी दिनमा त्यो सम्पन्न होला तर त्यो त्रिवेणीको मात्रै खुलाउने कुरामा

खै ? कहिले हो खुलाउने यत्रो यत्रो डेढ बर्ष हुने बेलासम्म एउटा त्यो आरक्षणसंग र केन्द्रिय सरकारसंग सहमति लिएर काम गर्न सकिंदैन? केन्द्रिय सरकारले आज त्यो निकास दिन सक्दैन? किन किन गर्न सक्दैन? के हाम्रो प्रदेश विरोधी हो केन्द्रिय सरकार ? यो पनि म अनुरोध गर्न चाहन्छु। अव तुरुन्तै एउटै पार्टीको सरकार भको वेलामा त्यो बाटो तिव्र रुपमा खोलियोस्। तेलाई अहिलेनै पिच हुनेगरी बजेट तेलाई विनियोजित गरियोस र त्यो बाटोलाई तुरुन्तै खोलियोस र अन्त्यमा मैले हाम्रो पार्टिको तर्फबाट माननीय कुमारजीले पनि धेरै कुरा राख्नु भयो। त्यो संशोधनमा सवैले संशोधन गर्न सहमति जनाउनु हुनेछ भन्ने विश्वास राख्दै अन्त्यमा फेरी यो सरकारले विभेद नहेरीकन चाहे प्रतिपक्ष होस चाहे सत्ता पक्ष होस चाहे प्रत्यक्ष होस् चाहे समानुपातिक होस सम्पूर्ण सांसदहरुको योजनालाई क्रमागत रुपबाट सम्बोधन हुनेछ भन्ने कुरामा मैले विश्वास लिएको छु मलाई लाग्छ कसैलाई मातैमात कसैलाई पुरपुरोमा हात भयो भने त्यो मान्य हुने छैन। त्यसैले समाबेशि रुपबाट सवै योजनालाई छनौट गरियोस र मैले सुनें कतै मैले सुन्दै गर्दा नाम खोल्न चाहिं चाहन्न। मैले कुनै मन्त्रालयको एक जना मित्रलाई मैले फोन गरें मेरै योजना के भयो अथवा हाम्रै योजना के भए कसरी तपाइहरु राख्दै हुनुहुन्छ फोन पनि तपाइहरुले गर्नु भाछैन के हो यो भनेर सोध्दा अब माननीयज्यू मन्त्रीज्यूहरुले त अब जिल्लाहरुबाट सम्बन्धित कार्यालयको विभागबाट आएका भए आइहाले नत्रभने अब सत्तापक्षका अलि बढि प्रतिपक्षका अलिकम प्रतिपक्षका ३ वटा हाले यो समानुपातिकका एउटा सम्म सम्बोधन गर्ने भन्ने समेत मैले पाउंदा मैले अघिनै माननीयजी एक जना माननीयजीले पनि भनेको कुरालाई कोट गर्दै त्यसो भने यो प्रदेश सभामा पनि माननीय समानुपातिक भनेर बोलाइनु पर्यो। अथवा माननीय सत्तापक्ष र प्रतिपक्ष भनिनु पर्यो र त्यसको बस्ने बेन्चा पनि छुट्टै व्यवस्थित गर्नु पर्यो भने हैन भने किन त्यस्तो भनिन्छ ? समावेशि समानुपातिक र समानरुपले विकासको निम्ति विनियोजित गरिनु पर्छ । सबैलाई समान ढंगले हेरिनु पर्छ र त्यसकारणले चमचाको चर्खा भनेझैं धेरै मैले भन्न चाहिन भनिन्छ एउटा उखान समजदारीके लिए इशारा भी काफी हे भने जस्तै यति भनाइ राख्दै यो प्रदेश सरकारलाई यी सम्पूर्ण नीति तथा कार्यक्रम अत्यन्तै मेहनत गरेर ल्याएका यि नीति तथा कार्यक्रम छन बास्तवमा कलर जे जस्तो भएपनि जलप लगाएको सुन भनेर अर्को वर्ष भन्न नपरोस सुन सुनै हैन हिरामा परिणत भएर कार्यान्वयन होस भन्ने शुभकामना दिंदै मेरा भनाइहरु अन्त्य गर्ने अनुमति चाहन्छु। हस्त धन्यवाद। जय नेपाल जय प्रदेश ।

## माननीय सभामुख

माननीय श्री गायत्री गुरुङ्गलाई छलफलमा भाग लिन समय दिन्छु समय १० मिनेट ।

## माननीय गायत्री गुरुङ्गः

माननीय सभामुख ज्यू, आज हामी प्रदेश प्रमुख माननीय बाबुराम कुंवरद्धारा प्रदेश सरकारले ल्याएको यो २०७६र७७ को यो नीति तथा कार्यक्रममा हामी छलफलको क्रममा छौं। आज हामीले छलफल गरि रहंदा हामी आज एकात्मक शामन्ति राज्य व्यवस्थालाई फालेर हामी यो संघिय प्रणालीमा आइराखेका छौं। यो प्रणाली स्थापना गर्नको निम्ति महान जनयुद्ध, ऐतिहासिक जनआन्दोलन र थुप्रै परिवर्तनकारी आन्दोलनमा साहदत प्राप्त गर्नुहुने सम्पूर्ण महान सहिदहरु प्रति म हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । वेपत्ता योद्धा प्रति म हार्दिक सम्मान गर्न चाहन्छु । घाइते योद्धा प्रति पनि म हार्दिक सम्मान गर्न चाहन्छु । आज म यो रोष्टममा उभिएर यो नीति तथा छलफलको बारेमा बोलिरहंदाखेरि मलाई माननीय टेक बहादुर घर्तिको याद आइराखेको छ । टेक बहादुर घर्ति जो माननीय हुनुहुन्छ वहांको सहादत भैसकेको छ मैले यहि रोष्टममा देख्दाखेरी वहाले भन्नु हुन्थ्यो नेकपाका अध्यक्ष प्रचण्ड र ढोरपाटनका मेयरले अव विकासको मुल फुट्यो । तर विकास मुल फुटदाफुटदै यो नीति तथा कार्यक्रममा हाम्रो ढोर पाटननै छुट्यो भनेर भनि रहनि त्यो वर्डहरु मलाई याद आइराखेको छ । म माननीय टेक बहादुर घर्ति मगर प्रति पनि म हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र परिवार प्रति म समवेदना प्रकट गर्न चाहन्छु र आज हामी छलफल गरि रहंदा हाम्रो हिजो देखि आजसम्म हामी छलफलको प्रकृयामा छौं हाम्रो प्रमुख सचेतक लगायत थुप्रै माननीयज्यूहरुले बोलि सक्नु भाछ । मैले धैरै विषय वस्तुहरु त्यतातिर गैन । खासगरी मलाई के अनुभुति हुन्छ भन्दाखेरी प्रदेश सरकारले इमान्दारी पुर्वक यो प्रदेशमो स्थापना हाम्रो भर्खरै मात्रै भाको छ । हामी दुई वर्ष मात्रै हामी यसलाई अभ्यास गर्दै छौं । हाम्रो प्रदेश सभा नयां, प्रदेश सरकार नयां, हाम्रो संघियताको अभ्यास नयां, हामीले यसरी अभ्यास गरि रहंदाखेरि मलाई लाग्छ हामी यो सरकारले नीति कार्यक्रम मैले ल्याइरहंदाखेरि मलाई के लाग्छ भने यो इमान्दारीपूर्वक सरकारले आफ्नो समिक्षा गरेको छ । शुरुको चरणमा हाम्रो कमि कमजोरीहरु के भयो हामीले अहिले सम्मका उपलव्धि हामीले केके गर्यौं र अबको दिनमा हाम्ले सम्भावना कसरी चुन्छौं र यो प्रदेशलाई यो गण्डकी प्रदेशका जनतालाई एउटा सुखी एउटा प्रदेश र एउटा सक्षम नागरिक हामीले कसरी बनाउन सक्छौं भनेर

एकदम इमान्दारीपूर्वक समिक्षा गर्दै एउटा महान लक्ष्य लिएर यो नीति कार्यक्रम आको छ यसको लागी म प्रदेश सरकारलाई ऋृदयदेखिनै धन्यवाद दिन चाहन्छु। हार्दिक बधाई दिन चाहन्छु र शुभकामना पनि दिन चाहन्छु र हामीले यो प्रदेशको नीति तथा कार्यक्रम सरर हेर्दै जांदाखेरि हामीले देख्यौं पर्यटनको कुरा यहां जोडिराखेको छ। पर्यटन हवका कुरा, पर्यटकिय राजधानीका कुरा, उज्यालो प्रदेश खाद्य वस्तुमा शुद्धताको कुरा, व्यवस्थित  बसोबास र भुमि व्यवस्थाको कुरा, एक सहकारी एक उत्पादनको कुरा, उद्योग यसैगरी विज्ञान प्रविधिको कुरा, भौतिक पूर्वाधारको कुरा, खानेपानी आधुनिक र व्यवस्थित शहरको कुरा छ आज दक्ष जनशक्ति उत्पादनको कुरा छ। खेलकुदको सम्मान गर्ने कुरा छ। सामाजिक सुरक्षाका कुराहरु छन। यसैगरी महिलाहरुको अधिकारको कुरा पनि चेतना दिने कुराहरु पनि यहां जोडिएका छन। यसैगरी स्वस्थ जनशक्तिको कुरा यहां छ। स्वास्थ्य बाताबरण कोष, स्वस्थ जीवन,हरियो वन यो बहुसांस्कृतिक ग्रामहरुको कुराहरु पनि यहां आको छ र जेष्ठ नागरिकको कुराहरु, अपाङ्गको अपाङ्गता भएका साथीहरुलाई कसरी व्यवस्थित गर्ने भन्ने कुरा टोटलमा आको छ र यस कारणले यो यदि धेरै राम्रो छ। मलाई लाग्छ मान्छे रुपमा मात्रै राम्रो हुनु के रे त्यसको बानी व्यहोरा पनि राम्रो भयो भने त्यो असाध्यै राम्रो हुन्छ। यसले गर्दाखेरी यसको कलर हैन यो नीति तथा कार्यक्रमको बाहिरी कलर मात्रै हैन भित्री पृष्ठभुमि पनि असाध्यै राम्रो छ । यसकारणले गर्दाखेरि यो सुन्दर छ अति राम्रो छ। यो नीति तथा कार्यक्रमको आधारमा हामी अगाडि बढदाखेरि यो प्रदेशलाई हामीले एउटा समृद्ध प्रदेश बनाउन सक्छौं। त्यसकारणले हाम्रो पार्टि यो यसको समर्थन गर्दछ र मैले यसको पूर्ण समर्थन गर्दछु र अघिनै अलिकति कुराहरु आए ।आहाल खेल्ने कुराहरु म पनि गाउंतिरै हुर्केर आको हो हैन सानोमा मैले गाउंमै हाइस्कुल पढेर आउंदाखेरि गौचरनहरुमा भैसीहरु चर्ने, गोरुहरु चर्ने र आहाल खेल्ने मैले देखेको थिएं म पनि अहिले बुझ्दछु। बुद्धचोकबाट यहां आउंछु यसरी आउंदाखेरि म पोखराकोनी धेरै ठाउंहरुमा टोटल कास्कीको धेरै ठाउंमा सम्भवत म यो प्रदेशकै थुप्रै ठाउंहरुमा प्रोग्राममा पनि जान्छु। किनभन्दा म माननीय मात्रै हैन म यो प्रदेशको अखिल नेपाल महिला संघ क्रान्तिकारीको संयोजक पनि हो। यसरी हेर्दाखेरि मलाई लाग्छ यो पोखरा झ्यालीमा जुन स्मार्ट सिटिको कुरा आयो त्यो आहाल खेल्छ भन्ने कुरा आयो। यो सुन्दा मलाई असाध्यै नौलो पनि लाग्यो के आश्चर्य चकित भएं म किनभन्दाखेरि म बुद्धचोकबाट यो सदनसम्म आउंदा मलाई लाग्छ म बाटुलेचौरसम्म पनि पुग्छु। यसरी हेर्दाखेरि

पहिला आहाल खेल्थ्यो होला पहिला पहिला यो पोखरा यति व्यवस्थित नहुंदाखेरि आहाल खेल्थे होला तर अहिले प्रदेश सरकार आइसकेपछि त मैले यो बाटो घाटो सानो सानो खाल्टाखुल्टि पनि पुरिएर एउटा स्मार्ट बनेको मैले अनुभुति गरेको छु भने मैले यसलाई कसरी पत्याउं। यसकारणले गर्दाखेरि यो विषयहरुमा मैले यो भन्न चाहें र अर्को कुरो यो एकदम कविता जस्तो एकदम लय मिलेको जस्तो भन्ने कुरा नि आयो। मलाई एकदम खुसी लाग्यो है यो मानेमा किनभन्दाखेरि कला भन्ने चिज कविता भन्ने चिज लेख्ने कुरा कला भको क्षमता भाको मान्छेले लेख्नी होनीत प्रदेश सरकार यति क्षमतावान छ हाम्रो यो समृद्ध बनाउने कुरात छंदैछ त्यो तर यसमा एकदम कलाको पनि क्षमता रैछ मलाई गर्व लाछ। त्यसकारणले गर्दा पनि हाम्रो यो सांस्कृतिक रुपमा पनि हामी एउटा हराभरा प्रदेशमा उभिरेका छौं भने मलाईत एकदम गर्व लाछ साथीहरुले एकदम सम्मान गर्नु भाछ। यसको लागी जो जो साथीहरुले उठाउनु भाछ एकदम सम्मान प्रकट गर्न चाहन्छु र यो इमान्दार पनि हुन नपाउनी जस्तो भयो के प्रदेश सरकार एकदम इमान्दार छ। मैले हेरेको छु हाम्रो माननीय मुख्यमन्त्रीलाई देखेको छु। माननीय मन्त्रीज्यूहरुलाई देखेको छु। मलाई लाग्छ यहां सत्तापक्षा प्रतिपक्ष भनेको चाहिं अनुभुति नै गरेको छैन के। किनभन्दाखेरि सत्तापक्षको माननीयहरुले पनि हाम्रो वजेट हाल्देउ भनेर गको स्थितित मैले पनि देखेको छु। त्यहां प्रतिपक्षलाई मात्र दिएन भन्ने कुरा होइन त्यहां मिलाउनी कुरा होला। व्यवस्थापन गर्ने कुरा होला प्रदेशको समग्र समानुपातिक हिसावले चाहिं तेलाई विकास गर्ने कुरा होला। त्यो मानेमा त्यो भको होकी जस्तो मलाई चाहिं लाग्छ। त्यसकारणले गर्दाखेरि अब हामीले बोल्दाबोल्दै अब यो सरकारले हाम्रो यो वाल जो छ हामीले यो वाल देखिराखेका छौं। यो पिंक कलरको गुलावी रङ्गको छ हल्का गुलावी रङ्गको यसलाई हामीले कालो भन्न त भएननी त। गुलावीलाई गुलावीनै भन्नु पर्यो अथवा कालोलाई कालै भन्न पर्यो सेतोलाई सतै भन्न पर्यो। यसकारणले गर्दाखेरि कालोलाई चाहिं सेतो भनेर चाहिं त्यो विश्वास गर्नेत छैन। जनताले बुझेकै छ। हामीले देखिराखेका छौं। आज चोकचोकमा यो नीति तथा कार्यक्रमको बहस भैराखेको छ। यो सरकारले गर्छ। सातवटै प्रदेश मध्यको नीति कार्यक्रम हेर्दा यो राम्रो छ। यो प्रदेशको यो सोलिडरहरु हेर्दाखेरि। माननीय मुख्यमन्त्री देखि लिएर मन्त्रीहरु सम्म यो गर्छ भन्नी खालको जनतामा त्यो खालको बहस चलिरहेको हामीले पाउंछौं हामी जनताको प्रतिनिधि भको कारणले गर्दाखेरि यो कुरा पनि म तपाइहरुको विचमा राख्न चाहन्छु र अलिकिति मैले सुझाव दिनु पर्ने थोरै कुरा अलिकति मैले राख्न खोजें।

खासगरी हामीले यो बनाछौं अब कार्यान्वयनको पाटोलाई त हामिले अलिकति ध्यान दिनुपर्ला जस्तो लाग्छ। यसमा पक्कै पनि प्रदेश सरकार सिरियस हुनेछ मैले पनि विश्वास लिएको छु र अब यो अहिले हामीले देख्यौं। यो परम्परावादि भयो भन्ने जस्तो जस्तो खालको पनि छ । तर मलाई के लाग्छ भन्दाखदेरी हामी दुइ वर्षमा छौं परम्परा हाम्ले केलाई भन्ने हो? राम्रा कुरालाई त हामिलेत अनुसरण गर्दै अगाडि बढाउने कुरा हामीले जोड गर्ने होला त। त्यसकारणले गर्दाखेरि हाम्ले पहिलाबाट हामीले अपुरो हाम्रा अधुरो कामहरु छ। त्यसलाई पुरा गराउनको निम्ति प्रदेश सरकार असाध्यै एउटा कटिवद्ध ढङ्गले लाग्नको निम्ति म अनुरोध गर्न चाहन्छु र यो अलिकति मेरो पृष्ठभुमि फरक छ म किन भन्दाखेरि म जव १६/१७ वर्षको उमेरमा आएं जतिखेर मेरो उमेर असाध्यै रहर लाग्दो थियो त्यतिखेर म जनयुद्धमा होमिएको महिला लीडर हो। महिला हो। त्यतिखेर म त्यो जनयुद्धको एउटा सिपाहि हो। त्यो कारणले गर्दाखेरि जनयुद्ध प्रतिको मेरो मोह छुट्टै छ। मैले त्यहां हुर्के मेरो आफ्नो परिवार बनाएं म यहांसम्म आउंदाखेरि मेरो जनयुद्ध प्रतिको माया छुट्टै खालको छ। म यहांसम्म जो आछु मैले त संधै सहिदलाई सम्झिन्छु। सायद हामीपनि एक काम्लाले त्यो अस्ति पनि मैले राखेको थिएं त्यसरी हामी खल्लिदै पनि आयौं। त्यसकारणले  यो स्थानसम्म आउनको निम्ति महान सहिदहरुको भुमिका महान छ। त्यसकारणले गर्दाखेरि यो जनयुद्ध एउटा जनताले चलाएको जनयुद्ध भएको कारणले गर्दाखेरि यो शसस्त्र संघर्ष ठाउंमा जनयुद्ध राख्नको निम्ति मैले आग्रह गर्न चाहन्छु र सहिद जो सहिद भएर जानुभो सहिद परिवारहरुको व्यवस्थापनको कुरा अलि समस्याको विषयहरु छन। यसैगरी वेपत्ता योद्धा म एउटा वेपत्ता योद्धाको परिवार पनि हो। मेरो भेनानैं स्वयं वेपत्ता हुनुहुन्छ भने त्यो पिडा दिदिको जो पिडा छ मैले देखिराखेको छु त्यो पिडा त्यसकारणले गर्दाखेरि त्यो वेपत्ता योद्धाहरुलाई सार्वजनिक गर्ने कुरा र वेपत्ता योद्धाका परिवारहरुलाई व्यवस्थापन गर्ने कुरा र घाइते अपाङ्गहरुलाई साथीहरु जो हुनुहुन्छ वहांलाई व्यवस्थापन गर्ने कुरामा अलिकति ठोस रुपमा आयो भने पक्कै पनि हामी यो सुझाव दिन चाहन्छौं। अझ राम्रो हुन्छ यो नीति कार्यक्रम भन्ने र हामीले यो सत्तापक्ष र प्रतिपक्ष भनेर हामले यहा  बहस गरि राखेका छौं। तर म प्रतिपक्षको साथीहरुलाई पनि के भन्न चाहन्छु भन्दाखेरि यो नीति कार्यक्रम हुनत कुनै पनि व्यक्ति आफैमा राम्रो हुंदैन त्यो हेराइको कुरा हो भन्नी खालको पनि हामि सुन्छौं त्यसकारणले गर्दाखेरी यो राम्रो छ यसलाई अव सवै मिलेर यसलाई पास गरौं र यसलाई यो नीति र विधिको आधारमा हामी अगाडि बढौं। पक्कै

पनि हामीले यो समृद्ध प्रदेश बनाउन सक्छौं। यहां यो प्रदेशका नागरिकहरुलाई हामी सुखी बनाउन सक्छौं भन्दै पुनः यो नीति तथा कार्यक्रमको पूर्ण समर्थन गर्दै मेरो मन्तव्य यहीं अन्त्य गर्न चाहन्छु। धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री ललितकला गुरुङ्गलाई छलफलमा भाग लिन समय दिन्छु । समय १० मिनेट ।

## माननीय ललितकला गुरुङ्गः

माननीय सभामुख महोदय, यहि २४ गते प्रदेश सभाको चालु चौथो अधिवेशनमा माननीय प्रदेश प्रमुखद्धारा प्रस्तुत गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष ०७६/७७ को नीति तथा कार्यक्रम माथि छलफलको दोश्रो दिन आफ्नो केहि भनाइ राख्ने अनुमति चाहन्छु। सभामुख महोदय यस गरिमामय सभामा म नेपालको राजनीतिक इतिहासका विभिन्न काल खण्डमा राजनीतिक परिवर्तनका लागि आफ्नो प्राण आहुति गर्ने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति सहिदहरुको स्मरण गर्दै श्रद्धासुमन व्यक्त गर्न चाहन्छु। राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र र समाजवादका लागि निर्णयात्मक नेतृत्व गर्नु हुने अग्रज र साथ दिनुहुने सम्पूर्ण नागरिक प्रति सम्मान व्यक्त गर्दछु। सभामुख महोदय २०३ बुंदामा बढि छन्दात्मक कर्णप्रिय यस नीति तथा कार्यक्रम खुबै मेहनतका साथ लिएको छ। कविता पाठ जस्तो लाग्ने सुन्दा रमाइलो लागेको खासमा ठोस कुरा नभेटिएको यस पुर्ण पाठमा हुनलाई सबै कुरा समेटन खोजिएको जस्तो तर ठ्याक्कै गर्न खोजिएको परिणात्मक विषय पाउन सकिएन। आलिदेखि थालीसम्म भनिएको छ। यसमा बांझो जग्गालाई बांझो नराख्नको निम्ति प्रोत्साहन गर्ने जस्ता कार्यक्रमहरु पनि समेटन आवश्यक ठान्दछु र बधशाला देखि भान्सासम्म भनिएको छ। स्वस्थ मासुको कुरा गर्दै गर्दा आज फ्रेस हाउसमा कस्ता मासु बेचिन्छन थुप्रै न्यूज पेपरहरुमा मेडियाहरुमा लेखिएको छ बर्डफ्लुको कुरा तर त्यहां मासु बेचिएको बेचियै छ त्यसको लागि परिक्षणको व्यवस्थाको निम्ति पनि सोचियोस र गोठदेखि ओठसम्म भन्ने कुरा पनि आएको छ। अहिलेको बच्चाहरुलाई सोध्नु हुन्छ भने दुध कहांबाट आउंछ पोकाबाट आउंछ भन्ने गर्छन र त्यसको लागि पोकादेखि चुलो अथवा ढोकासम्म नभएर यसलाई भनिएको छ गाइगोठ। भैंसी, बाख्रापालन यसको निम्ति प्रोत्साहनको लागि कार्यक्रम ल्याइयोस भन्ने मेरो आग्रह छ। मलाई यो नीति तथा कार्यक्रममाथिको जुन छलफल

र बहस सुनिरहंदा एउटा भनाइको याद आउंछ। दिल्ली हांक्तछ जोड दिन्छ गफले आकास पातालकोनै सुरो झैं अगाडि बढन खोज्छ रणमा ताउ जुंगामा दिंदै अन्यथा नलिनु होला। मैले प्रसंग जोडन खोजेको सुशासन र समृद्धि विज्ञान र प्रविधि सुन्दा मिठो छ तर यसलाई छन्दत मिलाईएको छ। पढदै जांदा सुशासनको विषयमा कतै शव्द भेटिएन त्यसैले भावनामा वग्न होइन कार्यान्वयनमा लाग्नसम्म सवैलाई आग्रह गर्दछु। समृद्धिको लहर आधुनिक शहर भन्दै गर्दा जेष्ठ, अपाङ्ग र महिलाको लागि गाडिमा सुरक्षित र व्यवस्थित यात्रा गर्दा सुनिश्चित ठाउंमा गाडि रोक्ने यात्रु उकाल्ने ओराल्ने अनि अनियमित रुपमा गर्ने गरिएको पार्किङ्गलाई व्यवस्थित गर्ने नीति ल्याउन आग्रह गर्दछु। संमृद्धिको अभियान युवाको योगदान भन्ने भनाइका साथ आएका जुन बुंदा वा नीतिमा गाउंदेखि शहरमा माइग्रेसन र दिनहुं लहर लाग्ने माइग्रेसन वर्कर रोक्न आग्रह गर्दछु। भाषा संस्कृतिको सम्मान गण्डकी प्रदेशको शान मिठो छ। तर लोक संस्कृतिको अति धनि ऐतिहासिक यो प्रदेशमा मेरो वा हाम्रो संस्कार झल्काउने शव्द कतै भेटिएन। जनसंख्याको आधारमा आधाभन्दा बढि धरातल ओगटेको महिलालाई गोलमटोलको रुपमा ल्याइएको छ। ठोस रुपमा यति ठुलो किताबमा अटाउन सकेको छैन। परिवर्तनकारी कार्यक्रमले समेटन आग्रह गर्दछु। यो राष्ट्रको प्रमुख मेरुदण्डको रुपमा लिएको श्रमिक वर्गको बारेमा कतै सम्बोधन गरिएको छैन। अनि कसरी समृद्धिको परिकल्पना गर्न सकिन्छ। यसलाई मनन गर्न आग्रह गर्दछु। भ्रष्टाचार गर्दिन गर्न पनि दिन्न सुन्दै गर्दा पृथ्वी नारायण शाहको भनाइको याद हुन्छ। त्यो बेला पनि घुस लिने र घुस दिने दुबै महाशत्रु हुन भन्ने भनाइ थियो। त्यो वेलादेखि अहिलेसम्म आउंदा अहिले पनि यो भनाइलाई मोडेर राखिएको छ। तर जुन कृयाकलापलाई रोक्नको लागी प्रतिवद्धता आवश्यक छ त्यसको लागि प्रतिवद्धता आउन आवश्यक ठान्दछु। गुणस्तरिय मल र विउको व्यवस्थापन बांझोमा भरपुर उत्पादन उत्पादकलाई सम्मान जस्ता कुराहरु पनि प्राथमिकतामा आउन आवश्यक ठानेको छु । साथै बाली विमालाई विशेष रुपमा अगाडि बढाउन पनि आग्रह गर्दछु र धैरै कुराहरु आएका छन र जुन नीति तथा कार्यक्रम हिजोदेखि आजसम्म यहां बहस भैरहेको छ। २०३ बुंदामा यति ठुलो बुकमा आएको छ । सांच्चै भन्दा एक वर्ष छिट्टै वित्दो रहेछ र आउने यो वर्षमा विगतको वर्ष जे जसरी वितेपनि आउने यो वर्षमा जुन उल्लासका साथ ल्याइएको छ यस नीति तथा कार्यक्रमको पूर्ण सफलताको कामना गर्दै अन्तमा नेपाली कांग्रेस र नयां

शक्तिको शक्तिद्धारा राखिएको संशोधन प्रस्तावलाई समर्थन गर्दै मेरो आफ्नो भनाईलाई पनि अन्त्य गर्न चाहन्छु। धन्यवाद जय नेपाल।

## माननीय सभामुख

माननीय श्री मोहन प्रसाद रेग्मीलाई छलफलमा भाग लिन समय दिन्छु। समय १० मिनेट।

## माननीय मोहन प्रसाद रेग्मीः

माननीय सभामुखज्यू, २०७६ जेठ २४ गते प्रदेश प्रमुख माननीय बाबुराम कुंवरद्धारा यस गरिमामय सभामा प्रस्तुत नीति तथा कार्यक्रमको सन्दर्भमा हामी छलफलमा जुटेका छौं र सर्वप्रथम त म यो नीति तथा कार्यक्रम प्रस्तुत भैसकेपछि सरसरति यसलाई हेर्दा विगतको समिक्षा यसको कार्य प्रगति र यथार्थ स्थितिलाई चित्रण गरेर यो प्रदेशमा यो सभामा प्रस्तुत भएको गत आर्थिक वर्षको समिक्षा गर्दा यसका अप्ठयारा परिस्थितिहरु र हामीले अवलम्वन गरेको नीति र त्यसको कार्यान्वयनको सम्बन्धमा जसरी एउटा समीक्षा गरेर प्रस्तुत भएको छ। यो सकारात्मक सन्देश हो भन्ने मलाई लाग्दछ। जहांसम्म हामीले छलफलको क्रममा उठाउन सक्ने विषयहरु छलफलमा प्रस्तुत गर्न सकिने विषयवस्तुहरु हुन। यी विषयवस्तुलाई संशोधन प्रस्ताव मार्फत यहां प्रस्तुत गर्नु पर्ने त्यसको आवश्यकताको बारेमा पनि मलाई लाग्छ धेरै विषयहरु समेटिएका छन र संकेत गरिसकेका विषयहरुलाई पनि फेरी संशोधन प्रस्ताव प्रस्तुत गर्नु भको छ यो संशोधन प्रस्तावलाई सायद यो संसदमा प्रस्तुत गर्नुपर्ने नभै छलफलमा राख्नु पर्ने विषय जस्तो मलाई लाग्दछ। सायद म यतिमात्र अनुरोध गर्न चाहन्छु की हामी छलफलमै धेरै कुराहरु गर्न सक्ने विषय पनि हो। समृद्ध प्रदेश र सुखी नागरिक बनाउने भन्ने प्रदेशले जुन प्रतिवद्धता जाहेर गरेको छ यसले विकास निर्माणको पूर्वाधारको सन्दर्भलाई, जनजीविकाको सन्दर्भलाई, सामाजिक सुरक्षाको सन्दर्भ, सुशासन र उत्पादनमा जुन खालको जोड दिएर यो प्रदेशलाई समृद्धीको अभियानमा लैजाने जुन प्रतिवद्धता जाहेर गरेको छ हामी मेहनत गर जनता भन्नु भन्दा पनि हामी यहां मेहनतकारी जनता भन्ने माननीयहरुले उठाउनु भाथ्यो लाई यो सन्दर्भ याद आयो। नागरिकलाई समृद्ध बनाउने हाम्रो अभियान तिमी आफै गर भन्नु भन्दा पनि हाम्रा कार्यक्रमले समृद्ध बनाउन पर्छ भन्ने मलाई लाग्छ र यसले यो प्रदेशको गरिमालाई अझै उच्च राख्ने गरी अगाडि जाने परिकल्पना गर्यौं। पर्यटनको पुर्वाधारको विकास र गन्तव्यहरुको तय गर्ने, त्यसको पुर्वाधार तयार गर्ने, निर्माण गर्ने पर्यटकहरुलाई आकर्षण दिने र

पर्यटनसंग सरोकार राख्ने सवै क्षेत्रलाई खेलकुद पर्यटन किन नहोस कृषि पर्यटन किन नहोस यो पर्यटनसंग जोडिएको आर्थिक समृद्धिको बाटोलाई पनि यसले इंगित गरेकोछ । यसले पनि यो सकारात्मक सन्देश छ र यसले आफ्नो लक्ष्य भेदन गर्न सक्छ भन्ने मलाई लाग्छ। विद्युत खपत बृद्धि र यसको समृद्धि भनेकोछ। यो समृद्धिसंग संगै जोडिएको मलाई लाग्छ जल सौर्य र वायु र जैविक उर्जाको सन्दर्भमा क्रियाशिल कार्यान्वयन गर्दै पेट्रोलियम पदार्थको विस्थापन गर्ने जुन खालको अभियान हो यो श्रोतलाई व्यवस्थित गर्दै लैजानु पर्छ भनेर अगाडि आएको छ। यस्ता धेरै विषयबस्तुहरु छन। अनुरोध गर्न खोजिएको कुरा के हो भने यो प्रदेशलाई समृद्ध बनाउनको लागि यो नीति तथा कार्यक्रमले निर्देशित गरेको छ वा त्यसले प्रतिबद्धता जाहेर गरेको छ र खाद्य वस्तुको सुद्धतासंग जोडदै प्रदेशको जुन जनशक्ति कृषिमा उत्पादनसंग जोडेर मुख्यमन्त्री जलवायु मैत्री नमुना कृषि गाउं अर्गानिक खेति प्रणाली लगायतका विषयबस्तुहरुलाई यसले जसरी उठान गरेको छ र यसले यो प्रदेशको समृद्धि र विकासको सन्दर्भमा सकारात्मक सन्देश दिएको कुरा जनताको विचमा पुगेको छ र आगामी दिनमा हामीले गर्नु पर्ने सन्दर्भमा यसले केही कुराहरुलाई इङ्गित गरेको छ । आयातमुखी अर्थतन्त्रलाई प्रदेशले आत्मनिर्भर गराउनको लागि प्रतिवद्धता जाहेर गरेको छ। यो नीति तथा कार्यक्रमले संकेत गरेको छ । कृषिमा आधुनिकिकरण र यान्त्रीकरण गर्ने यसले लक्ष्य लिएको छ। पर्यटनलाई स्थानिय उत्पादन र रोजगारसंग जोडेको छ। के यो सकारात्मक सन्देश होइनन ? यसैले मलाई लाग्छ यो नीति तथा कार्यक्रमले जेजे कुरालाई इंगित गरेको छ त्यसको भित्रि कुरामा छलफल गर्नुभन्दानी यी ठोस विषयबस्तुलाई यसले इंगित गरेको छ र यो सकारात्मक छ भन्ने मेरो अभिप्राय हो। ठुला कृषि प्रशोधन तथा खनिजजन्य स्थापना गर्ने छ यसले जडिबुटी उद्योग देखि लिएर थुप्रै यो प्रदेशको साधन र श्रोतलाई परिचालन गर्ने खालको कन्सेप्ट अगाडि सारेको छ। योजना अगाडि सारेको छ यो सकारात्मक पक्ष हो। शिक्षाको क्षेत्रमा प्राविधिक असल शिक्षामा जोड दिंदै भाषा संस्कृतिको विकासको सन्दर्भमा संकेत गरेको छ। यो नीति तथा कार्यक्रमले यो क्षेत्रको समग्र प्राविधिक शिक्षाको अहिलेको आवश्यकतालाई परिपुर्ति गर्ने वा अहिले विश्व वजारमा स्वरोजगार वा रोजगारका सवालमा अगाडी जाने भन्ने सन्दर्भमा यि विषय वस्तुसंग पनि शिक्षालाई जोडेर अगाडि लाने खालको योजना अगाडि सारेको छ यो आफैमा सान्दर्भिक छ र जनताको एउटा इच्छा र चाहना पनि हो भन्ने कुरा मलाई महसुस भएको छ। सहकारी क्षेत्रको लगानीलाई अहिले हामी सहकारीका धेरै

कुरा गर्छौं सहकारीका धेरै क्षेत्रमा भएका लगानीलाई हामीले उत्पादनमा लगाउने खालको नीति तथा कार्यक्रमले उत्पादनमा लगाउने खालको योजना अगाडि सारेको छ। यो यसले पुंजीको एकिकृत पुंजीको परिचालन भै उत्पादन सिर्जना गर्छ र यसले गर्दा यहांको आर्थिक समृद्धिको बाटोमा अगाडि जान सक्छौं मलाई यस्तो लागिरहेको छ। संघिय सरकार, स्थानिय सरकार र निजि क्षेत्रको लगानी र सहकार्यमा ठुला जलाशययुक्त आयोजनहरु निर्माण गर्ने शुरु गर्ने त्यसलाई संचालन गर्ने खालको योजना यसले अगाडि सारेको छ यो नीति कार्यक्रमले मुखरित गरेको छ। यसले गर्दा हामीले परिकल्पना गरेको स्वरोजगार र रोजगारका सवालहरुमा यि विषयवस्तुलाई जोडेर यो प्रदेशको समृद्धिमा टेवा पुर्याउन सक्छ र यहांको जनताको आवश्यकतालाई वहांको आवश्यकतालाई परिपुर्ति गर्न सक्छ भन्ने मलाई लाग्दछ। त्यतिमात्रै हैन आगमनकै सन्दर्भमा दक्षिण र उत्तर जोडने गौरवका योजनाहरु र त्यसलाई परिचालन गर्ने सन्दर्भमा धेरै महत्वपूर्ण राष्ट्रिय र अन्तराष्ट्रिय जगतमा यसले सम्पर्क समन्वय गरेर अगाडि बढने खालको सरकारले जुन खालको नीति अगाडि सारेको छ यसले सरकारले गरेका क्रियाकलापलाई पनि यसले इंगित गरेको छ। यहाँ सन्दर्भ चल्यो एउटा नाका खोल्न सकियो भनियो विगतमा त्यहां कुन सरकार थियो मलाई थाहा छैन। कुन स्थानिय तह थियो मलाई थाहा छैन। नवलपरासीकै कुरा पनि मलाई अलिअलि थाहा हुन्छ। अनि हामिले गर्न नसकेको कुरा अहिले प्रदेशले गरेन भनेर कसैप्रति लक्षित गर्नुपनि सान्दर्भिक नहोला हामी समिक्षा गरौं विगतमा हामीले गरेका कामको समिक्षा गरौं। हाम्रा नेतृत्वले गरेका कामको समिक्षा गरौं र अहिले यो सरकारले गर्न लागेको र थालनी गर्न लागेको कुरामा साथ दिएर अगाडि जाने खालको वातावरण सिर्जना गर्यौं भने यो प्रदेशको समृद्धि हुन्छ भन्ने कुरालाई पनि नजर अन्दाज गर्न हुंदैन भन्ने मेरो अनुरोध छ। त्यसरीनै खेलकुदको पूर्वाधार खेलकुद प्रतिष्ठान र युवा सरोकारका सवालमा नीति तथा कार्यक्रमले सम्वोधन गरेको छ र यसले आम युवाहरुलाई उत्साहित बनाउने छ। युवाहरुका रोजगारका सवालहरु स्वरोजगारका सन्दर्भमा र राष्ट्रिय प्रतिभाको लागि खेल प्रतिष्ठानहरुको माध्यमबाट खेल खेल्नेहरुको लागि खेल खेलाडिहरुको लागि र खेल रोजगारको लागि पनि हुनेछ र खेलमा लाग्नेहरु जीवन खेलमा लाग्नेहरु अध्ययनशिल पनि बन्नेछन भन्ने विषयलाई पनि प्रतिष्ठानको अवधारणाबाट यसले अगाडि सारेको छ यो सकारात्मक विषय हो र यहा धेरै कुरा चल्यो। विद्युतिय सुशासनको माध्यमबाट हामिले भन्यौं सक्षम, सुदृढ, सेवामुखी र भ्रष्टाचारमुक्त यो समाज निर्माण गर्ने क्रममा जुन खालको

योजना यो प्रतिवदेनले अगाडि सारेको छ। यो नीति तथा कार्यक्रमले अगाडि सारेको छ । यसले गर्दा सवै क्षेत्रको हामी सुशासन चाहन्छौं। समृद्धि चाहन्छौं र यो प्रदेशको समग्र विकास र समृद्ध र जनताको जीवनस्तरलाई उन्नत गराउनको लागि अन्य प्रदेश भन्दा अगाडि जान सक्छौं भन्ना खालका जुन प्रतिवद्धताका साथ त्यो योजनाका साथ अगाडि सारिएको छ र नागरीक अधिकारको सम्मान र सामाजिक सुरक्षाका सन्दर्भमा अनि भाषा संस्कृतिको सम्मान गर्ने सन्दर्भमा र त्यतिमात्र होइन एक घर एक धारा हाम्रो अभिभारा भन्ने एउटा सन्देश वा कवितात्मक भन्ने कुरा पनि चलेको छ।त्यो कविताको एउटा कोटेशन भित्र त्यसभित्रम लुकेको धेरै रहस्य हुन्छन लाग्छ मलाई कतै कविहरुको प्रतिस्पर्धामा यो नीति तथा कार्यक्रमले कतै छायांमा पारिदियो की कतै कसैलाई चिन्ता लागेको छ भने चिन्ता नमान्नुहोस्। यो भित्र धेरै महत्वपुर्ण सान्दर्भिक कुराहरु लुकेका छन चाहे यो प्रदेश सरकारले प्रस्तुत गरेको कोटेशन कविताले पनि उनिहरुलाई साथ दिन्छ। तपाइहरुको भावनाको पनि प्रतिनिधित्व गर्छ र यो प्रदेशको जनताको प्रतिनिधित्व गर्दै समृद्ध प्रदेश बनाउने कुरामा टेवा पुर्याउछ र यो कार्यक्रम सान्दर्भिक नीति तथा कार्यक्रमलाई यहांहरुले सबैले सर्वसम्मत ढंगले पारित गरेर यो प्रदेशको समृद्धिमा सवैको हातेमालो गर्दै अगाडि बढौं यहि भन्दै मेरो भनाइ अन्त्य गर्छु । धन्यवाद, नमस्कार ।

## माननीय सभामुख

माननीय श्री सरिता गुरुङ्गलाई छलफलमा भाग लिन समय दिन्छु समय १० मिनेट ।

**माननीय सरिता गुरुङ्गः**

माननीय सभामुख महोदय,आर्थिक वर्ष २०७६र७७ को नीति तथा कार्यक्रमलाई अध्ययन गरिरहंदा यहां धेरै विषय वस्तुहरु समेटिएको जस्तो देखिन आएको छ। माननीय सभामुखज्यू त्यति हुंदा हुंदा पनि नीति तथा कार्यक्रममा हाम्ले गत वर्ष पनि यसै रोष्टममा उभिएर धेरै कुराहरु भनेका थियौं र अहिले पनि यो महिला, बालबालिका, अपाङ्ग, बृद्ध जस्ता कुराहरु दलित असाध्यै संवेदनशिल हो। यो हामी सबैले मनन गरेको कुरा हो यसमा हाम्ले बढि ध्यान पुर्याउनु पर्छ भन्ने हामी सबैको मान्यता हो। तर त्यति हुंदाहुंदै पनि अहिले पनि महिलाहरुको विषयमा त्यो शिर्षकमा एकमुष्ट बजेट छुट्याएको छ। अहिले यो २१ औं शताव्दिको महिलाहरु आफुलाई अलिकति फरकिलो र पेचिलो हुन चाहन्छ। त्यसैले महिलाहरु अब हामी एउटा महिला हो हामी एउटा सिम्प्याथिमा बस्न चाहन्छ भन्ने त्यो छोडिसकेको छ। वहांहरु एउटा

आफु एउटा समृद्धि गरेर एउटा आर्थिक समृद्धिमा जान चाहन्छ । त्यसैले मैले पहिले यो हाम्रो प्राथमिकता र सिद्धान्तमा पनि मैले भनेको थियौं किनभने महिलाहरुको क्षमता दक्षताको आधारमा महिलाहरुलाई आयआर्जन आर्थिक समृद्धि गराउनको लागि महिलामुखि महिलामैत्री कार्यक्रम आउन पर्छ। यो देशको जनसंख्याको करिव ५१ परसेन्ट भन्दा माथि महिला जनसंख्या छ र त्यसैले यो प्रदेश र सुखी नेपाली र समृद्ध प्रदेश गराउनको लागि हाम्ले महिलामुखी कार्यक्रमहरु ल्याउनु पर्छ । महिलामुखि कार्यक्रम ल्याइसकेपछि मात्रै यो महिलालाई मात्रै नभैकन यो देशलाई प्रदेशलाई नै पक्कै पनि टेवा पुग्ने छ भन्ने म आफुले विश्वास गरेको छु र किनभने गत वर्षमा पनि यो नीति तथा कार्यक्रम माथि छलफल गरि रहंदाखेरि मान्य अर्थमन्त्रिजीको कथा अझै हामीलाई स्मरण छ किनभने बिरालोको माउ छिर्छ त्यसपछि बच्चा पनि त्यहि प्वालमा छिर्छ भन्ने वहांको युक्ति थियो तर तेलाई कार्यान्वयन हुन सकेन । यो वर्ष पनि त्यहि हुन्छ कि भन्ने हामीलाई शंका लाईराखेको छ । मलाई विश्वास छ यहां प्रदेश सरकारका मन्त्रीज्यूहरु उपस्थिति हुनुहुन्छ । माननीय मुख्यमन्त्रीजी संगै उपस्थित हुनुहुन्छ । यो कुरालाई पक्कै पनि कार्यान्वयन गर्नुहुनेछ र यो कुराहरु सवै महिलाको मात्रै उठाउने भन्ने कुराहरु नहोस। किनभने २१ औं शताव्दिमा एउटा लैङ्गिक समानता कुराहरु आइसकेको छ। जेन्डर विकासको कुराहरु आइसकेको छ। त्यसैले मलाई थाहा छ तैपनि त्यति थाहा हुंदाहुंदै पनि पुरुष सरह महिला नपुगी सकेको कारणले मैले त्यो ठाउंमा नपुगि सकेको कारणले गर्दा महिलाको लागि एउटा विशेष कार्यक्रम ल्याउन आवश्यक छ । मलाई लाग्छ हामी सबैले मनन गरेको कुरा हामी सबैले बुझेको कुरा राजनीतिमात नेपाल संविधानमा व्यवस्था गरिसकेको छ। किनभने महिला ३३ परसेन्ट हुनपर्छ । स्थानियमा ४०, प्रदेश र संघमा तर अरु ठाउंमा मैले त्यो तहमा पुग्न सफल भइसकेको छैन । त्यसैले हाम्ले महिलाको लागि अघि बढि जोड दिन पर्छ र अलि बढि ध्यान दिनपर्छ भन्ने मैले यो गरिमामय सभाबाट अनुरोध गर्न चाहें र माननीय सभामुख ज्यू यो नीति तथा कार्यक्रममा यो वजेटको कुराहरु यसको ढांचाहरु नमुनाहरु हेर्दाखेरि यो लगानीमुखी छैन। यो वितरणमुखी छ हामी सवैलाई अन्तराष्ट्रिय इतिहासहरु पनि हाम्लाई थाहा छ। किनभने लगानीमुखी हुंदाखेरी हामी सवैले आ(आफ्नो अवस्था र आफ्नो क्षमता र दक्षता अनुसार तेलाई आयआर्जनमा त्योलाई समृद्धिमा त्योलाई दिगो विकासमा त्योलाई आर्थिक विकासमा सामाजिक विकासमा लगानी गर्न सकिन्छ। तर वितरणमुखी हुंदा आयो खायो गयो। त्यहां त्यसको उपलव्धि त्यसको आउटपुट हाम्ले

पाउन सक्दैन। मलाई लाग्छ यो वितरणमुखी एउटा पेनकिलर हो। टाउको दुख्छ। धेरै उकालो ओरालोले खुट्टा दुखेर हाम्ले पेनकिलर खांदा हाम्ले त्योबाटो पार गर्न सकिन्छ ।टाउको दुख्दा हाम्ले त्यो काम घरधन्दा गर्न सकिन्छ। अफिस कारोबार गर्न सकिन्छ। तर तेले साइड इफेक्ट पुर्याइराखेको हुन्छ पेनकिलरले मलाई लाग्छ यो वजेटले भोली हामीलाई एउटा यो गरिविमा अझै तेलाई धकेलिराखेको हुन्छ त्यसैले यो वजेट वितरणमुखी छ यलाई लगानीमुखि गर्नपर्छ भन्ने मैले अनुरोध गर्दछु र माननीय सभामुखज्यू आज यहां धेरै कुराहरु भनिरहंदाखेरि यो वर्षको वजेट यो अर्थ तथा विकास समितिले यो के भनेको थियौं भने यो असाध्यै पछी गैसक्यो। यो महिना वितिसक्यो अब आर्थिक वर्ष आइसक्यो। त्यसैले यो रकम रकमान्तर गर्नु हुंदैन। यो गर्ने वित्तिकै यो शंकाको घेराभित्र पर्छ हाम्ले त्यति भन्दाभन्दा पनि यो रकमान्तरण भको छ । यो एउटा भ्रष्टाचारको सुचक हो। यो एउटा इन्डिकेटर हो। हुन त हाम्रो यो नीति तथा कार्यक्रममा भ्रष्टचार गर्दिन भ्रष्टाचार गर्न पनि दिन्न भ्रष्टाचार सहंदैन भन्ने कुराहरु यो स्लोगन आको छ। यो एउटा नारा आको छ। यो असाध्यै टेष्टि छ। तर योले इन्डिकेटर देखाइ सक्यो। किनभने असार १५ भित्र २५ भित्र यो डेढ करोड कुनै एउटा प्रोजेक्टको सडकमा पनि एउटा सडकमा ठेक्कापट्टा लागेको छ त्यो कसरी सक्लान त्यो काम कसरी सल्टेलात यो एउटा रह्रो भ्रष्टाचारको इन्डिकेटर हो। योलाई मैले यहां अनुरोध गरेको छु। यो भ्रष्टाचार यहांहरुको स्लोगन यहांहरुको यो नारा सफल होस्। यो नदोहोरियोस यो कारण दोहोरिन्छ यहांहरुलाई अनुरोध गर्न चाहें र अरु कुरा माननीय सभामुखज्यू अर्को कुरा यो नीति तथा कार्यक्रमको ७२ बुंदामा यो जग्गा चक्लाबन्दि भन्नी कुराहरु छन र जग्गा यो गुठिलाई व्यवस्थापन गर्ने कुरा विषयहरुमा समेटेको छ मलाई लाग्छ अस्ती हामी त्यो प्राथमिकता र सैद्धान्तिक कार्यक्रममा म यहि रोष्टममा उभिएर बोलिरहंदाखेरि यो गुठि व्यवस्थापन जग्गा चक्लाबन्दि संगसंगै गुठि पनि २ प्रकारको देखियो। एउटा कुनै शक्तिको आडमा कसै मठमन्दिरको भोगचलन नगरीकन एउटा व्यक्तिको नाममा रहेर भोगचलन गरेको एउटा जनतालाई रैतीबाट जनतामा ल्याइदिन अनुरोध गर्छु र यस्ता धेरै कुराहरु छन्। मात्र मैले एउटा इस्युलाई मात्र नभै त्यो इस्यूलाई लिएर तेलाई व्यवस्थापन गर्न पर्छ भन्नी पनि मैलै यहांहरुलाई अनुरोध गरें र अर्को माननीय सभामुखज्यू मैले यो वितरणमुखी वजेट संगसंगै भन्न पर्दा धेरै कुराहरु आको छ। हाम्रो यो जलवायु वातावरण मैत्री मुख्यमन्त्री कृषि कार्यक्रम मैले यो धेरै पटक भनिंसकें। मैले यो रोष्टममा उभिएर पनि मैले ३ षल्ट भनें र मैले हाम्ले यो वजेट प्रिवजेटको मिटिङ्गमा

पनि मैले यो छलफलको कार्यक्रममा पनि भनें। यो मुख्यमन्त्री कार्यक्रम यति राम्रो छ हाम्ले गाउंको जनतालाई गाउंमै बसौं बसौं निमुखालाई यहां गरिवी र आय गर्ने यो एउटा भरपर्दो एउटा आधार हो  तर यो कुरा यहांहरुको अनुगमन पुगेको छैन। यहांले सायद हुंदाहुंदा आंखा चिम्लेको यो भगवान जान्दछ या यहांहरू जान्नु हुन्छ। किनभने बसाइ सराई गाउं छोडेर गको २५ बर्ष भइसक्यो तर उसले बसाइ सराई लगेको छैन। त्यो घर धुरीलाई गनेर हजुरको यो कार्यक्रम लागु भइराखेछ यसको छिटो छानवीन हुन पनि मैले यो रोष्टमबाट मैले आजसित ३ पटक मैले अनुरोध गरें तर यसको कारवाही भाको छैन। यो यसमा पनि यहांहरुको ध्यान पुगोस्। नभए हाम्रो कार्यक्रमको विषयवस्तु टेस्टि छ राम्रो छ र यो गाउंको जनतालाई गाउंमै बसौंबसौं लाग्ने एउटा सुन्दर प्रदेश बनाउनी यसको साइड इफेक्ट नआओस र भोली अर्को कपि नहोस्। मैले वेलामा यहांलाई अनुरोध गरें अरुत हाम्रो नेपाली कांग्रेस प्रमुख प्रतिपक्ष नेपाली कांग्रेस र नयां शाक्ति अहिले संघिय पार्टीले एउटा ८ बुंदे यो नीति तथा कार्यक्रमको संशोधन प्रस्ताव पेश गरेको छ र त्योलाई हामी दलले समर्थन गर्दै यहांहरुको पनि पक्कै पनि समर्थन पुग्ने छ भन्ने यो विश्वास गर्दै विदा हुन्छु। धन्यवाद जय नेपाल।

## माननीय सभामुख

माननीय श्री दिपक कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु समय १० मिनेट।

## माननीय दिपक कोइरालाः

माननीय सभामुख महोदय, हामी गत २४ गते माननीय प्रदेश प्रमुख श्री बाबुराम कुंवरद्धारा प्रस्तुत गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रममाथि छलफलको क्रममा छौं। धेरै कुराहरु धेरै छलफलहरु भइसक्याछन अझंपनि छलफलको क्रम बांकीनै छ। म सबभन्दा पहिला आगामी आर्थिक वर्ष २०७६र७७ को गण्डकी प्रदेश सरकारको नीति कार्यक्रमलाई पूर्ण रुपमा समर्थन गर्न चाहन्छु र यो नीति कार्यक्रमको समर्थन मैले सत्तापक्षको सांसदको हैसियतले मात्रै गरेको होइन त्यसकारणले मलाई गर्नु पर्ने भएको कारणले मात्रै होइनकी यसको समग्र कार्यक्रमहरुलाई हेर्दा नीति कार्यक्रमलाई हेर्दा हामीले नेपाल सरकारको समृद्ध नेपाल सुखी नेपालीको अभिभार पुरा गर्नु पर्ने र गण्डकी प्रदेश सरकारले तय गरेको समृद्ध प्रदेश सुखी नागरिकको लक्ष्य पुरा गर्ने कुरामा यो यो नीति कार्यक्रम पूर्ण रुपमा समर्पित छ र यसले जे आफ्ना बाटो यसले तय गरेको छ त्यसले यो हाम्रो अभियान सुखी नेपाली समृद्ध नेपाल सुखी नेपाली बनाउने अभियानलाई पूर्णतया सार्थकतामात्रै पार्ने अवस्था मात्रै

होइनकी हामीले भन्दै आएको यहां धैरै माननीयज्यूहरुले भन्नु भयो हामीले यो प्रदेशलाई गण्डकी प्रदेशलाई सवै प्रदेश एउटा नमुना प्रदेशको रुपमा स्थापित गर्छौं । यो प्रदेशलाई एउटा समृद्ध प्रदेशको रुपमा अगाडि बढाउंछौं । यो प्रदेशलाई विकास निर्माणको एउटा उच्चतम विकासको रुपमा अगाडि बढाउंछौं भन्ने हामी सवैले जे प्रतिबद्धता व्यक्त गरिराख्या छौं भने त्यो प्रतिवद्धता पुरा गर्नको लागि यो नीति तथा कार्यक्रम सम्पूर्ण हिसावले, व्यवस्थित हिसावले, बैज्ञानिक हिसावले आएको छ भन्ने ठान्दछु र शुरुमै म यसको पूर्ण समर्थन गर्दछु र अघिल्लो बर्षको केही समिक्षाहरु गरिएको छ यसमा त्यस कारणले पनि अघिल्लो वर्ष के कारणले हाम्रा नीति कार्यक्रमहरु पूर्ण रुपमा लागु हुन सकेन । मलाई अलिकति यो समिक्षाको बारेमा केहि नयां कुरा या मेरो आफ्नो धारणा राखौं जस्तो मलाई लाइराछ। अघिल्लो बर्ष झण्डै ५ देखि २० वर्षको योजना बनायो । तर हामी १ वर्षको समिक्षामा छौं र हामी के भनिराछौं भने १ वर्षमा सरकारले केहि पनि गरेन । जव सरकारको नीति कार्यक्रममा नै अघिल्लो वर्षको नीति कार्यक्रम राम्रोसंग पढन पनि अनुरोध गर्दछु । के अघिल्लो नीति कार्यक्रममा १ वर्षमा पुरा हुने थोरै कुरा मात्र लेखियाथ्यो यो नीति कार्यक्रममा र यो नीति अहिलेको नयां नीति यस पटकको नीति कार्यक्रममा अघिल्लो बर्ष ४र५ वर्षमा पूरा गरिनेछ भनेको कुरालाई यो पटक ५ बर्षमा ४ वर्षमा पुरा गरिनेछ र १ वर्षमा हामिले के पुरा गर्यौं भन्ने कुरा पनि यसले राम्रोसंग समिक्षा गर्याछ । त्यसकारण यो नीति कार्यक्रमलाई अलिकति माननीयज्यूहरुले एकांकी पाराले मात्रै भनिराख्नु भाछकी भन्ने पनि मलाई लाग्दछ । किनकी सरकार मत के भन्छु हुनत त्यो संविधान विरोधी कुरा होला त्यसकारणले मलाई त्यो कुरा भन्न दिंदैन तर एउटा स्थायी सरकारले निर्माण गर्ने नीति कार्यक्रम ५ वर्षको लागि बनाइसकेपछि त्यसलाई बजेटद्धारा रिन्यु गर्दै जाने तर त्यो ५ वर्ष लक्ष्य हासिल गर्नेगरी त्यो नीति कार्यक्रम भएपनि हुन्छकी जस्तो लाग्यो मलाई । तर यसो भनिरहंदा यो संविधान विरोधी कुरा हुन्छ । त्यो खाली मेरो धारणा मात्रै हो । त्यसकारण हामिले ५ वर्षको लक्ष्य अघिल्लो वर्षनै किटान गर्याछौं । ५ वर्ष हामी के के गर्छौं र १ वर्षमा हामीले केके गर्यौं या सरकारले के गर्यो त्यो पनि लेख्या छ र ४ वर्ष बांकी समयमा हामिले के गर्दछौं भनेर लेखिसक्याछ भनेपछि हामी यो यो सकारात्मक दिशातिर अघि बढिराख्या छौं भन्ने कुरा एउटा राम्रो संकेत हो र हामीले के पुरा गर्नुपर्ने १ वर्षभित्र पुरा गर्नु पर्ने कुराहरु पनि केके पुरा गरेनौं के कारणले पुरा गरेनौं भन्ने कुरा यहां जसरी आत्म समिक्षा गरेको छ सरकारले त्यो यसको सकारात्मक पक्ष हो । किनकी त्यसलेनै अव हामी

बांकी ४ वर्षमा के के पुरा गर्नको लागि हामीले के के तयारी गर्नु पर्दछ भन्ने कुरा राम्रोसंगले संकेत गर्दछ र नीति कार्यक्रममा ति कुराहरु आएको छ । कसरी हामी अगाडि बढन सक्दछौं । म यो बारेमा धैरै कुरा राख्दिन । धैरै कुराहरु आएका छन र यहां हामीले यो कार्यक्रम निरन्तरता निरन्तरताको रुपमै मात्र आएकी भन्ने कुरा पनि मैले सुन्ने गर्याछु । मलाई त लाग्दछ मलाई के लाग्दछ भने यो कार्यक्रम निरन्तरतामा आएको कारणले यो नीति कार्यक्रम राम्रो छ। अघिल्ला सरकारहरु नेपालको परम्परा कस्तो बस्यो भने ६ महिनामा ९ महिनामा सरकार परिवर्तन हुने र ६ महिना नहुदैमा नयां नयां सरकारले नयां नयां नारा दिने तर कुनै पनि कार्यान्वयन नहुने । त्यो हामीलाई बानी पर्या भएर अघिल्लो वर्ष भन्दा अलि नयां धैरै फरक नयां कार्यक्रम आइदिय हुन्थ्यो भन्ने लाग्नु कुरा त स्वभाविकै हो किन हामी त्यसमा अव्यस्त भैराछौं नि त । हाम्रो जीवनशैलीनै त्यसमा अव्यसत भैराछ । तर हामी यसलाई व्रेक गर्न खोज्दैछौं भने यो कुरा सहि छ र बांकी हामीले आगामी ४ वर्षमा पुरा गर्ने कुरा या अघिल्लो बर्ष भनिएका ५ वर्षका कुरा या अघिल्लो वर्ष सरकारको नीति कार्यक्रममा झण्डै २०/२५ वर्षसम्म पुग्ने कार्यक्रमहरु आएका छन । त्यसको निरन्तरता आउने कुरा हो । अघिल्लो सरकारको केरे अघिल्लो नीति कार्यक्रमलाई निरन्तरता दिइयो । निरन्तरता दिनु राम्रो कुरा हो । त्यो त धैरै राम्रो कुरा हो । निरन्तरता नदिएर जथाभावी त्यो पुराना कार्यक्रम फालेर नयां कार्यक्रम ल्याएको भए यो सरकारले गर्दैनकी भनेर आशंका व्यक्त गर्न स्वभाविक कुरा हुन्थ्यो । तर म भन्छु म विश्वासका साथ भन्छु । मैले अघि पनि भनें यो सत्ता पक्षको सांसदको हैसियतले मात्रै होइन मेरो स्वतन्त्र विचारले पनि यसलाई समग्रतामा विकास निर्माणका जे मुलभुत सिद्धान्तका बारेमा मैले पढेको छु । समाजवादका बारेमा जे मैले पढेको छु त्यो सवै कुरा पुरा गर्नको लागि यो कार्यक्रम एकदमै उत्कृष्ट छ र यसको कार्यान्वयन गरेर अगाडी जानु पर्दछ भन्ने मलाई लाग्दछ । अव यो कार्यक्रम समाजवाद उन्मुख छ की छैन भन्ने अर्को प्रश्न छ । अहिले नीतिगत कुरा छ । हामीले संविधानमा लेख्यौं समाजवाद उन्मुख । संविधानमा हामीले हुनत के त्यसको व्याख्या मैले रोष्ट्रमबाट अलिअलि गलत ढंगले या घटिबढि भैरहेको देख्दछु र मैले संविधानको प्रशतावना भर्खर पनि पढें। लोकतान्त्रिक मुल्यमान्यतामा आधारित समाजवाद भनेर लेखिएको छ। साथिहरुले यहां लोकतान्त्रिक समाजवाद आएन भनेर भन्दिनु भयो। समाजवाद यहां आएको छ। समाजवाद भन्या के भने लोकतान्त्रिक मुल्यमान्यता आधारित समाजवाद हो। त्योत संविधानले लेखेकै छ संविधान भन्दा

दायां बायां गर्ने प्रदेश सरकारलाई कुनै पनि अधिकार छैन ।त्यसकारण त्यो समाजवाद यसले समात्छकी समात्दैन त्यो हामीले भनेको समाजवाद यसले समात्छकी समात्दैन भनेर हेर्यो भने म हरेक बुंदामा समाजवाद देख्छु । हरेक बुंदामा । चाहे कृषिको क्षेत्रको कार्यक्रममा हेर्नुस, चाहे पर्यटनको क्षेत्रको कार्यक्रममा हेर्नोस, चाहे भौतिक पूर्वाधारको क्षेत्रको कार्यक्रममा हेर्नोस, चाहे सामाजिक विकास क्षेत्रको कार्यक्रममा हरेक बुंदामा समाजबाद देखिन्छ । गरिवीलाई अन्त्य गर्ने कुरा समाजवाद हुंदैन ? विकास निर्माण र समृद्धिको कुरा समाजवाद हुंदैन र सामुदायिक समुदायलाई समेत सहभागि गराएर विकास निर्माणका ठुल्ठुला आयोजनाहरु अगाडि बढाउनु समाजवाद हुन सक्दैन? समाजवाद भनेको के हो?समाजवादको बारे ब्याख्या गर्न जरुरी देखा परिराछ। समाजवाद के हो ? त्यसकारण म यसो हेर्छु यो कार्यक्रममा समाजवाद काहिं छैनकी भनेर सवै ठाउंमा समाजवाद छ। भ्रष्टाचारमुक्त हुन्छ। भ्रष्टाचारको बारेमा यहां धेरै कोइशन चिन्ह उठे । म भ्रष्टाचार गर्दिन भन्दा यो भन्दा अगाडि गरियोकी भन्या जस्तो गरि पनि यहां प्रश्न गर्दिन भन्या मैले यहां भन्दा अगाडि गरे अब गर्दिन भन्या होइन। नगर्ने भन्या हो कहिले पनि नगर्ने भन्या हो। अघिल्लोपटक किन भनिएन त्यसलाई कोइशन उठाएर फेरि आशंका व्यक्त राख्नु मैले गर्दिन जव भ्रष्टचार गर्दिन भ्रष्टाचारको कुरा गर्दा भ्रष्टाचार आज समाजको धेरै ठाउंमा भन्या छु। भ्रष्चार यति सजिलै भ्रष्टाचार भनेर मात्रै हुने ठाउंमा आज हामी छैनौं। भ्रष्टाचारले सामाजिक मान्यता पाएको छ । तपाइहरुले घर गाउंमा हेर्छौं। यत्रो वर्ष राजनीति गरेर यस्तो थोत्रो घरमा बस्याछ । समाज समाज र भ्रष्टाचारले सामाजिक मान्यता पाएको छ । यत्रो अफिसर भएर यत्रो जागिर खाएर रिटायर्ड भएर एउटा राम्रो व्यवस्था गरेको छैन। भन्या के तैले राम्रो गर्नु पर्थ्योनी भन्या के भन्दा भ्रष्टाचार किन गरिनस भन्या । समाज भ्रष्टाचारले सामाजिक मान्यता पाएको छ भन्छु म यहाँ अरु कुरा पनि आउंछन । संस्थागत भएको छ राजनीति येले के पाएको छ म चाहिं के भन्छु भने भ्रष्टाचारले आज सामाजिक मान्यता पाएको छ। त्यो चंङगुलबाट त्यो भ्रष्टाचारको चंङगुलबाट यो सिङ्गै समाजलाई बाहिर ल्याउने कुरा चानचुने कुरा होइन त्यो कुरा यो नीति तथा कार्यक्रमले जे प्रतिवद्धता व्यक्त गरेको छ त्यसले समाजवाद अगाडि समाजवादतिर जाने दिशालाई अगाडि बढाउंदैन ? गम्भिर प्रश्न छ त्यसकारण यो जुन आंट यो नीति तथा कार्यक्रमले गरेको छ त्यसकारण यो कार्यक्रमले हामीलाई समाजवाद तर्फ लैजान्छ। समाजबाद अर्को वर्ष आइहाल्ने होइन। म यसो हेर्छु कहिलेकाहिं समाजवाद भन्या संविधान पढेर समय

हामीले लोकतान्त्रीक मुल्यमान्यतामा आधारित समाजवाद बनाउछौं। समाजवादमा जान्छौं भन्या छौं । यो संविधान लागु हुने भन्या दिनबाट समाजवाद सम्भव छ छैन। यो कोकोले यो संविधान कार्यान्वयनको नेतृत्व गर्यो ? हामीले संविधानको कार्यान्वयनको नेतृत्व मात्रै होइन संविधानको नेतृत्व संविधान निर्माण गर्ने कुराको संविधान पछि भएका निर्वाचनको आदि इत्यादि धेरै कुराको नेतृत्व गर्यो भनेर धेरै गर्व महसुस गरिरहेका छौं भने समाजवाद किन आएन? त्यो वेला समाजवाद आउनु पर्थ्योनी त त्यो वेला किन समाजवाद आएन भने समाजवाद भनेको रातारात आउने कुरा होइन। रातारात आइहाल्ने भनेर भै हाल्ने कुरा होइन। त्यसकारण समाजवाद आउनको लागि समय चाहिन्छ। त्यो समय चाहिने भन्या के हो भने यस्ता नीति कार्यक्रमहरु कार्यान्वयनमा जानु पर्दछ। काम गर्नु पर्दछ र यसले उपलव्धी हासिल गर्नु पर्दछ। त्यो आजै सम्भव छ त भन्दा छैन। भन्दिन सजिलो हुन्छ आजभोलि। त्यसकारण यसले एउटा यसले निर्दिष्ट लक्ष्य हासिल गर्ने प्रयत्न के रे हासिल गर्नको लागि नीति कार्यक्रम बनेको छ। सरकारले समग्र रुपमा यो ल्याएको छ । यसले हामीलाई समाजवाद तर्फ पनि लैजाने कुरा हामीलाई लैजाने कुरामा काहिं पनि आशंका व्यक्त गर्न पर्ने ठाउं छैन र अलिकति संशोधनको कुरा पनि आएका छन मलाई त संशोधनमा कुनै पनि काहिं पनि एउटा पनि मैले बुंदा पढें नीति कार्यक्रम पनि पढें बुंदा पनि पढें त्यो संशोधन गर्नु पर्ने कुनै पनि चाहे तपाई कृषि अनुदानको कुरा गर्नोस कृषि अनुदानको कुरा समितिले नै भनेको त्यो कुरा हो तेलाई सच्यायर ल्याउनु पर्छ भनेर भनेकोमा धन्यवाद पनि दिन चाहन्छु । सरकारलाई समितिले भनेको त्यसलाई करेक्सन गर्नुस तर नदियोस भन्या होइन । नदिने भन्या होइन । गरिव किसानहरुलाई या उद्यमीहरुलाई दिनु पर्दछ तर दिने तरिका सहि हुनु पर्छ भनेर सरकारले यसलाई समिक्षा गरेको छ र नयां तरिकाबाट ल्याउनु पर्छ भनेर यसमा संशोधन गर्नु पर्ने केहि पनि कारण छैन । मैले सवैं बुंदा हेरें । कुनै पनि बुंदामा संशोधन गर्नुपर्ने कुनै पनि कारण छैन त्यसलाई नीति तथा कार्यक्रममा प्रतिवद्धता व्यक्त गरिएको छ। त्यसकारण म संशोधन कर्ता माननीयज्यूहरुलाई फिर्ता लिन म आग्रह गर्दछु। त्यो गर्नु पर्ने होकी होइन मलाई थाहा भएन तर मैले सरसर्ति पढें त्यसकारण मलाई त्यो लाग्यो त्यसकारण म यति कुरा राख्छु र अन्तिममा सरकार हाम्रो समितिको तर्फबाट अर्थ तथा विकास समितिले यो कार्यक्षेत्रभित्र पर्ने केहि विषयहरुमा पछिल्लो दिनहरुमा अनुसन्धान अनुगमन गरिराखेको जस्तो गिटि बालुवा गुठीको जग्गाको बारेमा लगायत यो कृषि अनुदानको बारेमा लगायतका

कुराहरुमा जे जे कुराहरु समितिको तर्फबाट निर्णय भएका थिए त्यसलाई समिक्षा गर्दै यो नीति तथा कार्यक्रममा व्यवस्थित गरेको छ। त्यसकारण पनि म समितिको तर्फबाट पनि सरकारलाई हार्दिक आभार प्रकट गर्छु र अन्तिममा फेरि पनि यो नीति कार्यक्रमले हामीलाई समृद्ध मात्र बनाउंदैन समाजवादको यात्रा स्पग्ट ढङ्गले यसले लेखेको छ र हरेक बुंदामा समाजवाद देखिन्छ । आशंका नगर्न पनि म माननीयज्यूहरुलाई अनुरोध गर्दछु र पूर्ण समर्थन गर्दछु र विदा हुन्छु। धन्यवाद।

## माननीय सभामुख

माननीय श्री विन्दु कुमार थापालाई छलफलमा भाग लिन समय दिन्छु समय १० मिनेट।

## माननीय विन्दु कुमार थापाः

सभामुख महोदय, आज हामी २०७६ जेठ २४ गते प्रदेश प्रमुख माननीय बाबुराम कुंवरद्धारा प्रस्तुत आ.व.७६/७७ को नीति तथा कार्यक्रमको दोश्रो दिनको छलफलमा सामेल भएका छौं। प्रस्तुत नीति तथा कार्यक्रम केहि कुराहरु कार्यक्रमका केहि कुराहरु बाहेक अघिल्लो वर्षको निरन्तरताको रुपमा आएको छ। जुन स्वभाविक पनि छ। यसमा होमस्टे मुख्यमन्त्री जलवायु मैत्री नमुना कृषि गाउं ३६ वटा प्रदेश नमुना सडक र प्रदेश समृद्धिका आधार पर्यटन, उर्जा, कृषि, उद्योग र पूर्वाधार विकासमा जोड दिइएको छ । नीति कार्यक्रमको कार्यक्रममा विजनेस इन्टुभेसन सेन्टर प्रदेश व्यवसाय मंच कास्की र नवलपुरमा औद्योगिक क्षेत्रको स्थापना विकास र समृद्धिमा नीजि क्षेत्रलाई संगसंगै लिएर जाने भुमिहिन तथा सुकुम्वासी व्यवस्थापन गर्ने र संयुक्त आवासका कुराहरु आएका छन । जुन अत्यन्त सकारात्मक छन ।भ्रष्टाचार गर्दिन गर्न पनि दिन्न अर्ग्यानिक कृषि उपज प्रमाणिकरण प्रयोगशाला जस्ता थुप्रै कुराहरु आएका छन। पोखरा चक्रपथको डिपिआर तयार गर्ने फेवातालको संरक्षण र समवर्धन सिमा सिमाङ्कनमा भएको सर्वोच्चको फैसला कार्यान्वयनका कुराहरु नीति तथा कार्यक्रममा बोलेको छ। यति हुंदाहुंदै पनि नीति तथा कार्यक्रम धेरै महत्वाकांक्षी छ ।पूर्ण रुपमा कार्यान्वयनमा लैजान हामीसंग मेकानिज्मको अभाव छ। हाम्रो संस्कार परिवर्तन भएको छैन। वजेट कार्यान्वयन गर्ने क्षमता बढाउनु जरुरी छ। संघको केन्द्रिकृत मानसिकता जीवितै छ। संघले ७५३ र ७ प्रदेश गरि ७६० निकायलाई ३३ प्रतिशत वजेट छुट्टयाएर दुइ तिहाई आफुमै राखेको वर्तमान अवस्था छ। फेरी संघले गण्डकी प्रदेशलाई सबै प्रदेशभन्दा दुव्लो पातलो र निम्छरो वजेट छुट्टयाएर कमजोर बनाउन खोजेको देखिन्छ। स्थानिय सरकार विषेश गरेर पोखरा

महानगरपालिकाले प्रदेशलाई सकेसम्म असहयोग नै गरेको अवस्था छ। तीन तहको सरकारमा समन्वयको ठुलो खाडल छ। यसलाई नीति तथा कार्यक्रमले रेश गर्न सकेको छैन। अर्को कुरा झन्झटिला ऐन कानून विप्लव माओवादीको सकृयताले सुरक्षा स्थितिमा देखिएको जटिलता बढदो रुपमा मौलाएको भ्रष्टाचार सुशासनको अभाव टडकारो रुपमा देखिएको छ। सभामुख महोदय अव सभामुख मार्फत गण्डकी प्रदेशका माननीय मुख्यमन्त्रीज्यू तथा सरकारलाई केहि बुंदाहरु नीति तथा कार्यक्रममा नपरेका तर समेटन जरुरी देखिएका शिर्षकहरु राख्न चाहन्छु । पोखरा क्षेत्रीय विमानस्थल हामी सवैको लामो प्रयास र संघर्ष पछि २०२१ को जुलाई ३ मा सम्पन्न हुने भनिएता पनि निर्माण कम्पनी सिएएमसीले ६र७ महिना पहिल्यै २०२० को डिसेम्वरमानै नेपाल सरकारलाई निर्माण सम्पन्न गरि बुझाउने आधिकारिक वक्तव्य आएको परिप्रेक्क्षयमा एयरपोर्ट जुन यो क्षेत्रको विकास र समृद्धिको कोशेढुङ्गा पनि हो । योजना सम्पन्न हुंदै गर्दा हामीले त्यसलाई पूर्वाधार पूर्वाधारका विकास आजबाटै शुरु गर्न जरुरी छ। एयरपोर्टबाट आउने सडक सेती नदी पुल क्षमता चार लेन गर्न, पोखरा महानगर भित्रका सडकको स्तरन्नोति, हरियाली पार्कको विस्तार विकास, होटल रेष्टुरेन्टहरुको क्षमता बढाउन आवश्यक छ। कार्यक्रममा यो कुरा अटाउन सकेन। यो थप्न जरुरी छ । सभामुख महोदय नीति तथा कार्यक्रममा २०३२ सालमा अधिग्रहण भएको २०५ रोपनी पोखरा बस पार्क हाल ८७ रोपनी मात्र बांकि देखिन्छ र त्यहां ४७५ घरधुरी अव्यवस्थित बसोबासीहरु छन। यो पोखरा महानगरपालिकाको पोखरा उप महानगरपालिकाको २ वर्ष अगाडिको तथ्याङ्कले देखाएको छ। अब एयरपोर्ट तयार भएपछि पोखराको प्रमुख नाका पोखरा बसपार्कलाई त्यहां भएको नेपाली नागरिकहरुलाई स(सम्मान व्यवस्थापन गरि आधुनिक सुविधा सम्पन्न सिटि वसपार्कको रुपमा निर्माण गर्न अपरिहार्य छ। संघ स्थानिय सरकार पोखरा महानगरपालिकासंग समन्वय गरेर पोखरा बसपार्कको जग्गामा सिटि वसपार्क र लेखनाथको लामेआहालमा रहेको सार्वजनिक जग्गामा लामो दुरीको व्यवस्थित वसपार्क यस कार्यक्रममा समेटन जरुरी छ। यो प्रदेशको राजधानीको इज्जत र गौरवसंग पनि जोडिएको छ। सभामुख महोदय, नीति तथा कार्यक्रममा सुकुम्वासी समस्याको व्यवस्थापन र संयुक्त आवासको कुरा आएको छ तर प्रदेशको मुख्यमुख्य सडकहरुमा विकराल रुपमा रहेको अव्यवस्थित वसोबासीहरुलाई सम्वोधन गर्ने गरी आउनु पर्ने आयोगको परिकल्पना गरिएको छैन। उच्चस्तरीय सुकुम्वासी समस्या समाधान आयोग गठन कार्यक्रममा आउनु पर्दछ । नीति तथा

कार्यक्रममा यो आओस म सुझावको रुपमा राख्न चाहन्छु। प्रदेशको राजधानी पोखराको जीर्ण सडक, पुलको अवस्था, अव्यवस्थित पार्किङ्ग, सडक जाम र डरलाग्दो सडक दुर्घटनाका कारण दिनानुदिन असुरक्षित बन्दै गएको यातायात क्षेत्रलाई सुरक्षित र सभ्य शहरको परिकल्पना नीति तथा कार्यक्रममा आएको देखिएन । यसलाई समेटियोस यो मेरो प्रदेश सरकारलाई विनम्र अनुरोध छ । धन्यवाद । जयनेपाल ।

## माननीय सभामुख

माननीय श्री ईन्द्रलाल सापकोटालाई छलफलमा भाग लिन समय दिन्छु । समय १० मिनेट ।

## माननीय ईन्द्रलाल सापकोटाः

सभामुख महोदय, आज हामी प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम माथि लगातार छलफलको क्रममा जुटिरहेका छौं। धेरै माननीयज्यूहरुले यसको बारेमा विस्तृत चर्चा गरिसक्नु भएको छ ।सर्वप्रथम यो प्रदेश सरकारले धेरै कठिनाइ चुनौतिको विच मैले धेरै पटक भन्ने गरो छु। प्रदेश सरकारको औचित्यतामाथि विभिन्न जोड र कोणबाट प्रश्न उठि रहेको वेला अत्यन्तै विगतको नीति कार्यक्रमको चालु आर्थिक वर्षको वस्तुनिष्ठ समिक्षा गर्दै विगतको नीति कार्यक्रमको जगमा आगामी वर्षको नीति कार्यक्रमलाई अत्यन्तै परिस्कृत गरेर अत्यन्तै परिपक्व ढङ्गले प्रदेश सरकार माथि पैदा भएका सवै आशङ्काहरुलाई जवाफ दिने गरि जुन नीति कार्यक्रम आएको छ यसका निम्ति प्रदेश सरकारलाई म हार्दिक धन्यवाद दिन चाहन्छु। आभार व्यक्त गर्न चाहन्छु र यो नीति कार्यक्रम प्रति मैले पूर्ण समर्थन गर्न चाहन्छु। माननीय सांसदहरु आफ्नो विचार राख्ने सन्दर्भमा प्रदेश सरकारले विगतको चालु आर्थिक वर्षको समिक्षा गर्ने सन्दर्भमा यथार्थ तस्विर होइन नीति कार्यक्रममा समिक्षाको रुपमा राखेको छ । नीति कार्यक्रमका आधारहरु पनि यहि नीति कार्यक्रम भित्र प्रष्ट ढङ्गले राखेको छ । चालु आर्थिक वर्ष प्रशासनिक संरचनाको हिसावले होस कार्यालय व्यवस्थापनको हिसावले होस ऐन कानुन निर्माण गर्ने हिसावले होस या प्रदेश सरकार संघियताको अभ्यास भित्र पहिलो वर्षको अभ्यासमा हामीले जे जति गर्न सक्यौं जे जति कुराहरु गर्न बांकि छन तिनलाई जस्ताको तस्तै नीति कार्यक्रममा स्वीकार गरेको छ । मित्रहरु यथार्थलाई स्वीकार गर्दै गर्ने कुरा विगतबाट पाठ सिक्ने कुरा हाम्रो विचमा रहेका कमिलाई सुधार गर्ने कुरा र हाम्रो नीति कार्यक्रमलाई अझ परिस्कृत अझ व्यवस्थित र अझ आगामी

दिनमा यलाई अझ मजबुत गर्ने कुरा मलाई लाग्छ सकारात्मक हिसावले ग्रहण गर्नु पर्थ्यो । तर यसलाई कमिको रुपमा, यलाई आलोचनाको रुपमा जुन कुरा साथीहरु राख्नुभो यो अलि पूर्वाग्रहिपूर्ण यो अलि वेसी साथीहरु प्रतिपक्षको साथीहरुले सालिनतात भन्नुभो तर यहांहरुको व्यवहार आचरण कार्यशैलि प्रसतुतिले कुनै शालिनता प्रकट गर्दैन । हाम्ले प्रतिपक्ष मित्रहरुलाई धेरै आलोचना गर्न चाहन्न।वहांहरुको शालिनता हामीले चालु आर्थिक वर्षकै यहि वजेटको शेसनमा हामीले यहि रोष्टममा हामिले अनुभुत गरेका थियौं ।लोकतन्त्र भित्र अङ्क गणितको मुल्य हुन्छ । आज मलाई लाग्छ सत्तापक्षिय सांसदहरु दाहिने रोतिर प्रतिपक्षिय सांसदहरु देव्रे रोतिर किन बसेका छौं ? यो मुलुकमा ११ पटक भन्दा वेसी साथीहरु सरकार संचालन गर्नुभएको छ । बहुमत ल्यायोकी अधिनायकवादी भयो । निरंकुश भयो, दम्भ देखायो मलाई लाग्छ विगत तपाइहरु त्यहि बहुमतको जगमा सरकार बनाउनु भएको थियो । वास्तवमा नेपाली जनताले यतिवेला कम्युनिष्ट पार्टिलाई झण्डै दुइ तिहाइको बहुमत सहित यो मुलुकको रेखाङ्कन गर्नका निम्ति मुलुकको बेथिति अन्त्य गर्नका निम्ति मुलुकलाई समृद्धिको दिशातर्फ अगाडि बढाउनको निम्ति जनमत प्रकट गरेका छन । मलाई लाग्छ यसलाई कुनै घुमाइरहनु पर्ने कुनै सानो मन गरिरहनु पर्ने जरुरी छैन । पाँच वर्षपछि कम्युनिष्ट पार्टिले यदि उपयुक्त ढङ्गले अहिलेको सत्ता पक्षले उपयुक्त ढङ्गले सत्ता संचालन गर्न सकेन भने हामी सवैले स्वीकारेको सत्ते कुरा लोकतन्त्रले स्वीकारेको सत्ते कुरा केहो भने जनता कसैका पनि बपौति होइनन। कसैका पनि पिय होइनन। त्यसकारण मैले प्रतिपक्ष मित्रहरुलाई सानो मन बनाउन पर्ने पिडा व्यक्त गर्नु पर्ने कुनै जरुरी छैन। कम्तिमा ५ वर्ष कम्युनिष्ट पार्टिको शासन संचालनको विधि र तरिकालाई ग्रहण गर्नोस्। कार्यक्रमलाई ग्रहण गर्नोस । सांच्चै सालिनता बन्नु भाछ शालिनतापूर्वकै समर्थन गर्नोस। सांच्चै नकारात्मक सोचबाट होइन। पोजेटिभ सोचबाट सकारात्मक प्रतिपक्षको भुमिकामा उभिनोस । मलाई लाग्छ मुलुकले केही काम कांचुली फेर्ने छ। परिवर्तनको अनुभुति गर्ने छ। यहि रोष्टममा मलाई याद छ कुनै दिन कम्युनिष्टहरु बुढाबुढी मार्छन कुनै दिन कम्युनिष्टहरु कुनै हालतमा प्रजातान्त्रिक हुन सक्तैनन लोकतान्त्रिक हुन सक्तैनन। कम्युनिष्टहरु अधिनायकवादी हुन्छन। साथीहरु यहि खेलोमेलो हो। चालु आर्थिक वर्षमा केन्द्रिय सरकारले सामाजिक सुरक्षा भत्ता बढाएन। धेरै चर्को स्वरमा प्रतिपक्ष मित्रहरु यो सामाजिक सुरक्षा भत्ताको शुरुवात पनि आफैले गरेझैं गरि बहस गर्नुभो। आज वास्तवमा सरकारले बृद्ध भत्ता बढाएको छ। महिला

र अपाङ्गहरुको सामाजिक सुरक्षा भत्ता बढाएको छ। आम जनतालाई विमा सुरक्षाभित्र ल्याएको छ। यहि प्रदेश सरकारले वास्तवमा कृषिको क्षेत्रमा, पर्यटनको क्षेत्रमा थुप्रै जनतालाई राहत दिने कार्यक्रमहरु ल्याएर आएको छ। तर एक शव्द पनि धन्यवाद दिने आंट गर्न सक्नु भएन। बृद्ध भत्ता बढ्यो, सामाजिक सुरक्षा बढायो सरकारले धन्यवाद भन्न सक्नु भएन। फेरि पनि आलोचना। एउटा मात्रै कुरा केहो भने हामी सवैले एकले अर्काको नाडि देखेका छौं। म अघिल्लो चोटिनी भनेको थिएं। यो मुलुकमा हामीले गर्न हुने चिजमा पनि पोल्टिसाइज गरेका छौं नगरेका चिजमा पनि पोल्टसाइज गरेका छौं ।बास्तवमा नीति कार्यक्रमले धेरै कुरामा जोड दिएर आएको छ। चाहे पर्यटनको क्षेत्रमा हेरौं। चाहे कृषिको व्यवसायिक गर्ने कुरा चाहे प्रविधि मैत्री कृषिलाई विकास गर्ने कुरा होस, चाहे स्वस्त मासुको कुरा होस, चाहे स्वस्थ दुधको कुरा होस या भौतिक पुर्वाधारका सन्दर्भमा हामिले एक क्षेत्र एक सडकका कुरा हुन चाहे गाउं पालिकाका केन्द्रसम्म सडक पुर्याउने कुरा होस भौतिक संरचना र प्रशासनिक संरचना निर्माणका कुरा हुन या पुलादेखि झोलुङ्गे पुल सम्मका कुरा हुन चाहे उर्जाका कुरा हुन या थुप्रै कुराहरुमा यसले जोड दिएर अगाडि आएको छ। यो कुरा वास्तवमा प्रतिपक्ष मित्रहरुलाई पनि यो कुरा सवै जानकारी छ। यति कुरा हुंदाहुंदै पनि मलाई लाग्छ फेरी हामी यो आलोचना गर्ने धर्मबाट मुक्त हुन सकेनौं। प्रतिपक्षको रोबाट उभिने वित्तिकै आलोचना गर्नु पर्ने नकारात्मक टिप्पणी गर्न पर्ने एउटा मनोरोगबाट मुक्त हुन सकेनौं त्यसकारण मैले सवै माननीय सांसदहरुलाई यो मनोरोगबाट मुक्त हुन यो गरिवी मानसिकताबाट मुक्त हुनका निम्ति आग्रह गर्दै फेरी पनि मैले जोड दिन चाहेको कुरा के हो भने वर्तमान सरकारका सामुन्ने थुप्रै चुनौतिहरु छन। अहिले पनि केन्द्रिकृत एकात्मक मनोविज्ञान अन्त भएको छैन। अहिले पनि हाम्रा प्रशासनिक संयन्त्रहरु चुस्त दुरुस्त बन्न सकिरहेका छैनन। अहिले पनि जिल्लास्तरका कार्यालयहरु थुप्रै एउटा कार्यालयले ४/४ जिल्लामा सर्विस दिनुपर्ने मनोदशाबाट मुक्त हुन सकिरहेका छैनौं। यो संघात्मकता एउटा अभ्यासको रुपमा, प्रयोग थलोको रुपमा केहि कमिबाट सिक्दै केहि उपलव्धिबाट परिस्कृत गर्दै अगाडि बढने ठाउंमै छ। वास्तवमा यो केन्द्रिकृत मनोविज्ञान भित्रबाट आएका कतिपय बजेटहरु कतिपय ऐन कानुनहरुले प्रदेश सरकारलाई चुनौति थपेका छन। मैले भन्न चाहेको कुरा के मात्र हो भने विगतको यथार्थलाई आत्मसात गरौं। केन्द्रिकृत मानसिकता केन्द्रिकृत मनोविज्ञानलाई च्यात्ने कुरामा सवै सांसदहरु एकताका साथ लागौं। हामीले देखेका छौं। धेरै पटक प्रोटोकलका कुरा उठायौं।

वास्तवमा आज मन्त्रिदेखि सांसदसम्मको प्रोटोकल सन्दर्भमा केन्द्रिकृत मानसिकताले अहिले पनि दोश्रो तहको रुपमा वी ग्रेड होइन सि ग्रेडमा राखेर हामीलाई प्रहार गर्ने प्रयत्न गरिएको छ । कर्मचारीको मनोबल उठेको छैन। अनेक ठाउंमा भ्रष्टाचारलाई म फेरी पनि दोहर्याएर भन्छु लामो समयदेखि भ्रष्टाचार संस्थागत रुपमा आकार ग्रहण गरेको छ। यसलाई वर्तमान प्रदेश सरकार, केन्द्र सरकार, स्थानिय सरकार सवै एकमना एकताका साथ भ्रष्टाचार अन्त्य गर्ने जस्तो प्रतिवद्धतामा आएको छ यलाई हामी दह्रो गरी लखेटन जरुरी छ। त्यसकारण सत्तापक्ष र प्रतिपक्ष मानसिकतामा होइन सिङ्गो मुलुक निर्माण गर्नका निम्ति अब सानो चित्त बनाएर सानो मन बनाएर होइन नीति कार्यक्रमले जुन कुरामा जोड दिएको छ सांचो अर्थमा यसलाई कार्यान्वयन सकियो भने गण्डकी प्रदेश एउटा समृद्ध प्रदेश बन्न सक्छ, धनी प्रदेश बन्न सक्छ। यले वास्तवमा राष्ट्रिय सोच समृद्ध नेपाल र सुखी नेपालीको जुन राष्ट्रिय संङ्कल्प छ यले पंच बर्षीय योजनादेखि दिर्घकालीन लक्ष्यसम्मका जुन कार्यक्रमहरु यले समात्न पकड्न निम्ति कोशिश गरेको छ यलाई अझ गहिराईका साथ अझ ओजनका साथ अगाडि बढाओस र यसो गर्दा हामी बास्तवमा गण्डकी प्रदेशका जनताको शान बढनेछ यलाई अव्वल दर्जाको एउटा प्रदेश निर्माण गर्न सफल हुनेछौं। यो मानेमा पनि मैले सवै प्रतिपक्षिय साथीहरुलाई पनि विनम्रता साथ आग्रह गर्न चाहन्छु टिप्पणीका निम्ति टिप्पणी होइन सकारात्मक प्रवाहका निम्ति निर्माणका निम्ति सकारात्मक ढङ्गले हालेमालो गरेर अगाडि बढौं यहि कुरा राख्दै म पुन सरकारलाई हार्दिक आभार एवं धन्यवाद व्यक्त गर्दै विदा हुन चाहन्छु । धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री राजीव पहारीलाई छलफलमा भाग लिन समय दिन्छु समय १० मिनेट ।

## माननीय राजीव पहारीः

माननीय सभामुख महोदय, हाम्रो गाउंमा पउटा फट्के बा भन्ने बस्नु हुन्थ्यो।वहालाई देख्ने वित्तिकै बच्चाबच्चीले चनाचटपट खान्थे अनि चनाचटपट खाएपछि फालेको कागजलाई फट्के बाले उठाउनु हुन्थ्यो। अनि त्यो टुक्रामा जे लेखेको थियो त्यसको ह्रस्व दिर्घ हेर्दै यहां यो मिलेन उ मिलेन भनेर टिप्पणी गर्ने काम गर्नु हुन्थ्यो। आज वहां वितेको १५ वर्ष वितिसकेको छ । अनायशमा आज वहालाई आज मैले सम्झन

पुगेको छु। माननीय सभामुख महोदय अघिल्लो वर्षको नीति तथा कार्यक्रमले गण्डकि प्रदेश अब कुन पोजिशनबाट अगाडि बढदै छ हाम्रो प्राथमिकता विषयहरु केके हुन तिनलाई क्वाइन गरि एउटा दिर्घकालिन रोडम्याप तयार गर्ने काम गरेको थियो र संघियता कार्यान्वयन पहिलो वर्ष पनि भएकोले त्यसको जग निर्माण गर्ने कुरामा केन्द्रित थियो र त्यसले आफ्नो लक्ष्य अनुसार उद्देश्य अनुसारको सफलता प्राप्त गर्न सकेको थियो । यो विषयमा माननीय मुख्यमन्त्रीज्यूले गएको १ वर्षको उपलव्धिको फेहरिश्ति राखिसक्नु भएको छ म त्यतातिर जान चाहन्न तर यति मात्र भन्न चाहन्छु । प्रदेश सरकार गठन भएको यो छोटो समयमा नीति नियम कानून बनाउने देखि लिएर अन्य काममा गण्डकी प्रदेश सरकार छ वटै प्रदेश सरकार भन्दा अव्वल र सर्वोत्कृष्ट रहेको कुरा व्यवहारले प्रमाणित गरेको छ तथ्यले प्रमाणित गरेको छ । शव्दले होइन । तसर्थ यो नीति तथा कार्यक्रमको पुस्तक बाहिरी कलर जति राम्रो छ त्यो भन्दा बढि यसमा कुंदिएका अक्षरहरु शव्दहरु ति शव्दमा प्रदेशका जनताको चाहना सुखी र सुन्दर भविष्यको जुन रोडम्याप यसले प्रष्ट पारेको छ म सर्वप्रथम यो नीति तथा कार्यक्रमको पूर्ण समर्थन गर्न चाहन्छु । यो नीति तथा कार्यक्रमले गण्डकी प्रदेशलाई छोटो समयमै कसरी यहांका श्रोत र साधनलाई उपयोग गरेर समृद्ध प्रदेश निर्माण गर्न सकिन्छ त्यो काममा यहांका जनतालाई कसरी परिचालन गर्न सकिन्छ भनेर स्पष्ट योजना खाकासहित यथार्थको धरातलको जगमा उभिएर तिव्र आर्थिक सन्तुलित विकासको मान्यतालाई बोकेर आएको छ। यो नीति तथा कार्यक्रमलाई यहां भन्दा जुन राम्रो छ त्यो भन्दा अझै राम्रो बनाउनु पर्छ भनेर जुन संशोधनका कुराहरु आका छन त्यो भनेको उंट बनाउन खोज्नु जस्तो मात्र हो । यो नीति तथा कार्यक्रम ५७ पृष्ठमा २०३ वटा बुंदामा आइरहंदा मिठो स्लोगन र शव्दमा मात्र आएको छैन। प्रष्ट १ वर्ष भित्र यो काम यसरी गरिन्छ भनेर स्पष्ट भिजन भिजनलाई कार्यान्वयन गर्ने मिसन र एक्सन साथ बुंदागत रुपमा सुत्रमा आएको छ । पढदा पनि पढौं पढौं लाग्ने जति पढ्यो त्यति पढन मन लाग्ने अत्यन्त व्यवस्थित रुपमा आएको छ । यो नीति तथा कार्यक्रम यसकै आलोकमा आउने बजेटको माध्यमबाट गण्डकी प्रदेशमा माननीय मुख्यमन्त्री पृथ्वी सुव्वा गुरुङको नेतृत्वमा विकास निर्माणको माध्यमबाट प्रदेशको समृद्धिको माग जागरण अभियानको शुरुवात हुंदैछ र जनता लामो समय पछाडि जुन उत्साह र उमङ्ग उत्साह आएको छ अब हामीले सवै खाले सानातिना झिनामसिना खाले जागरण र जनजागरण अभियानलाई छोडेर महाजागरणको यो अभियानमा सामेल हौं म

सवैलाई अनुरोध गर्न चाहन्छु । नत्र भोलि प्लेन छुट्यो प्लेन छुट्यो भनिन्छ तर प्लेन छुटेको हुन्न आफु छुटेको अवस्था रहन्छ । त्यो कुरालाई ख्याल गरौं त्यो बेलामा पछुताउने बाहेक केही हुंदैन प्लेनत उडिसकेको हुन्छ । आफ्नो लक्ष्यमा समृद्धिको प्लेन । विकासको प्लेन निर्माणको प्लेन माननीय मुख्य मन्त्रीज्यूको नेतृत्वमा उडिसकेको हुन्छ । गन्तव्यमा पुग्नको निम्ति लक्ष्यमा पुग्नको निम्ति । यो नीति तथा कार्यक्रमले पर्यटन समृद्धिको आधार मात्र होइन यसलाई उत्पादनसंग कसरी जोडने कृषिलाई निर्वाह मुखिबाट व्यवसायीकरणतिर कसरी लैजाने ? उद्योग व्यवसायमा आमुल परिवर्तन कसरी गर्ने ? स्वदेशी उत्पादकत्वलाई कसरी बृद्धि र बजारीकरण गर्ने लगायतका विषयहरु आएका छन । सारमा यो नीति तथा कार्यक्रममै किन छैन? के कुरा छुटेको छ ? तसर्थ यो आफैमा पूर्ण छ । अब अलिअलि गाइगुइ सुनिएको छ। यो नीति तथा कार्यक्रममा धारा नयां भए पनि कार्यक्रम पुरानै भए । उत्साह हुने खालको कुरा कुनै छैन । ठोस र मुर्त रुपमा आउन सकेन छरिएर आयो भन्ने कुरा पनि घोइरोघोइरो यदाकदा सुनिएको छ । यसमा म यतिमात्र भन्न चाहन्छु १ जना माननीयज्यूले केहिदिन अगाडी चियाखान क्यान्टिनमा जाउं भनेर वहां र म गका थियौं । मैले २ वटा कालो चिया मगाए। अनि मसंगै जानु भएको माननीयले भन्नु भयो राजीव माननीयलाई कालो चिया दिनोस । मलाई चियापत्ति चिनि सहित हालेको १ गिलास तातो पानी दिनोस भन्नुभयो । अनि मैले कुरा त उहि हो तर किन यसो भन्नु भएको भनेर वहां माननीयलाई सोध्दा वहांले भन्नु भयो तपाइ भन्दा अलिकति म फरक देखिननी पर्यो । अनि कालो चिया मात्र भन्नु भयो भन्दा पनि अलि प्रष्टसंग भन्नु पर्यो । त्यसो भएर कालो चियापत्ति चिनि सहितको तातो पानी एक गिलास दिनोस भनेर भनेको भन्नुभथ्यो वहां माननीयज्यूले अब मैले त्यसमात त्यस्तो केहि उत्तर दिने कुरो भन अनि यो नीति तथा कार्यक्रम भनेको विरोध र महापुराण पनि होइन। यो त संक्षिप्त रुपमा आउने सवै जनताले बुझ्ने भाषामा आउने कार्यक्रम हो। अव म जुन संशोधन प्रस्ताव आएको छ ती साथीहरुलाई माननीयज्यूलाई भन्न चाहन्छु चियापत्ति चिनिसहितको १ गिलास तातो पानी दिनोस भन्नु र कालो चिया भन्नु एउटै हो त्यसो भएर त्यस्ता कुरामा नअल्झिऔं। अव मैले हेरें संशोधन प्रस्तावमा सहुलियत व्याजदरमा कृषि ऋण दिने २ परसेन्ट राख्न पर्यो मुर्त आउन पर्यो। तर र अनि इकार उकारमा अल्झिन हुन्न । हामी सुखी नेपाली समृद्ध नेपाल सुखी नेपाली समृद्ध प्रदेश बनाउने महाअभियानमा हामी सवै आ( आफ्नो ठाउंबाट लागौं म यो अनुरोध गर्न चाहन्छु। यो नीति तथा कार्यक्रम सामाजिक

न्याय र लोककल्याणकारी राज्यको मान्यतालाई स्थापित गर्न खोजेको छ। त्यो दिशातर्फ यो उन्मुख छ। अब यो नीति तथा कार्यक्रममा धेरै कुराहरु समेटिएका छन्। तपाई हामी सवैलाई थाहा छ भनिन्छ एउटा मानिसले भोलिका लागि सोचौं। एउटा नेताले ५ बर्षका लागि सोच्छ। एउटा राज नेताले ३० औं बर्षका लागि सोच्छ। ३० औं वर्षका लागि सोच्ने त्यो सोच दृष्टकोणका साथ यो नीति तथा कार्यक्रम आएको छ। यसर्थमा माननीय मुख्यमन्त्रि र प्रदेश सरकारलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु। यस्तो ओजपुर्ण नीति तथा कार्यक्रमलाई सधैं टिप्पणी गर्नु भनेको बुझ्नेलाई श्रीखण्ड नबुझ्नेलाई केको बींड भन्छन मलाई ठ्याक्कै आएन। त्यो बाहेक केहि होइन भन्ने मलाई लाग्छ। यो नीति तथा कार्यक्रम फुलको आंखामा फुलै संसार कांडाको आंखामा कांडै संसार भन्ने मात्रै होइन कांडाको  आंखामा पनि फुलै संसार हुने खालको नीति तथा कार्यक्रम छ। एकपटक आज बेलुका गएर फेरी पढदिनको निम्ति म अनुरोध गर्न चाहन्छु। हिजो हामी सवै राजनैतिक पार्टिहरुले आन्दोलन गरेर संघर्ष गरेर यो महान र ऐतिहासिक उपलव्धि प्राप्त गरेका छौं। यो ऐतिहासिक जनआन्दोलन र जनयुद्धको जगमा उपलव्धि प्राप्त गरेका छौं। मुलुकमा राजनैतिक परिवर्तनले शासन व्यवस्था फेरियो। राज्यका संरचना फेरिए जनताका आशा अपेक्षा पनि फेरिए तर हामी भित्रको सोच र मानसिकता अझै पनि फेरिएको छैन। के भदौमा आंखा फुटेको गोरुले के देख्छ हरियो की के देख्छ भने जस्तै जे कुरामानी विरोधनै गर्न पर्छ भन्ने मानसिकता र सोच पनि नराखौं। सकारात्मक ढङ्गबाट सोच्ने बानीको पनि विकास गरौं। गल्ति कमिकमजोरी भएका छन भने यहां यसले यो ठाउंमा यसरी भकोछ भनेर तथ्यपरक हिसावले धरातलको जगमा उभिएर आलोचना गरौं। गोलमोटल रुपमा ठोस मार्गचित्र भएन बेथितिको अन्त्य गर्ने भनियो नाताबाद कृपावाद भयो भनेर हचुवाको भरमा तुकन ताकका कुरा गर्नु केनै अर्थ राख्ला। यो जलव लगाएको नक्कली सुन होइन यो त आगोमा खारिएको अकबरी सुन हो यो नीति तथा कार्यक्रम। जल्ले नक्कली सुन भनेको छ उसको दृष्टिभ्रम हो। त्यसो भएर म दृष्टभ्रमै भका व्यक्तिलाई नै म केहि भन्न सक्दिन। माननीय सभामुख महोदय यो नीति तथा कार्यक्रमलाई म माननीय धनमाया पोखरेललाई हार्दिक धन्यवाद दिन चाहन्छु। वहाले यो नीति तथा कार्यक्रलाई पूर्ण स्वागत गर्नु भाको छ। अरु संशोधन प्रस्ताव राख्ने ३ जना माननीयले पनि पछि यलाई स्वागत गर्दै फिर्ता लिनु हुनेछ भन्ने मैले अपेक्षा लिएको छ। यो मेरो सानो अपेक्षा मात्रै हो। म यही कुरा तपाइहरुको विचमा राख्दै अन्तिममा फेवातालको विषयमा धेरै कुराहरु आका छन। अरु ताल

तलैयाको विषयमा पनि आका छन। तर संघ प्रदेश र स्थानिय सरकार विचमा समन्वय गर्ने कुराको अभावले अलिकति समस्या रहेको छ। सर्वोच्च अदालतले गरेको फैसलालाई यो उच्च अदालतले फेरी काटेको अवस्था छ यो मिल्ने हो की होइन। हैन यस्ता धेरै कुराहरु छन। धेरै अप्ठयाराका बावजुद धेरै चुनोतिका बावजुद पनि जुन नीति तथा कार्यक्रम सरकारले ल्याएको छ। यो कार्यान्वयन गर्नेखालको जनमुखि प्रगतिशिल एकदम राष्ट्र प्रेमले ओतप्रोत भर यो नीति तथा कार्यक्रम आको छ। यलाई कार्यान्वयन गर्नको निम्ति हामी सवै सवै आ(आफ्नो ठाउंबाट लागौं, जुटौं र गण्डकी प्रदेशका जति पनि महान व्यक्तित्वहरु हुनुहुन्छ चाहे सरदार भिमसेन थापा देखि लिएर अन्य धेरै वक्तित्वहरु हुनुहुन्छ। हर्क गुरुङ्ग देखि लिएर धेरै व्यक्तित्वहरु हुनुहुन्छ। वहांहरुका योगदानहरुलाई सम्झने हिसावले हामीले अरु प्रोजेक्टमा अरु कार्यक्रमहरु आउनेनै छन यो नीति तथा कार्यक्रममा सवै आउने कुरा भएन यिनै कुरा राख्दै यो नीति तथा कार्यक्रमको पूर्ण समर्थन गर्दै विदा हुन्छु चाहन्छु। धन्यवाद । नमस्कार ।

## माननीय सभामुख

माननीय श्री लक्ष्मी सुनारलाई छलफलमा भाग लिन समय दिन्छु समय १० मिनेट ।

## माननीय लक्ष्मी सुनारः

माननीय सभामुख ज्यू, गण्डकी प्रदेश सभामा माननीय प्रदेश प्रमुख श्री बाबुराम कुंवरद्धारा आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नु भएको छ। हाम्रो देश नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट गण्डकी प्रदेशको विकास र समृद्धिको जन आकांक्षा पुरा गर्नको लागि जनताको अभिमतबाट गण्डकी प्रदेश सरकारको गठन भै कार्यरत रहेको हामी सवैलाई विद्धितै छ। शामन्ति, निरंकुश, केन्द्रिकृत र एकात्मक शासन प्रणालीका अन्त्य गरी संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थापन गरि जीवन वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिद प्रति भावपूर्ण श्रदाञ्जली अर्पण गर्न चाहन्छु। यस नीति तथा कार्यक्रमको छलफलमा सहभागी हुने सम्पूर्ण माननीयज्यूहरुबाट धेरै विषयवस्तुहरु आइसकेको छ। माननीय सभामुखज्यू गण्डकी प्रदेश सभाले पहिलो त्यसको नामाकरण र राजधानी समयमा निर्धारण गर्ने जस्तो उदाहरणीय काम गरी राजनैतिक सहमतिको सन्देश दिएको छ। यस प्रदेश सरकारले दुई वर्षकै अन्तरालमा

धेरै विकासका काम गरि सकेको छ। यसै गरी भौगोलिक विविधता तथा प्राकृतिक सुन्दरता बहुजातिक बहुभाषिक बहुधार्मिक र बहुसांस्कृतिक विशेषतायुक्त गण्डकी प्रदेशमा सामाजिक सदभाव र सांस्कृतिक सहअस्तित्वमा आधारित एकताबद्ध सभ्य र सांस्कृतिक समाज निर्माण गरि निर्माण गर्न नीति प्रदेश सरकारले अवलम्वन गर्ने छ। यस समाजमा धेरै प्रकारका विभेद बन्चितिकरण र अन्त्य गर्दै अवसरबाट पछाडि परेका र पारिएका वर्ग समुदाय जातजाती क्षेत्र र लिङ्गलाई राज्यको मुल प्रवाहमा ल्याउने प्रदेश सरकार अझै पछाडि परेको छ। समानुपातिक समावेशिकरण गर्न अझै कन्जुस्याई गरेको छ। पूर्वाधार विकास तर्फ हेर्ने हो भने नवलपुर जिल्लामा अझै पनि पक्की पुल नरहेको अवस्था छ। पुल नहुंदा वर्षा याममा कुनै पनि इमरजेन्सी काम गर्न अप्ठयारो परिरहेको छ । जस्तै सर्पको टोकाइबाट धेरै व्यक्तिहरुले ज्यान गुमाउनु परेको छ र डेलिभरी तहबाट पनि धेरै जनाले ज्यान गुमाउन परेको छ। त्यसै गरि केहि आवतजावत गर्न झोलुङ्गे पुलको व्यवस्था हालसालै छ बनेको छ र त्यसमा पनि सवारी साधन जस्तै वस सानो म्याजिक माइक्रोहरु हिंडन नमिल्ने गर्दा टाढा जाने टाढा पढन जाने विद्यार्थीलाई स्कुल जान असम्भव रहेको छ । वैज्ञानिक वन तर्फ हेर्ने हो भने कसरी काम गर्ने कसरी रुख कटानी गर्ने अग्नी रेखा कोरेको बाटो कति मिटर बनाउने त्यो बनाउंदा कति सम्मको रुख कटानी गर्ने भन्ने कुरा जानकारी छैन । कसरी रुख कटानी गर्दा नियम भन्दा बाहिर गएको र रुख बढी कटानी भएको भनेर नवलपुरमा ४ वटा वनका अध्यक्षहरुलाई समस्या परिरहेको छ। त्यसै तर्फ जानकारी गराउन अति आवश्यक रहेको छ। सुशासन र समृद्धि, विज्ञान र प्रविधिको अध्ययन अनुसन्धान र आविस्कार गर्नको लागि विज्ञान तथा प्रविधि प्रतिष्ठान स्थापनाको लागी स्थापनाको नीतिगत प्रवन्ध मिलाउन सरकार त पछि परेको छ। तर आवश्यक विज्ञान प्रविधि प्रतिष्ठानका सामग्रीहरुको व्यवस्था पुर्याउन सकिरहेको छैन। त्यसैले गर्दा जुन विषय स्थापना गरिन्छ त्यहि अनुसारका सामग्रीहरु पनि व्यवस्था गर्न अति आवश्यक देखिन्छ। गुणस्तरिय शिक्षाका लागि सामुदायिक विद्यालयमा शिक्षकलाई आवश्यक तालिम प्रदान गर्ने आवश्यक देखिएको छ र विना तालिमले शिक्षा दिंदा गुणस्तरिय नभएको कारण शिक्षकलाई निकाला गर्ने सम्म सम्भावना रहेको छ र त्यो मध्येमा पनि दलित शिक्षकलाई नै पर्न गएको देखिन्छ। यो अवस्था नरहोस भन्न चाहन्छु। सूचना प्रविधि मैत्री शैक्षिक सामग्रीको उत्पादन र विकासको व्यवस्था मिलाउन विकासको व्यवस्था मिलाई स्थानिय आवश्यकता बमोजिम पाठ्यक्रम

तयार गरी कार्यान्वयनमा ल्याउन आवश्यक देखिन्छ र अपाङ्गता भएका विद्यार्थीको लागी उसको क्षमता अनुसारको कक्षा कोठा सौचालय र शिक्षा नभएको कारण विद्यालय छोडी घरमानै वसेको अवस्था छ र सरकारको त्यसतर्फ पनि ध्यान दिनु पर्ने देखिन्छ। माननीय सभामुख ज्यू दलित सहकारीको संस्थागत सुदृढिकरणको लागी आवश्यक सहयोग गर्ने नागरिक अधिकारीको सम्मान सामाजिक सुरक्षामा सरकारको ध्यान हरेक क्षेत्रमा दलितको अर्थपूर्ण सहभागिता सुनिश्चितता गर्दै आर्थिक सामाजिक शसक्तिकरण गरिने छ। थप गर्नु पर्ने लाग्दछ। स्थानिय तहमा आवश्यकता र मागका आधारमा स्वास्थ्य चौकी भवन निर्माण विद्यालय भवन निर्माण महिला समुह र युवक समुह दलित समुहका भवन निर्माण गर्ने नीति लिनु पर्ने छ। प्रदेश भित्र रहेका सरकारी स्वामित्वमा रहेका खाली जग्गाहरुको पहिचान गरि भुमिहिन गरिव तथा दलित समुदायका परिवारहरुलाई आय आर्जन हुने गरी विभिन्न आवश्यक कार्यक्रम संचालन गरि जमिनको सदुपयोग गर्ने नीति तथा कार्यक्रम ल्याउनु पर्ने देखिएको छ। अन्तमा यो नीति तथा कार्यक्रम अति सान्दर्भिक रहेको छ र समेटनु पर्ने विषयवस्तु कति समेटिएको छ र कति समेटिएको छैन यस वर्ष समेटन नसकिएको विषयवस्तुलाई आगामी वर्ष आर्थिक वर्षको नीति तथा कार्यक्रममा समेटियोस भन्दै यस तर्फ मेरो पूर्ण समर्थन गर्दै मेरो भनाइ यहि अन्त्य गर्छु। हस्त धन्यवाद नमस्ते।

## माननीय सभामुख

माननीय श्री भागवत प्रकाश मल्लालाई छलफलमा भाग लिन समय दिन्छु समय १० मिनेट।

## माननीय भागवत प्रकाश मल्लः

माननीय सभामुख महोदय, यस प्रदेशको आर्थिक वर्ष ७६/७७ को नीति तथा कार्यक्रमको छलफलको क्रममा छौं। प्रदेश सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा आफ्ना धारणा र सुझाव राख्न चाहन्छु। झण्डै दुइ तिहाइको संघीय सरकार र सोहि पार्टिको नेतृत्वमा बनेको प्रदेश सरकारलाई अधिकार दिन समेत कन्जुस्याई गरी संघीयतालाई कमजोर बनाउने काम भएको छ। प्रदेशको क्षमता र भारलाई समेत ध्यान नगरी वजेट विनियोजन गरिएको त्यस्तो हास्यास्पद अवस्थामा हामी प्रदेश सरकारको नीति तथा कार्यक्रममा बनाउन बाध्य भएका छौं। यस्तो निरिह प्रदेश सरकारको सदस्य भएर संसदमा उभिरहंदा मानव शरीरमा एउटा अङ्गनै नभएको

अनुभुति भएको छ। माननीय सभामुख महोदय एक निर्वाचन क्षेत्र एक सडक कार्यक्रम अन्तरगत १४ नं. बुंदामा उल्लेख गरिएको दुइ वा सो भन्दा बढी स्थानिय तह दुइ जिल्ला जोडने सडक मुल उद्देश्यले अभिप्रेरित कार्यक्रमलाई द्रुत गतिमा अघि बढाउनलाई सडकको थप अगाडिका कार्य डिपीआर गरी तत्काल जान र ठेक्का प्रक्रिया लगेर प्रदेश सरकारको अवधिमा सम्पन्न गर्न तत्काल आवश्यक कदम चाल्न विनम्र अनुरोध गर्दछु। त्यस्तै सरकारले अघिल्लो वर्ष घोषणा गरेको कार्यक्रममा सडक र पुल कार्यक्रममा नतिजा उल्लेख नगरी हचुवाको भरमा ४५।५ किलोमिटर कालोपत्रे ७ किलोमिटर ग्रावेल सम्पन्न गरिएको छ। सो कार्यक्रम तर्फ बुंदा नं.१५ मा २ वटा झोलुङ्गे पुल निर्माण गरिएको भन्ने सरकारको बहादुरीलाई सरकारको २ वर्षे अवधिलाई महान कार्यको संज्ञा दिन चाहन्छु। माननीय सभामुख महोदय, नीति तथा कार्यक्रमको १७ नं. बुंदामा १ घर १ धारा कार्यक्रम अन्तर्गत हालसम्म ८५०७ घरधरीमा धारा जाडियो भनिएको छ। सरकारको लक्ष्य यो हो उपलव्धी यो हो भनेर सरकारले तथ्याङ्क दिन समेत कन्जुस गरेको छ। कन्जुसीयाई किन समय नभएर कि तथ्याङ्क संकलन गर्ने कर्मचारी नभएर। माननीय सभामुख महोदय, संघीय सरकारले गण्डकी तिनाउ डाइभर्सनको लागि बजेट विनियोजन गर्यो तर प्रदेश सरकार आफै नीति तथा कार्यक्रममा डाइभर्सनका बारेमा चुपचाप छ। प्रदेश सरकारले त्यसवारेमा नबोलेर घुमाउरो पाराले संघीय सरकारलाई सहयोग गर्न खोजेको शंका उत्पन्न भएको छ। कालीगण्डकी हाम्रो सभ्यता हो। यस सम्वन्धि प्रदेश सरकारको आधिकारिक धारणा के हो ? म बुझ्न चाहन्छु र बुंदा नं.६९ मा प्रदेश सिंचाइ गुरु योजना तयार गरीने भनिएको छ तर भाषा अपुष्ट छ। संघीयताका नाममा करको वोझले नागरिक उठन नसक्ने भैरहेको सन्दर्भमा सिंचाइ सेवा शुल्क संकलन गर्ने आवश्यक नीतिगत कार्यक्रम बनाउने भन्ने सरकारले के भन्न खोजेको हो। शुल्कको नाममा जनताको ढाड सेक्ने यो हुंदैन सच्चयाउन अनुरोध गर्दछु। त्यस्तै प्रदेश सरकारको गौरवको आयोजनाको रुपमा उल्लेख गरिएको शालिग्राम सांस्कृतिक करिडोर विस्तृत अध्ययन प्रतिवेदन तयार गर्ने गतवर्ष कार्यक्रम थियो। आउंदो वर्ष पनि बुंदा नं. ११२ मा समावेश गरी उक्त सडक गतवर्ष भनेजस्तै डिपिआर गर्ने भन्ने उल्लेख गरिएको छ।सभामुख महोदय, सरकारले काम नगर्ने अनि प्रत्येक वर्ष एउटै योजना यो गर्ने त्यो गर्ने बहाना गरेर सदस्यलाई हलुका बनाउने र ढांटने काम भएको छ। बुंदा नं. १७७ देखेर पढेर मलाई हांसो लागेको छ। संघीय सरकार जस्तै प्रदेश सरकार भ्रष्टाचार गर्दैन म गर्न पनि दिन्न अभियान भनिएको छ। हाम्रो प्रदेश सरकार

गठन भैसकेपछि हरेक क्षेत्रमा भ्रष्टाचार गतिविधि संस्थागत बन्दै गैराखेका छन्। त्यसको सामान्य उदाहरण मन्त्रीले तोकिएको सुविधा वापत प्रयोग गरेको इन्धन र प्रदेश सरकारले कृषिमा सितैमा दिएको अनुदान लेनादेना कार्य प्रमाण हुन।सभामुख महोदय, नेपालमा संघियता लागु नहुदै देखि राष्ट्रिय गौरवको आयोजनाको रुपमा ठुलै चर्चा पाएको आंधीखोला उच्च बांधको बारेमा प्रदेश सरकार किन मौन ? आंधिखोला बनेको आंधिखोला थुनेर बनेको ड्यामबाट बाह्रै महिना विद्युत उत्पादन हुने पाल डुङ्गा चलाउन सकिने तथा थुनेको आंधिखोलाको ड्याम रहेको हिउंदको पानीले मंसिर देखि जेठसम्म छ महिना अवधिलाई कालिगण्डकी परियोजनामा पानी कम भएको समयमा समेत उपयोग गर्न सकिने बहुउद्देशिय योजनालाई ध्यान नदिएर सरकारले समेत गफमा परिणत गर्न खोजेको छ। उक्त परियोजनालाई श्रोतको पहिचान गरेर तत्काल अगाडी बढाउन म आग्रह गर्दछु। प्रदेश सरकारले सदन कार्यक्रममा समावेश भएको योजनाहरु प्रचार गर्ने अनुरुप उपलव्धि हासिल गर्न सकेको अवस्था छैन। प्रदेश स्तरका गौरवका योजनाहरु के कसरी गर्ने बारेमा ठोस कार्य तालिका बनेको छैन देखिदैन।त्यस्तै विगतमा घोषणा गरिएको कार्यक्रमहरुलाई प्रभावकारी बनाउन राजनीतीक उपलव्धि पछि नागरिकले गरेको अपेक्षा अनुसार सरकार किन काम गर्न सकेको छैन। सरकार हरेक क्षेत्रको क्षेत्रमा असफल सावित भएको छ। नीति तथा कार्यक्रममा कार्यान्वयन गर्न नतिजामुखि विकास देखाउन सकेन। त्यस्तै आर्थिक वर्षको अन्त्यमा हतार हतार हिलोमा वजेट सक्ने लामो परम्परालाई अन्त्यका लागि आर्थिक वर्षलाई फेरवदल वा परिवर्तन गर्ने प्रस्ताव नीति तथा कार्यक्रममा देखिएन। दिगो विकास र अपेक्षाकृत उपलव्धि हासिल गर्नका लागि यो अषाढ मसान्त फेरवदल परिवर्तन गरी आवश्यक छ। माननीय सभामुख महोदय यो नीति तथा कार्यक्रम २०३ बुंदामा तयार पारिएको छ। तर यो कर्मचारी समायोजनको एउटा कुरा छ। जेष्ठता सिनियर पति पत्नि एक जिल्ला कर्मचारी भनिएको छ तर यो गण्डकी प्रदेश सरकारलाई म अनुरोध गर्न चाहन्छु भने यो २०४ बुंदा बनाएर कर्मचारी समायोजन भन्ने छुट्टै बनाएर एकलौटि ढंगले आफ्नो कर्मचारी समायोजन गर्न वा काम गर्न म यो सरकारलाई विनम्र अनुरोध गर्दछु। त्यस्तै यो प्रदेशको एउटा पुल छ राम्दीमा कालिगण्डकी माथि पुल छ त्यो जीर्ण छ। पटक पटक हामीले कुरा उठायौं त्यसको सुनुवाइ भएको छैन। ५ नं. प्रदेश र ४ नं. प्रदेश जोडने पुल हो। त्यसले २० देखि २५ प्रतिशत अहिले हामीले भाडा तिर्छौं र हामीले मुल्य वृद्धि बढिरहेको छ। त्यसको लागी यो सरकार अथवा संघीय सरकार

सवै चुप छन यसको लागी अगाडी बढाउन म प्रदेश सरकारलाई म विनम्र अनुरोध गर्छु र अन्तमा सभामुख महोदय यो नेपाली कांग्रेस संसदीय दलको तर्फबाट म विष्णु प्रसाद लामिछाने र समाजवादी पार्टि नेपालका माननीय हरिशरण आचार्य ज्यूले एउटा संशोधन प्रस्ताव ९ बुंदामा संशोधन पेश दर्ता गर्नु भएको छ त्यसको पूर्ण समर्थन छ र यसको संशोधनको प्रस्ताव पुरा गर्न जोडदार माग गर्दछु। हस्त धन्यवाद जय नेपाल ।

## माननीय सभामुख

माननीय श्री मधुमाया अधिकारीलाई छलफलमा भाग लिन समय दिन्छु समय १० मिनेट ।

## माननीय मधुमाया अधिकारीः

माननीय सभामुख महोदय, २०७६ जेठ २४ गते यस सम्मानित सदनमा माननीय प्रदेश प्रमुखबाट प्रस्तुत भएको नीति तथा कार्यक्रमको सम्बन्धमा हामी छलफल गर्न गैराखेका छौं । माननीय सभामुख महोदय यस सन्दर्भमा सामन्ति, केन्द्रिकृत, एकात्मक निरंकुश केन्द्रिकृत एकात्मक शासन प्रणालीको अन्त्य गरी संघीय लोकतान्त्रीक गणतन्त्रतात्मक शासन व्यवस्था स्थापना गर्न आफ्नो कुर्वान जीवन कुर्वान कुर्वानी गर्नु हुने महान शहिदहरु प्रति हार्दिक श्रदाञ्जली अर्पण गर्दछु । वेपत्ता योद्धाहरु प्रति उच्च स्मरण गर्दै घाइते अपाङ्गहरुको स्वास्थ्य लाभको कामना गर्दछु र मुक्ति अभियानमा लामबद्ध हुने परिवर्तनकारी जनसमुदाय प्रति सलामी अर्पण गर्दछु ।माननीय सभामुख महोदय प्रदेश सरकारले प्रथम वर्षमा हासिल गरेका महत्वपुर्ण उपलव्धीको जगमा संघीयतालाई कार्यान्वयन गर्न आगामी आर्थिक वर्ष विगत वर्षको समिक्षा गर्दै आफ्नो लक्ष्य परक प्रति असाध्यै प्रतिवद्ध भै स्लोगन सहित प्रस्तुत भएको उक्त नीति कार्यक्रम प्रति मेरो पुर्ण समर्थन रहेको छ । माननीय सभामुख महोदय यस नीति कार्यक्रम तयार गर्दा प्रदेशका एकल र साझा अधिकारका सुची १५औं योजनाको आधार पत्र नेपाल सरकारको समष्टिगत आर्थिक नीति प्रदेशको पञ्च वर्षिय योजनाको आधारपत्र दिगो विकास र लक्ष्य प्राप्तिका लागि आ( आफ्नो अन्तराष्ट्रिय स्तरमा व्यक्त गरेका प्रतिवद्धता तथा प्रदेश सरकारले पहिलो र दोश्रो अधिवेशनमा प्रस्तुत गरेको नीति तथा कार्यक्रमलाई मार्ग निर्देशनको रुपमा लिएको छ। आगामी वर्ष प्रदेश सरकारको संगठन संरचना अनुरुपको कर्मचारीको व्यवस्था हुनेछ।सुचीमा परेका विषयमा कानूनको तर्जुमा हुनेछ। संविधानको मर्म र

भावना अनुरुप आयोजनाको वर्गीकरण भै संघ प्रदेश स्थानिय तह विच तथा आयश्रोतको सन्तुलित पारदर्शि न्यायोचित रुपमा बांडफांड हुने छ। संघीयताको मर्म बमोजिम संघ प्रदेश र स्थानिय तह विच समन्वय र सहअस्तित्व र सहकारिता सम्बन्धमा सम्वन्ध स्थापित भै संघ संघीयताको सहज वातावरण सिर्जना हुनेछ भन्ने विश्वासको जगमा नीति तथा कार्यक्रम तय भैरहेको छ । माननीय सभामुख महोदय सिंहदरबार घरघरमा भन्ने नारा बोकेका हामीहरुले यो नीति तथा कार्यक्रमले समृद्ध नेपाल सुखी नेपाली नेपालीको राष्ट्रिय आकांक्षालाई सफल पार्ने उद्देश्य लिएको समृद्ध प्रदेश र सुखी नागरिक निर्माण गर्नकै निम्ति प्रदेश सरकार बनेको कारणले होला आज गण्डकी प्रदेशलाई पर्यटनको हव र पोखरालाई पर्यटकीय राजधानीको रुपमा विकास गरि सन २०१९ लाई आन्तरिक पर्यटन वर्ष घोषणा गर्ने सन २०२० लाई छिमेकी आकर्षण वर्ष, पर्यटन वर्ष सन २०२२ लाई अन्तराष्ट्रिय पर्यटन बर्ष अभियान संचालन गरी २० लाख पर्यटन भित्रयाउने लक्ष्य लिएको छ भने त्यसैगरी विद्युतीय क्षेत्रमा विद्युत विस्तारको कार्यलाई निरन्तरता दिंदै उत्तरकन्या बुढि गण्डकी कालीगण्डकी करिडोरमा संघिय सरकारको समन्वय र सहकार्यमा प्रसारण लाइन निर्माण गरि आवश्यक ठाउंमा प्रसारण जोडने लाइन जोडने गण्डकी प्रदेशले उज्यालो प्रदेशको रुपमा परिचित गराउने यो असाध्यै महत्वपूर्ण कार्यक्रम रहेको छ ।माननीय सभामुख महोदय कृषि क्षेत्रको आधुनिकिकरण यान्त्रिकिकरण व्यवसायीकरण सिंचाइको सुनिश्चिततालाई कार्यान्वयन गर्ने उत्पादकत्वमा आत्मनिर्भर हुनेछ । पाँच बर्षमा खाद्यान्न दोव्बर बनाउने लक्ष्यका साथ अगाडि बढेको प्रदेशले त्यति मात्रै होइन १ वाड १ उत्पादन कार्यक्रम १ वाड १ नमुना कृषि कार्यक्रम मुख्यमन्त्री जलवायु मैत्री नमुना कृषि गाउं कार्यक्रमका कारण कृषक सम्पूर्ण कृषकहरुमा उत्साह पैदा हुनेछ भन्ने हाम्ले विश्वास गरेका छौं । माननीय सभामुख महोदय ७१ बुंदा नं। ७१ मा अवको अवस्था व्यवस्थित बसोबास र भूमि व्यवस्था भन्ने स्लोगनले पक्कै पनि भूमिहिन सुकुम्वासी गुठि जग्गाको सर्वेक्षण अनुगमन गर्ने छ र दुर दराजमा छरिएर रहेका बस्तीहरुमा एकिकृत वस्तीको विकास हुनेछ ।यसले सरकारलाई विकास गर्न सजिलो बनाउने छ साथै माननीय सभामुख महोदय बुंदा न ८२ मा आर्थिक, सामाजिक रुपमा पछाडि परेका वर्गको लागी जुन कार्यक्रमलाई निरन्तरता दिने भनिएको छ त्यसमा कुमाल,चेपाङ, बोटे लगायतको छ

। त्यसमा मुसहर, दुरा, कुमाल, दराई लगायतका अन्य जातिहरुको पनि थप्दाखेरि राम्रो हुनेछ। यसैगरि वन व्यवस्थापनका लागि वन सुशासन र समृद्धि विज्ञान प्रविधिमा जोड गरेको छ भने गुणस्तरीय भौतिक पूर्वाधार प्रदेश समृद्धिको आधार जसले प्रदेशको सवै स्थानिय तह केन्द्र जोडने ठाउंमा स्तरउन्नति गर्ने योजना बनाएको छ। एक निर्वाचन क्षेत्र सडक कार्यक्रमलाई निरन्तरता दिने स्थानिय तहको केन्द्र सडकमा पर्ने सम्पूर्ण पुलहरु प्रदेश भरि सडक सञ्जाल निर्माण हुनेछ। यसले गर्दा दुर दराजमा भएका उत्पादन शहर सम्म ल्याउन र शहरका सामान गाउंसम्म पुर्याउनको लागि सजिलो हुनेछ र शहर गाउंलाई जोडने महत्वपूर्ण भुमिका निर्माण गर्नेछ भन्ने लागेको छ । सभामुख महोदय स्वच्छ खानेपानी, सिंचाइ जनशक्ति उत्पादन खेलकुदको सम्मान सामानको सुरक्षामा सरकारको ध्यानलाई म पुन आभार व्यक्त गर्न चाहन्छु । बुंदा नं।१४२,१४३,१४४, १४५, १४६, १४७ यो जो बुंदाहरु छ । सामाजिक न्यायको क्षेत्रमा यसले मलाई के विश्वास लागेको छ भने जुनसकै कार्यक्रम आन्दोलन सफलता महिलाहरुको सहभागितामा भर पर्दछ भन्ने कुरा पुष्टि गरेको छ। सभामुख महोदय प्रदेशलाई रोजगारी सिर्जना गर्नको निम्ति थुप्रै निराक्षर थुप्रै कार्यक्रमहरु छन । निराक्षर बनाउन प्रदेश विश्वविद्यालय स्वास्थ्य जीवन विताउनको निम्ति विभिन्न हस्पिटलहरु अथवा स्वास्थ्य चौकी स्वास्थ्य कार्यालयहरु नै उल्लेख भएका छन अझ जोडका साथ सक्षम सुदृढ भ्रष्टाचारमुक्त प्रदेश बनाउने यो कल्पना सहित यो नीति तथा कार्यक्रम आएको छ। म भ्रष्टाचार गर्दिन गर्न पनि दिन्न भन्ने कुरालाई म बाट शुरुवात गरौं। प्रतिबद्ध जसले प्रतिपक्षहरु कम्युनिष्टहरु कमाउनिष्ट भनेर आरोप लगाउने गरेका छन यसलाई प्रतिवाद गरौं व्यवहारबाट नै प्रतिवाद गरौं यो योजना इमान्दारपुर्वक कार्यान्वयन गरौं र अर्को कुरा सामाजिक न्यायको क्षेत्रमा ६० बर्ष पुगे पछाडि कम्युनिष्टहरुले गोली हानेर मार्छन भन्ने जो तर्क उठाइ राखेका छन यो पनि सामाजिक न्यायको क्षेत्रमा यो विषयहरु उठेका छन यसले झाप्पड दिएको छ र अर्को सामाजिक न्यायकै क्षेत्रमा त्यो थप्न पर्ने विषय छ र मुख्य शसस्त्र जन शसस्त्र विद्रोह भनिएको छ र त्यसलाई जनयुद्ध थप्न पर्ने र जनयुद्ध मात्रै होइन जनयुद्ध र जनआन्दोलमा भएका सहिद वेपत्ता,घाइते, अपाङ्गका परिवारहरु छन। बेपत्ताहरुको खोजी गर्ने व्यवस्थापन गर्ने सार्वजनिक गर्ने व्यवस्था गर्ने र सवै परिवारहरुको व्यवस्थापन गर्ने

शिक्षा स्वास्थ्य रोजगारीको यो प्रदेश सरकारले व्यवस्थापन गर्ने छ भन्ने विश्वास लिएकोछु  र यो बनेका योजनालाई योजनाहरुलाई इमान्दारीपूर्वक कार्यान्वयन गराउने नीति कार्यक्रम सवै माननीयहरुको अनुहारमा बन्ने योजनाहरु अनुहारमा चमक ल्याउनेछ। गण्डकी प्रदेश विकासले अनुहारमा मात्रै हैन विकासले प्रदेशको सम्पूर्णको अनुहारमा चमक ल्याउने छ भन्ने कुरा राख्दै विदा हुन्छु हस्त धन्यवाद।

## माननीय सभामुख

माननीय श्री पुष्पा के.सी. भण्डारीलाई छलफलमा भाग लिन समय दिन्छु समय १० मिनेट।

## माननीय श्री पुष्पा के।सी। भण्डारीः

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सभामा माननीय प्रदेश प्रमुख श्री बाबुराम कुंवरद्धारा प्रस्तुत आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रम माथि छलफल गर्नुपर्दा एउटा सुखद अनुभुति गरेकी छु। अति सुन्दर स्लोगन समेत आएको यस नीति कार्यक्रमले विगतका अनुभवमा टेकेर वरिपरिको वास्तविकतालाई आत्मसात गरी भविष्यको चित्र  कोरेको छ। किनकी स्लोगन साहित्य होइन स्लोगन भिजन हो। यसले तत् क्षेत्रको भिजनलाई प्रस्तुत गरेको छ। गएको वर्ष केहि काम भएन भनेर भनिरहंदा काम भएका छन। जग बसाल्दै गर्दा घर देखिदैन भनेर धैरै पटक भन्नु परेको थियो। त्यो कुरालाई यस नीति कार्यक्रमले प्रष्टयाइदिएको छ। २५ वटा ऐन ३ वटा नियमावली १४३ वटा कार्यविधि र निर्देशिकाहरु प्रदेशको स्थिति पत्र पंच वर्षिय योजनाको आधार अल्पकालिन मध्यकालिन र दिर्घकालिन लक्ष्यहरु तयार हुनु आफैमा प्रमाण बनेका छन। विभिन्न विकासका कामहरुको थालनी हुनु यसैको जगमा टेकेर विभिन्न विकासका कामहरुको थालनी हुनुपनी प्रदेश स्थापित हुंदैछ भन्ने कुरालाई पुष्टि गर्दछ। समृद्ध नेपाल सुखि नेपाली सुखी नागरिक भन्ने राष्ट्र र प्रदेशको सोचलाई मुर्त रुप दिने हिसावले आएको छ। २०७५/७६ का असल कार्यक्रमहरुलाई निरन्तरता दिंदै समय सापेक्ष नयां कार्यक्रमहरुलाई ल्याउनु यसको अर्को बलियो पक्ष हो। जीविकोपार्जन र रोजगारीका अवसरमा बृद्धि गर्न पर्यटनलाई बहु आयामियक रुपमा प्रस्तुत गर्दै कृषि र घरेलु उद्योगहरुलाई संगसंगै जोडनुले पर्यटन मार्फत समृद्धिलाई प्रोत्साहित गरेको छ। यसै गरी खाद्यमा आत्म निर्भरता

तर्फ उन्मुख हुनु कृषक परिचय पत्र बनाइ सेवा दिनु सहुलियत व्याजदरमा ऋण उपलब्ध गराई कृषकलाई उद्यमशिल र आत्म निर्भर हुन अभिप्रेरित गर्नु बाली तथा पशुपंक्षी विमालाई प्रभावकारी बनाउने कार्यक्रम ल्याउनु खाद्य वस्तु सुद्धतामा जोड दिनु अर्ग्यानिक कृषि उपज प्रमाणिकरण प्रयोगशाला र स्थापना गर्ने जस्ता कार्यक्रमले कृषि कार्यक्रम गर्ने नागरिकको मनोबल बढाउनेछ भन्ने मलाई लागेको छ। त्यस्तै गरी घर वगैंचा कार्यक्रमलाई प्रोत्साहित गरिनुले कृषकले आफुलाई राज्यले ध्यदिएको छ भन्ने पनि बुझाउंछ। नागरिकको जमिनमा असल खाद्य पदार्थ उव्जनी भएनै असल खाना खाएर तन्दुरुस्त नागरिक उत्पादन हुन्छन यो सानो जस्तो लाग्ने ठुलो कुरा हो जस्तो आहार त्यस्तै व्यवहारलाई यसले चरितार्थ गर्दछ। त्यस्तै सानो जस्तो अर्को महत्वपूर्ण कुरा छ सतह सिंचाइको सम्भावना नभएका पहाडि भूभागका पाखा र टारमा सिंचाइ सुविधा पुर्याउनका लागि सोलार लिफ्ट सिंचाई प्रणालीलाई प्रोत्साहन गरिनु पनि हो। यसबाट किसानले व्यवसायिक र घर वगैंचा कृषिमा सिंचाइ गर्न सक्दछन्। कुनै बेला अनुगमनकर्ताको भूमिका पनि निर्वाह गरेकी मैले एउटा सिंचाइ कार्यक्रमको प्रभावमा मुल्यांकन गर्न जांदा किसानहरुले दाताहरुसंग कुलो मर्मतको रकम माग गरे। त्यो वेला दाताहरु रिसायर भने कुलो बनाएर दिएपछि मर्मत गर्न पनि सक्दैनौ अति भयो यो हाम्रो ट्याक्सको पैसाबाट बनाएको कुलो हो। तिमी मर्मत पनि नगर्ने ? यो शव्दले छाति दुखेको थियो। अनुहार रातो भएको थियो। त्यस्तै भर्खरै अर्को सिंचाइ हेर्न पुगियो। सोलारबाट पानी तानेर खेतिमा पुर्याएको। त्यहां कसानहरु भन्दै थिए यो संचालन गर्न हामी महिनै पिच्छ ५० रुपैया उठाउंछौं र मर्मत खर्च अपरेटरलाई दिन्छौं। मन हर्षले प्रफुल्ल भयो। उनीहरुको गर्व मिश्रित आवाज सुनेर। मैल  सिद्धान्त र प्राथमिकताका बेला पनि इङ्गित गरेकी थिएं। जन सहभागिता जहां रहेको हुन्छ त्यहां नागरिकले स्वामित्व ग्रहण गरेको हुन्छ। यो नीति कार्यक्रममा निर्माण सम्पन्न आयोजनाको दिगो व्यवस्थापन गर्ने सिंचाइ सेवा गर्न सिंचाइ सेवा सुल्क संकलन गर्ने नीतिगत व्यवस्था गर्ने भन्ने कुरा मलाई मेरो पछिल्लो अनुभवसंग मेल खाएकोले खुसी लाग्यो नीति निर्माता भन्दा कृषक अघि भएको जस्तो पनि लाग्यो। त्यस्तै नदि ताल र जलाशय आधार संरक्षणमा पनि ध्यान पुगेको देखेको छु। संविधान प्रदत्त मौलिक हकलाई ध्यानमा राखी नागरिकको गास र वासको व्यवस्था गर्न तर्फ पनि यो नीति कार्यक्रम लागी पर्ने देखिन्छ। त्यसै गरि एकिकृत वस्ती विकास गर्ने नीतिले विकासलाई सहज र नागरिकलाई सुविधायुक्त जीवन दिने छ। यद्यपि यो कठिन हो। कठिन कार्य हो तर असम्भव

भने होइन। गएको वर्षमा घोषणा गरिएका कार्यक्रमलाई निरन्तरता दिएका कुरालाई छोडेर चर्चा गर्दा पनि सम्झिन लायक धेरै कुराहरु छन। उत्पादन र उत्पादकत्वमा बृद्धि त्यसको समृद्धि भित्र ७६ देखि ९० बुंदा छन। यसमा कुनै निरन्तरता छन। कुनै थप छन। जे छन सवै उत्कृष्ट छन। बनका कुरा गर्दा समृद्धिका लागी वन भनिएको छ भने जस्तो गर्न सके श्रोत खोज्न हात थापि राख्नु पर्ने हुने छैन । वन क्षेत्रमा फलफूल रोपणले पर्यटकहरुलाई आनन्द त दिने छ यसले केही समय पश्चात आगो नियन्त्रणलाई पनि सघाउ पुग्ने ठान्दछु।सभामुख महोदय, शिक्षाका क्षेत्रमा ल्याइएका नीतिहरु पनि उत्तिकै स्तरिय र सह्रानिय छन । दुर्गम तथा हिमाली भेगका न्यून विद्यार्थि भएका विद्यालयहरुको व्यवस्थानका बारेमा राखिएको सोच पनि उत्पादन मुलक हुने लाग्दछ । धेरै राम्रा कुरा उल्लेख गर्न थांति राखेर म नागरिक अधिकारको सम्मान सामाजिक सुरक्षामा सरकारको ध्यान तर्फ फड्को मार्न चाहन्छु। हरेक क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै आर्थिक सामाजिक सशक्तिकरण गरिनेछ भन्ने कुरा उल्लेख भएको छ। यति हुने भने सवै कुरा भएको हुन्छ। अरु सवै तपसिलका कुरा हुन्छन  किनकी आर्थिक र सामाजिक रुपमा सशक्त हुन धेरै कुरा चाहिन्छ। सरकारले यो कुरालाई बुझेर नै यसमा जोडेर अरु धेरै कुराहरु ल्याएको छ। जस्तै लैङ्गिक मुल प्रवाहीकरण तथा लैङ्गिक समानता कायम गर्न नीति तथा कानूनको तर्जुमा र कार्यान्वयन शिपमुलक क्षमता अभिबृद्धि उद्यमशिलताको विकास लैङ्गिक हिंसा विरुद्ध सुन्य सहनशिलता लैङ्गिक हिंसा तथा सामाजिक कुरुति विरुद्ध अभियान सचेतना कार्यक्रमहरु एकल महिला संरक्षण आदि आदि। लामो समय वातावरणसंग जोडिएको बन र वाताबरणसंग जोडेर वन र सचेतना र शसक्तिकरणमा खर्चेकी मलाई यो नीति कार्यक्रमहरुले आत्मिक राहत पुर्याएको छ। यसको शिघ्रताका साथ अवलम्वनको मलाई व्यग्रताका साथ प्रतिक्षा छ। यसका साथमा समाजका हरेका खालका नागरिकले यहां आफ्नो उपस्थितिको अनुभव गर्न सक्दछन। प्रदेशले नागरिकका समग्र विकासका साथमा उनिहरुको स्वास्थ्य प्रति पनि उत्तिकै चासो र जिम्मेवारी वहन गर्ने नीति ल्याएको छ। जुन कार्यक्रमले विपन्नले पनि सम्पन्नले जस्तै सेवा प्राप्त गर्ने गर्न सक्नेछन। स्वास्थ्य विमा र खास रोगहरको निशुल्क उपचार अनि सर्पदंशको उपचार पनि एउटा उदाहरणको रुपमा यहां प्रस्तुत गरेकी छु। सर्पदंशको कुरा गर्नुपर्दा मैले एक मिनेट लिन चाहें सभामुख महोदय केहि वर्ष अगाडि भारतको दिल्लीमा एउटा होटलमा म बसिरहंदा एक जना वेटरले तपाइ कहांको हुनुहुन्छ भनेर सोधे त्यो वेला मैले म

नेपालको भनेर भन्दा त्यहां त्यो वेटरले अर्को एकजना वेटरलाई भन्यो कि तिम्रो नेपाली यहांछ। तव म त्यो वेटरसंग अर्को नेपाली वेटर जो तराई बासी हुनुहुन्थ्यो उहांसंग कुरा गर्दा वहांले भन्नु भयो अनि तपाइ किन यहां काम गर्न आउनु भएको भनेर भन्दा नेपालमा काम छैन अनि हामीहरुलाई त्यहां कुनै सेवा सुविधा पुगेको छैन। मेरो बा सर्पले टोकेर मर्यो मेरो दाइ सर्पले टोकेर मर्यो त्यहां उपचार हुंदैन। आज सर्पदंशको उपचारको बारेमा यो नीति कार्यक्रम आउंदा मैले उनलाई सम्झिराखेकी छु कि अब तिनले त्यस्तो भनिरहनु पर्दैन। यस्ता केही उदाहरणहरु हुन भन्दै मैले सभामुख महोदय त्यस्तै न्यायिक क्षेत्रमा पनि नीति कार्यक्रम शसक्त देखिन्छ भने भ्रष्टाचारलाई तिब्र विरोध गरेको छ। यसरी समग्रमा भन्नुपर्दा यो नीति कार्यक्रम अतिनै जनमुखि छ र यसलाई यथाशक्य छिटो जनतामाझ पुर्याउन सक्नुनै सरकारको सफलता हुनेछ। यसमा सरकार, नेता, कर्मचारी र नागरिकको साथसाथमा अझ युवा जनशक्तिको बराबर भुमिका हुनेछ। एक पक्षमात्र कमजोर भयो भनेपनि व्यवहारमा उतार्न कठिन हुन्छ। तसर्थ सवैले आ(आफ्नो भुमिका आत्मसाथ गरि समृद्ध प्रदेश बनाउनका लागि लागीपरौं भन्दै यस नीति कार्यक्रममा आफ्नो र आफ्नो पार्टिको पूर्ण सहमति रहेको अवगत गराउंदै आज्ञा चाहन्छु। धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री मिना कुमारी गुरुङ्गलाई छलफलमा भाग लिन समय दिन्छु समय १० मिनेट ।

## माननीय मिना कुमारी गुरुङ्गः

माननीय सभामुखज्यू, नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता राष्ट्रिय एकता स्वाधिनता र स्वाभिमानलाई अक्षुण राखी जनताको सार्वभौम अधिकारलाई आत्मसात गर्दै राष्ट्रहित लोकतन्त्र र अग्रगामी परिवर्तनका लागी आफ्नो जीवना बलिदान गर्नु भएका सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु भने घाइते तथा अपाङ्गहरु प्रति सम्मान प्रकट गर्न चाहन्छु । लामो संघर्ष पछि सामन्ति निरकुंश एकात्मक शासन प्रणालीको अन्त्य भै अहिले हामी संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत गरी संविधान प्रदत्त नियम कानूनको पालना गर्दै सुशासनयुक्त समाज निर्माणमा कटिवद्ध भएका छौं । माननीय सभामुख ज्यू, संघीय लोकतान्त्रीक गणतन्त्रको सांचो

प्रत्याभूति गराउन संघ, प्रदेश र स्थानिय सरकारले धेरै मानव हितकारी नीति र कार्यक्रम हामी समक्ष अहिले ल्याएको छ । राष्ट्रिय आकांक्षा समृद्ध नेपाल सुखी नेपालीको नारालाई मुर्त रुपमा परिणत गराउन गत २४ गतेका दिन प्रदेश सभामा प्रदेश प्रमुख माननीय बाबुराम कुंवरज्यूले प्रस्तुत गर्नु भएको नीति तथा कार्यक्रममा सहभागी भैरहंदा यथार्थमा मैले उल्लेखित सवै नीति तथा कार्यक्रमहरुको बारेमा अध्ययन गरिरहंदा मलाई लाग्यो यो नीति तथा कार्यक्रम समपूर्ण प्रदेशवासीहरको लागि विकास उन्मुख छ। विकासको रुपमा यसले कटिवद्ध रुपमा लैजानको लागि कटिवद्ध जाहेर गरेको छ। यो नीति तथा कार्यक्रमभित्र समावेश विषयहरको गहन अध्ययनको क्रममा मलाई अझै अनुभुति भएको छ । प्रदेश सरकारले गतवर्षका गौरवशाली योजनाहरको क्रमिकताका साथ लामो समयमा पुरा हुने योजनाहरुको उचित कार्यान्वयन गर्दै पुन यो आर्थिक वर्ष ०७६।७७ को थप प्रभावकारी योजना ल्याएको छ । हामी सवैले यो योजनालाई नीति तथा कार्यक्रमलाई स्वागत तथा सम्मान गर्नु पर्छ । काम गर्नेकै गल्ति हुन्छ । गल्ति कमि कमजोरी पक्कै काम गर्दा हुन सक्छ र नयां पद्धतिले नयां चुनौतिका साथ यो सरकारले सामना गर्नु परेका विविध किसिमका समस्याहरुमा जति पनि अहिले टिकाटिप्पणीहरु भइरहेको छ मेरो बारेमा मलाई पनि केहि कुराहरु जोडन मन लाग्यो । विशेष गरेर हाम्रो माननीय राजीव ज्यूले भने जस्तै मलाई पनि भन्न मन लागेको छ । झुल्किन्छ यहां छाया बस्तु अनुसार कांडाको आंखामा कांडै संसार यस किसिमको भावनाले हामी कहिलेसम्म यो देशको राजनीतिलाई एउटा सवल समाजवादी सिद्धान्तको आधारमा अगाडि बढाउन सक्छौं भन्ने एउटा प्रश्न चिन्ह यहां खडा हुन सक्छ । माननीय सभामुखज्यू यो नीति तथा कार्यक्रमले के ल्याएन र हामी आत्तिनु पर्ने कुनै यहां ठाउं छ जस्तो मलाई लाग्दैन । सिद्धान्त र प्राथमिकताको माध्यमबाट यसको विषयहरु अगाडी आएको छ । माननीय सभामुखज्यू, समृद्ध प्रदेश र सुखी नागरिक निर्माण गर्ने प्रदेश सरकारको दिर्घकालिन सोचबाट निर्देशित भै सर्वाङ्गिण विकास र समृद्धिका लागि आगामी ४ वर्ष भित्रमा बहुआयामिक गरिवी १४.२ प्रतिशतबाट ७ प्रतिशतमा झार्ने र प्रदेशको वार्षिक औषत आर्थिक बृद्धदर १०.२ प्रतिशतले बृद्धि गर्ने लक्ष्य हाम्रो सकारात्मक धारणा विना सम्भव हुन सक्दैन। त्यसैमा हामी सवैको सकारात्मक कोणको अव विकास पनि जरुरी छ विकास भित्र हाम्ले आफ्नो

मनोभावनालाई सकारात्मक ढङ्गले विकास गर्न जरुरी मैले महसुस गरेको छु। प्रदेशको जन्म भएको जम्मा २ वर्षमा अहिले टेकेको छ। हाम्रो प्रदेशको प्राकृतिक सम्पदा यहांको सांस्कृतिक सम्पदा आफैमा उत्कृष्ट छ। अव यसलाई श्रृङ्गार गर्न राम्रोलाई अझ राम्रो बनाउन विश्वमै चर्चित यहांका ताल तलैयाहरु हिमाली श्रृखला झरना र पहाडहरुको अनुपम दृष्यलाई अझ सम्वर्धन र प्रवर्धन गर्न सरकारले आफ्ना यस्ता नीति तथा कार्यक्रमहरु प्रस्तुत गरि रहंदा हामीले दिल खोलेर प्रशंसा गर्न सक्नु पर्छ। जति यहांका दृष्यहरु छन त्यतिनै यहांका बासीहरुमा एकतामा विश्वास गर्छ भन्ने मलाई लाग्छ । राम्रो माथि राम्रो बनाउन प्रतिपक्षबाट खेलिएका यि भुमिकाहरुको पनि म सह्राना गर्छु । कसैन कसैले सतर्कता गराउनै पर्छ तर कहिले काहिं यतिउति कार्यक्रमका बुंदाहरुको कुनै मन पर्ने बुंदामाथि बिस्तृत खोलेरै प्रशंसा गरिदिनु भएको भए यो प्रदेश सभाको हाम्रो कार्यशैलीमा अरुले प्रशंसा गर्ने थियोकी भन्ने मलाई जिज्ञासा पनि उठेको छ। माननीय सभामुखज्यू, गण्डकी प्रदेशलाई पर्यटनको हव र पोखरालाई पर्यटकिय राजधानीको रुपमा विकास गर्न मात्र होइन यस प्रदेशमा विद्यमान गरिवी पछौटेपन र दुरदराजमा छटपटिइ रहेका सार्वभौम जनताहरु प्रति आफ्नो उद्देश्यहरु लक्षित गरेको कुरा यो नीति तथा कार्यक्रमले स्पष्ट पारेको छ। प्रदेशको समृद्धि सुशासन र समृद्धि विज्ञान र प्रविधि गुणस्तरिय भौतिक पूर्वाधार प्रदेश समृद्धिको आधार। लैङ्गिक हिंसा तथा सामाजिक कुरिती विरुद्ध अभियानका लागि लैङ्गिक उत्तरदायी वजेट तर्जुमा र कार्यान्वयन गर्ने नीति ज्यादै प्रशंसनीय छ। हिंसा विरुद्ध सुन्य सहनशिलताको नीति अवलम्वन गरी स्थानिय तहसम्म हाम्रो सहकार्य रहने कुराले महिला मैत्री सशक्तिकरण वजेट परिचालनमा हाम्रो पनि अहं भूमिका रहेको मैले महसुस गरेको छु। एकल महिला बालबालिका युवा रोजगार कार्यक्रम बृद्धबद्धाप्रति लक्षित कार्यक्रम वेरोजगार हटाउन ल्याइएका शिपमुलक तालिमहरु सरकारको प्राविधिक विश्वविद्यालयको योजना हाम्रो अति विकट भौगोलिक संरचनामा भएका जनताहरुलाई एकघर एकधारा स्वच्छ पिउने पानीको योजना खाद्य वस्तुको सुद्धता प्रदेश सरकारको प्रतिवद्धता जस्ता महत्वपूर्ण तथा कार्यक्रमहरुले आदिवासी जनजाती लोपोन्मुख सिमान्तकृत महिला मजदुर सवै वर्गको उत्थानमा यसले सम्वोधन गरेको छ। यसले आफ्नो योजनालाई अगाडि शसक्त रुपमा सारेको छ। नीति तथा कार्यक्रमको रुपमा र हरेक

शिर्षकले नै यसको सम्पूर्ण उद्देश्यलाई उल्लेख पनि गरेको छ। शिर्षक पढदै हामीले यसका विस्तृत कुराहरु पढनु नपर्ने जस्तो शिर्षक आएर हामीलाई अझ यसमा चाहिं अझै महत्वपूर्ण रुपमा हामीले यो विषयको अध्ययन गर्नु पर्ने जस्तो हामीलाई चासो पनि यसले बढाएको छ। हाम्रो गण्डकी प्रदेशलाई विवाद रहित सहमति र सहकार्यमा विश्वास गर्दै आर्थिक क्रान्ति र मनभित्र शान्ति लिएर आफ्नो सरकारको सवै योजनाहरुमा सहभागी हुनुपर्नेमा दुइ मत रहन सक्दैन। माननीय सभामुखज्यु, हामी अहिले निर्माणको अभियानमा भएको हुंदा नीति नियम कानून बनाउने देखि वजेट तर्जुमा गर्दासम्म र यसलाई प्रभावकारी कार्यान्वयन गराउन विधिको शासन शसक्त लागु गर्नुपर्ने कुरामा भने हामी सवैको पक्कै पनि विश्वास छ र यो कुरालाई म एउटा सुझावको रुपमा पनि यहां प्रस्तुत गर्न चाहन्छु। हिजो देखि हामीले व्यहोर्दै आएको भ्रष्टाचार अन्य विभिन्न किसिमका असमानता विभेद जस्ता ति नागरिकको पिडालाई अहिले हाम्रो प्रदेश सरकारको गत वर्षको नीति तथा कार्यक्रम अनि चालु आर्थिक वर्षसम्मको भैरहेको विभिन्न हाम्रो कार्यक्रमको कार्यान्वयनले हामीलाई पिडा हाम्रा जनताको केही पिडालाई पक्कै केहि सम्वोधन भएको कुरा हामीले स्पष्ट घामजस्तै देखिराखेको कुरा हो। हामीले बुझ्नु पर्दछ योजना सहि छ हरेक योजनाहरु सहि छ। तथापी हामीमा यस्तो किसिमको विडम्वना छ हामीले फलामलाई फलाम सुनलाई सुन भन्न सकिरहेका छैनौं। हामीले हिरालाई हिरा जीरालाई जीरा पनि भन्न पनि सकिराखेका छनौं। माननीय सभामुखज्यू, अव म अन्ततिर भन्न चाहन्छु। यो नीति तथा कार्यक्रमले प्राथमिकतामा पनि अझै प्राथमिकता भित्र पारी लैजानु पर्ने केही त्यस्ता विषयहरु म अलिबढि ध्यान केन्द्रित होस भनेर पनि अनुरोध गर्न चाहन्छु त्यसको लागि सम्पूर्ण विषयहरको विज्ञहरु सरोकारवालाहरुलाई त्यस बारेमा अझै बढि भेटेर अझै बढि छलफल गर्नुपर्ने समयलाई कहिं कतै हामीले अझै त्यो बारेमा पनि चासो बढाउनको लागि म विशेष अनुरोध पनि गर्न चाहन्छु। विशेष गरेर अहिले हाम्रो नीति तथा यो कार्यक्रममा उत्पादन र उत्पादकत्व बृद्धिका लागि विनियोजित बजेटहरुमा समानताको विधि अपनाइयोस पनि अनि म अलिकति भन्न चाहन्छु थोरै मेरो सुझाव पनि राख्न चाहन्छु र अन्तमा हामीले यो नीति तथा कार्यक्रमलाई अव वजेटको रुपमा विनियोजन गरि रहंदा अनुगमन कार्यविधि कार्यन्वयनका पाटोहरु र समाधानका विषयहरुलाई शसक्त रुपमा अरुले भन्नै नपर्ने

अरुले औंला ठडयाउनै नपर्ने ढंगले हामीले काम गर्यौं भने मलाई लाग्छ हाम्रो यो नीति तथा कार्यक्रम एउटा नमुना कार्यक्रम हुन सक्नेछ। नमुना नीति हुन सक्ने छ। यो प्रदेश एउटा नमुना प्रदेश बन्न सक्नेछ। प्रदेशको आर्थिक समृद्धिको सम्वाहकको रुपमा रकेका पर्यटन, कृषि, उर्जा, उद्योग र भौतिक पूर्वाधारको विकास गर्न लगानी मैत्री वातावरण सिर्जना गर्नु पर्ने कुरालाई पनि म जोड दिन चाहन्छ् र अव्यवहारिक टिका टिप्पणीले कुशल राजनीतिको उदाहरण बन्न सक्दैन र यो हाम्रो थलोलाई यो सम्मानित सभालाई मात्र दोहोरी गाउने एउटा ठाउं बनाउने हो भने हामीले जनता समक्ष मुख देखाउन लायक पनि नहुन सक्छ तसर्थ राम्रो कुरालाई राम्रो भन्ने हाम्रो पुराना हाम्रा आफ्ना हजुर आमा बुवाहरुले दिएको संस्कृति संस्कारलाई पनि हाम्ले बुझ्नु पर्ने कुरामा म बिशेष अनुरोध गर्दै आजको यो सम्मानित सभामा नीति तथा कार्यक्रमको जुन आएको कार्यक्रममा मेरो तर्फबाट र मेरो दलको तर्फबाट पनि पूर्ण सहमति भएको यहांलाई जनाउन चाहन्छु र अन्त्यमा यो नीति तथा कार्यक्रम हामी सवैको विकासको लागि र समृद्धिको लागि र हाम्ले देखेको प्रदेशको समृद्धि र नागरिकको सुखि जीवनको लागि यो कोशे ढङ्गा सावित हुने अनुरोध गर्दै म विदा हुन्छु। हवस्त धन्यवाद, नमस्कार ।

## माननीय सभामुख

माननीय श्री धन्ञजय दवाडिलाई छलफलमा भाग लिन समय दिन्छु समय १० मिनेट ।

## माननीय श्री धन्ञजय दवाडिः

सभामुख महोदय, चालु अधिवेशनमा प्रदेश प्रमुखद्धारा प्रस्तुत ७६र७७ को नीति तथा कार्यक्रममाथि हामि छलफलमा जुटिरहेका छौं। नीति तथा कार्यक्रम गम्भिर आत्म समिक्षा सहित आएको छ। उपलव्धिको चर्चासंगै आएको आत्मसात गरेर आएको यो नीति तथा कार्यक्रमले धरातलिय यथार्थतालाई स्वीकार गरेको छ। गत वर्ष ७५/७६ लाई नीति तथा संरचनाका वर्ष घोषणा गरिएका आधारमा अघिल्लो वर्ष प्रदेश सरकार आफ्नो घोषणामा सफल छ। उसले जे काम गर्छु भनेर प्रतिवद्धता जाहेर गरेको थियो त्यो काममा सफलता गरेको छ र यो वर्षलाई संघीयताको जग कार्यान्वयन गर्ने हिसावले यो नीति कार्यक्रम आएको कारणले आधार तयार गर्ने जग कार्यान्वयन गर्ने वर्ष भएका कारणले यो नीति तथा कार्यक्रमलाई त्यसरी नै बुझ्नु जरुरी हुन्छ भन्ने ठान्दछु। हामी आफ्नो प्रदेशमा आफ्ना नीतिका कुरा मात्रै होइन नीति नीतिगत

ढङ्गले आफ्ना नीतिहरुलाई अन्य प्रदेश र सिङ्गो मुलुकको राजनीतिलाई नै प्रभावित गर्ने तागत राख्दछौं भन्ने कुरा मुख्यमन्त्रीको सम्मेलन र मुख्यन्यायाधिवक्ताका सम्मेलनबाट घोषणा गरिएका कुराहरुले पनि प्रतिनिधित्व गर्दछ। एउटा नीतिले एउटा कामले एउटा कानूनले कसरी हामी यो मुलुकको समग्र राजनीतिमा काम गरिरहेका छौं विकास काम गरिरहेका छौं त्यो समृद्धिको यात्राको काम गरिराखेका छौं र सिङ्गो मुलुकको राजनीतिलाई पनि संघीयता कार्यान्वयका क्रममा पनि हामी हाम्रा दृष्टिकोण राख्न सक्छौं भन्ने कुरालाई यो नीति तथा कार्यक्रमले प्रष्ट गरेको छ। यसकारणले यहां उल्लेख गरिएका धैरै कुराहरु जसले हामीलाई हिजोका कामबाट गर्व लिन स्वीकार गर्दछ। हामीले धैरै कठिनाइका वीच काम थालेका थियौं। वर्षौं वर्षको अनुभवको आधारमा टेकेर हामीले कामलाई प्रारम्भ गरेका होइनौं। आफ्नै अनुभवको जगमा टेकेर काम गर्दाखेरि प्राप्त गरेको उपलव्धीहरु गौरव गर्न लायकका छन्। आगामी गन्तव्य पनि हामीले तय गरेका छौं । पर्यटनलाई हामीले हाम्रो पूर्वाधारको एउटा क्षेत्र स्वीकार गर्या छौं हामीले अघिल्लो कार्यनीतिमा अघिल्लो नीति कार्यक्रमा पनि हामीले यो कुरालाई स्वीकार गरेका थियौं । यस पटक हामीले प्रदेशको नीति तय गरेर प्रदेशको पांच वर्षिय योजना तयार गरेर यी चिजहरुका विच अगाडि ल्याएका छौं र हामीले भनेका छौं गौतमबुद्ध स्वर्णिम त्रिकोणका आधारमा हामी संघ अन्तर प्रदेश सहकार्यका आधारमा समृद्धि प्राप्त गर्न चाहन्छौं । यो पुरानै कुराको निरन्तरता होइन। यो नयां फडको हो जसका आधारमा हामी आर्थिक समृद्धि प्राप्त गर्न चाहन्छौं। यसका निमित्त हवाइ मार्ग या स्थल मार्ग या उत्पादनका जोनहरु निर्माण गरेर अगाडि जान सकिने प्रशस्त आधारहरु छन्। त्यसका आधारमा हाम्ले अगाडी जाने बाटो हामीले धैरै आन्तरिक पर्यटन छिमेकी पर्यटन वर्ष या अन्तराष्ट्रिय पर्यटन वर्षका हिसावले मात्रै कुरा गरेका छैनौं। पर्यटनलाई डिजिलाइट गर्ने कुरा पनि गरेका छौं जसका आधारमा हामी पर्यटनलाई हाम्रो आयको मुख्य क्षेत्र मुख्य आधार मान्न सक्छौं। विद्युत उपभोगको क्षमताले मुलुकको आर्थिक समृद्धिको आधार तय गर्छ। यो हाम्रव मुलुकमा मात्र होइन दुनियमा यहि कुरा लागु हुन्छ । जुन मुलुकमा धैरै विद्युत उपभोग गर्न सक्छन जनताहरु त्यो मुलुकको समृद्धि माथिल्लो स्तरमा छ भन्ने तय हुन्छ। त्यसकारण हामी विद्युत खपत क्षमता खपतको क्षमता बृद्धि गर्न चाहन्छौं। विद्युत खपतको क्षमता बृद्धि गर्ने भनेको आर्थिक उपलव्धि प्राप्त गर्ने हो। आर्थिक उपलव्धि गर्ने दिशामा जाने हो अहिले पनि हामीले मुलुकले राष्ट्रिय आयमा जति उपलव्धि प्राप्ति गरेको छ सात प्रतिशतको बृद्धि त हासिल गरिरहंदा

गणडकी प्रदेशले ७.१ प्रतिशतको बृद्धिदर हासिल गरेको छ। के यसमा हामीले गर्व गर्नु पर्दैन। अनि आगामी दिनमा हामी मुलुकको समग्र अर्थतन्त्रले प्राप्ति गर्ने उपलव्धि भन्दा अझ अगाडि जान्छौं भन्ने कुराको उदघोष गरिरहंदा गर्नै सक्दैनौ भनेर धारे हात लगाउनुको कुनै अर्थ हुन्न होला सभामुख महोदय, माननीयहरुले छलफलका क्रममा धैरै माननीयहरुले विशेष गरि प्रतिपक्ष माननीयहरुले संशोधनको प्रस्ताव राख्नुभाछ ९ वुंदे। यो सन्दर्भमा मलाई अलिकति कुरा गर्न मन लागेको छ। हाम्रा एउटा चर्चित लेखक छन युवा लेखक बुद्धिसागर उनको एउटा उपन्यास छ। कर्णाली ब्लुज त्यहां एउटा पात्र छ बाल पात्र उसकी दिदि पनि छन उसकी दिदि चाहिं सन्तोषीमांको ब्रत वस्छे। सन्तोषीमांको ब्रतमा भोटोमा पुजा गर्छे र त्यो बाल पात्रलाई के लाग्छ भने यसो गएर सन्तोषीमांको ओठमाथि जुंगा बनाइदिन्छ र सन्तोषी बा बनाइदिन्छ। तपाइले गर्न खोजेको संशोधन त्यतिमात्रै हो ? सन्तोषी बा बनाइ दिएर मात्रै समग्र परिवर्तन हुन्छ सम्भव छैन। यसकारणले यो तपाइहरुले जे संशोधनका कुराहरु राख्नुभाछ त्यो सप्पै जे भन्नु भाछ भन्न खोज्नु भाछ विपक्षि माननीयहरुले त्यो नीति तथा कार्यक्रममा आफैमा स्पष्ट रुपमा आएको छ। आफैमा स्पष्ट रुपमा सार्वजिनक स्थलमा वगैंचा निर्माण गर्ने कुरा सार्वजिनक तथा सरकारी क्षेत्रको संरक्षण गर्ने वगैंचा निर्माण गर्ने कुरा पूर्ण बाक्यमा आफैमा पूर्ण भएर आएको छ। यसकारणले संशोधन संशोधनका लागि प्रस्ताव गरिएको जस्तो लाग्छ। माननीयहरुले अंशलाई पूर्णमा पूर्णलाई अंशमा बुझे झैं गर्नु भो यसो गर्नु हुन्न होला। अंशलाई पूर्णमा पूर्णलाई अंशमा बुझियो भने लाग्छ संघको कुरा हाम्ले गर्नु पर्ने हाम्रो कुरा संघले गर्नु पर्ने हाम्रो कुरा स्थानियले गर्ने स्थानियको कुरा हाम्ले गर्ने यसरी गोलमटोल तरिकाले बुझियो भने भ्रम पैदा हुन्छ। भ्रम पैदा भयो भने हामीले गति प्राप्त गर्न सक्दैनौं र निश्चित दिशा पक्रन सक्दैनौं भन्ने लाग्छ। विश्व विद्यालय निर्माण गर्ने कुरा संघीय विश्व विद्यालयत संघको कार्य क्षेत्र हो तर प्रदेशको विश्व विद्यालय संघको कार्य क्षेत्रभित्रको कुरा हो अनुसुची ६ स्पष्ट रुपमा प्रदेश विश्व विद्यालय भनेको छ र गण्डकी प्रदेश सरकारले बनाउंछु भनेको गण्डकी प्रदेश विश्व विद्यालय हो। यस कारण नीतिमा जे कुरा उल्लेख गरिएको छ त्यही कुरालाई हामीले दृढताका साथ समात्न सक्यौं लिन सक्यौं भने मलाई लाग्छ हामी ठिक बाटोमा ठिक दिशामा सहि बाटोमा अगाडी जान सक्छौं र मुलुकलाई प्रदेशलाई सहि मार्गदर्शन गर्न सक्छौं। यसकारण संविधानले हामीलाई दिएका अधिकार हाम्ले प्राप्त गरेका अधिकार हाम्रा अनुभव हाम्रा कार्यक्षेत्रलाई हेर्ने हो भने यो नीति तथा कार्यक्रमले

आफ्नो निश्चित अधिकार क्षेत्रलाई लिएर प्रतिनिधित्व गरेर आको छ र यसैलाई लिएर हाम्ले अगाडि बढनु पर्छ भन्ने लाग्छ । समृद्धिको सपना निदाएर देखिने हैन । निदाउने सपनात विहान उठदा वेलुकी देखेको कुरा केही पनि प्राप्त नहुने हो । समृद्धिको सपनाले त निदाउनै दिंदैन २४ सै घण्टा काम गर्न आग्रह गर्छ। आह्वान गर्छ यसकारणले यो नीति कार्यक्रमले हामीलाई ननिदाउन प्रेरित गरेको छ । आह्वान गरेको छ र मुलुकको समृद्धिमा अगाडि वढन गरेको छ किन भने तथ्यले त्यहि भन्छ। जानसांख्यिक लाभका हिसावमा जाउं आज हामी यो अवस्था १५ वर्ष पछि अव हामीलाई प्राप्त हुंदैन ।तर तथ्यले त्यही भन्छ त्यसो हो भने यि १५ वर्ष २० वर्ष हामीले ननिदायरै काम गर्न पर्छ । ननिदायरै हाम्ले योजनाहरुलाई कार्यान्वयन गर्नु पर्छ। त्यहिंबाट समृद्धि प्राप्ति गर्नु पर्छकी यसो गर्नु गतलबाटोमा गएको हुन्छ र माननीयज्यू ? सभामुख महोदय, विपक्षी माननीयज्यूहरुले समाजवाद पनि खोज्नु भाछ। आफ्नो पार्टिले तयार गरेको नीतिलाई छोडेर उदार पुंजीवादको यात्रामा हिंडिरहंदा माननीयज्यूहरुले झल्यास्स विउंझेर समाजवाद एकचोटि सम्झिनुभाछ मलाई खुसी लाग्या छ। तर के सगरमाथाको शिखरमा पुग्नुछ भन्दा स्याङ्गवोचेमै गएर सगरमाथाको शिखर भेटिन्छर? हाम्रो समाजवाद गरिवीको वितरण हो र ? हाम्रो समाजवादले गरिवी बांडने भन्या हो र? हाम्रो समाजवादले समृद्धिको सहयात्रा गरौंपो भन्या त ।अनि समृद्धीको सहयात्रा निमित्त हो भने आजबाट हाम्ले कामको थालनी गर्नु पर्योकी परेन ? उत्पादन उत्पादकत्व बढाउन पर्यो कि परेन नीति तथा कार्यक्रमले उत्पादन र उत्पादकत्व बढाउंछ भन्छ। कृषि क्षेत्रमा लगानी गर्छु भन्छ। मोडेल फर्महरु बनाउंछ र त्यसलाई व्यवस्थित गर्छु नीतिगत कार्यान्वयन गर्छु भन्छ। के यो गर्नु समाजवादको आधार निर्माण गर्ने बाटो होइन? आधारभूत तहका उपेक्षित उत्पिडित गरिव जनताहरुलाई आवासको व्यस्था गर्छु जनता आवासका हिसावले निर्माण गर्छु भन्छ यसो गर्नु समाजवादको आधार तयार गर्नु होइन अगाडि जानु होइन र ? यसकारणले जुन यात्रामा हिंडछु भनेको भनेका छौं जुन बाटोमा जान्छौं भनेको छौं त्यो बाटो र त्यो यात्रामा हिंडने कुराका निमित्त अहिले नै समाजवादको प्रतिफल प्राप्ति भएन अहिलेनै बांडिहाल भन्नु चाहिं केवल के हो भने अतिवादमा जाने कुरा मात्रै हो। हामीले विगतमा अतिवाद व्यहोरेर आएका छौं। सवैलै आ(आफ्ना ढङ्गबाट व्यहोरेका छौं। विगतको अतिवादको अनुभवबाट सिकेर हामीले सहि ढङ्गमा सहि रुपमा पाइला चालेनौं भने यो मुलुकको यो प्रदेशको समृद्धिको कुरा हामीले छिटै यहां भनिएका समयमा तोकिएका समयमा प्राप्त गर्न सक्दैनौं। यो

कामका लागी चाहिं प्रतिपक्ष हाम्रा विचका यो १५ वर्ष २० वर्षको जानसांख्यिक लाभ जुन अवसर छ यसका लागि एकतावद्ध अगाडि बढनुको कुनै विकल्प छैन। मलाई लाग्छ विपक्षि माननीयज्यूहरुले जुन संशोधन प्रस्तावहरु राखी राख्नु भाछ त्यो फिर्ता लिनु हुन्छ भन्ने विश्वास पनि व्यक्त गर्छु। सिंचाइमा शुल्क लिन नपाइने गरि उहांहरुले चाहिं संशोधन प्रस्ताव दर्ता गर्नुभाछ मलाई यसमा धेरै भन्नु चाहिं छैन। म मात्रै के भन्छु भने एउटा आयोजना निर्माण गरिसकेपछि त्यसको मर्मतसंभार गर्नु पर्छ कि पर्दैन ? मर्मतसंभार कोष बनाउनु पर्छकी पर्दैन? उपभोक्ताहरुको निश्चित भूमिका हुन्छकी हुंदैन? त्यो आयोजनाको दिर्घकालिन स्थायित्वको व्यवस्थापन गर्नु पर्छकी पर्दैन? त्यो नगरेर त्यो आयोजना दिर्घकालसम्म चल्छकी चल्दैन ? त्यसको ग्यारेण्टि हामीले गर्नु पर्छकी पर्दैन? बारम्वार आयोजनाहरु बनाइने भत्किने र फरी सरकारी मुखमात्र ताकि रहने हो भने हिंडदै छ पाइला मेटदैछको बाटोमा हामी अग्रसर हुन्छौंकी हुन्नौं त्यो कुरामा चाहिं हामीले गम्भिर छलफल गर्नुपर्छ। मलाई विपक्षी माननीयलाई यतिमात्र अनुरोध गर्नुछ कि धेरै टाढा जानु पर्दैन चितवनको पञ्चकन्या सिंचाइ प्रणालीलाई एकचोटि अवलोकन गर्नु भए पुग्छ। के जायज भन्ने कुराको त्यहिं छलफलले काफि हुन्छ भन्ने मलाई लाग्छ । यसकारणले यदि हामीले यो मुलुकको समृद्धि प्रदेशको समृद्धि चाहन्छौं यसको विकास चाहन्छौं भने विज्ञान र प्रविधिको प्रयोग गर्छु समाजको द्रुत विकासमा अग्रसर हुन्छु भन्ने हामीले कुरा गर्छौं भने एक घर एक धारा पुर्याउने प्रदेश सरकारले भन्याछ। केन्द्रदेखि गाउको सदरमुकाम सडक जोडछु भन्याछ। बाटो पुल पुलेसा बनाउंछु भन्या छ त्यसकारण उपयुक्त वातावरण बनाउन निमित्त हामी सपै हामी सपै सत्तापक्ष प्रतिपक्ष सरकारी कर्मचारी नागरिक समाज सपै एकजुट भएर लाग्नु पर्ने होइन यो हाम्रो दायित्व होइन? हामी सरकारले ल्याएका कुरालाई विपक्षीमा बस्दा विरोध गर्नु पर्छ भन्ने नाममा सवै कुराको विरोध गर्न सक्तैनौं होला समृद्धिको यात्रामा संगसंगै हिंडनु पर्छ होला लाग्छ के सक्कली के नक्कली भन्ने कुरा चाहिं हाम्रो गाउंघरतिर एउटा भनाइ पनि छन खले जांतोमा थाहा हुन्छ भन्ने कुरा भन्ने गर्छन त्यसकारणले मैले धेरै यतातर्फ समय खर्च गरिन मात्र के भनें भने कर्मचारीको सरुवा बढुवा सरकारको दायित्व र जिम्मेवारीको कुरा हो। प्रतिपक्षीहरको होइन होला। कर्मचारीलाई बोकेर कर्मचारीका मानसिकतामा बोकेर बहकिएर हिंडिरहेका प्रतिपक्षीहरुले सफलता प्राप्त नगरेका पनि इतिहास छन त्यसकारणले सरकार आफ्ना काममा दृढताका साथ जनपक्षका साथ काम गरिरहेको छ। ल्याएको नीति कार्यक्रमले आगामी दिनमा यो प्रदेशको विकास उन्नती र

समृद्धिका लागित स्पष्ट मार्गचित्र खोलेका कारणले पुर्ण समर्थन गर्दै विदा हुन्छु। धन्यवाद।

## माननीय सभामुख

माननीय श्री इन्द्रधारा विष्टलाई छलफलमा भाग लिन समय दिन्छु समय १० मिनेट ।

## माननीय इन्द्रधारा विष्टः

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सभामा २०७६ जेठ २४ गते माननीय प्रदेश प्रमुखज्यूद्धारा प्रस्तुत गर्नु भएको आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रममा विषयमा हामी यस गरिमामय सदमा छलफल गर्दै छौं । तर थोरै बोल्छु । समयको पखेटा हुन्छरे त्यसलाई समात्ने प्यास गरौं । सभामुख ज्यू मलाई के लाग्छ भने गण्डकी प्रदेश सरकार संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट गण्डकी प्रदेशको विकास समृद्धिको जन आकांक्षा पुरा गर्नका लागि प्रतिवद्ध भएको यो नीति तथा कार्यक्रमको २०३ बुंदाले छर्लङ्ग परेको महसुस भएको छ । किनकी यो प्रदेश सभाको सदस्यको हैसियतले आफुले महसुस भएको केही बुंदा मात्र सुझावको रुपमा २०७६ बैशाख २७ गते माननीय मुख्यमन्त्रीज्यू, आर्थिक मामिला तथा योजना मन्त्रीज्यू र प्रदेश योजना आयोगमा समावेश गर्नका निम्ति निवेदन दिएको थिएं ताकि बुंदा नं.३५, ५७ र १४१ ले प्रष्ट रुपमा ल्याएको देख्दा यो प्रदेश सरकार आलोचनामा होइन सुझाव सहकार्य र सल्लाहको पर्खाइमा छ भन्ने प्रष्ट रुपले प्रस्तुत भएको देखिन्छ सोको लागी हार्दिक धन्यवाद दिन चाहन्छु कि आफुलाई पनि गौरवान्वित भएको महसुस भएको छ। सभामुख महोदय, यति मात्र कहां हो र आफुत दुर्गमबाट प्रतिनिधित्व गर्ने सदस्यको हैसियतले गर्दा यो नीति कार्यक्रममा बुंदा नं.१९, ३७, ४१, ६६ र ६१ र ३२ लाई पढदा यो सरकारले विषेश ध्यान पूर्वक विकास समृद्धिको आकांक्षा पुरा गर्न गर्नु पर्दछ भन्ने छर्लङ्ग भएको देखिन्छ । साथै कोही माननीय साथीहरुले यो नीति तथा कार्यक्रम सदरमुकाम केन्द्रित भएकी भन्नु हुन्छ। तर मलाई के लाग्छ भने यो नीति कार्यक्रमलेत ११ जिल्लाको कुना कुना खोजीखोजी समेटिएको जस्तो देखिन्छ। त्यस अर्थमा पनि हार्दिक धन्यवाद दिन चाहन्छु। सभामुखज्यू, थोरै सुझाव गण्डकी प्रदेश सरकारलाई राख्न चाहन्छु। बुंदा नं.२३ मा उत्कृष्ट काम गर्ने २७ जना राष्ट्रसेवकलाई पुरस्कृत गरिएको छ। अव थोरै रकमले हैन कर्मचारीलाई थप काम गर्न हौसला मिल्ने गरि पुरस्कार बृद्धि गर्नुपर्ने देखिन्छ र काम नगर्नेलाई डण्डा पनि। दुर्गम र दुरदराजमा काम गर्ने कर्मचारी

साथीहरुलाई समेत केहि व्यवस्था गरि दुर्गममा काम गर्न तांती लाग्थ्यो की त्यसै गरि बुंदा नं.१२३ र १२५ मा उल्लेखित अन्तराष्ट्रिय सम्मेलन केन्द्र प्रदेश सरकारको मुख्य प्रशासनिक केन्द्र प्रदेश सभा भवन प्रदेश प्रशासनिक प्रतिष्ठान तथा विशिष्ट पदाधिकारीहरुको आवास निर्माण एकै छाना मुनि सम्पूर्ण सेवा सुविधा सम्पन्न मुख्यमन्त्री टावर नामक एकिकृत संरचना निर्माण गर्दा पर्यटन आकर्षण तथा आर्थिक रुपमा समेत कम खर्चमा निर्माण हुन्छकी र त्यसै गरी बुंदा नं.१२८ मा प्रदेश शिक्षा नीति कानून र मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याउने छ भन्ने शिक्षा नीति विदेशमुखी हैनकी स्वदेशमुखी जस्तै पानीमा खेल्ने भन्दा हिउंमा खेल्ने व्यवसायिक शिक्षालाई महत्व दिन जरुरी देखिन्छ। अन्तमा सफल गणतव्यको तय भैसकेको छ। अव सफल यात्राको कामना गर्दै आफ्नो साथ र समर्थन रहेको जानकारी गराउंदै विदा हुन्छु। धन्यावाद।

## माननीय सभामुख

माननीय श्री कृष्णचन्द्र नेपाली पोखे्रललाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय कृष्णचन्द्र नेपाली पोखे्रलः

सभामुख महोदय, २४ गते गण्डकी प्रदेश सरकारले प्रदेश प्रमुख मार्फत सम्मानित सभामा प्रस्तुत गरिएको नीति तथा कार्यक्रमका विषयमा हिजो देखि हामी छलफलका क्रममा छौं र यहां सत्ता पक्षका साथीहरु प्रतिपक्षका साथी सबैले धेरै कुराहरु राखी सक्नु भएको अवस्था छ। म नीति तथा कार्यक्रममा आउनु भन्दा अगाडि म चाहन्थिन तर अलिकति केन्द्रिय राजनीतितिर पनि जान पर्ने जस्तो अवस्था आयो। यस अर्थमा म नीति तथा कार्यक्रममा आउनु भन्दा पहिल्यै यहां हाम्रा सभासद साथीहरुले प्रतिपक्षको सालिनताको विषयमा व्यङ्गयात्मक तरिकाबाट, उत्तेजनात्मक तरिकाबाट प्रश्नहरु यहां उठाउनु भाको छ म चाहन्थिन आज नेपाली कंग्रेस संसदीय दल गण्डकी प्रदेश तमाम मेरा कार्यकर्ताहरु आम जनसमुदायबाट मेडियाबाट पनि एउटै प्रश्न झेलिराखेको छ कि तिमि सत्ता पक्ष होकी प्रतिपक्ष हौ ? हामीले भनेका छौं हामी प्रतिपक्ष हो तर त्यस्तो प्रतिपक्ष होइन जसले हनिमुन पिरियडमा पनि तोडफोड गर्दै रेलिङ्ग भांचदै हिंडोस त्यो हामी होइन । हामी त्यस्तो प्रतिपक्ष हो जसले भाषण गर्न जाने अर्थ मन्त्रिको हातबाट वजेट पुस्तिका खोसेर फ्याक्नी त्यो पनि प्रतिपक्षी हामी होइन। यो जवाफ हामीले दिएका थियौं र आज यहि सदमा मैले दिन बाध्य किन छु भने जो मित्रले हामीलाई सिकाउनु भाको छ प्लिज लोकतन्त्रको विषयमा अभ्यासको विषयमा कमसेकम कंग्रेसलाई अर्ति चाहिं

नदिनोस सल्लाह दिन सक्नु हुन्छ नम्वर वान अर्को म यतिमात्र भन्छु अर्को यहां प्रश्न के आयो भने विगतका चाङ लिएर आको फेरी केन्द्रीयमै गैराछु है म विगतमा यति धेरै चाङ भ्रष्टाचारका चाङ, बेथितिका चाङ भनेर कताकता इन्डिकेशन विगत भन्नासाथ नेपाली कांग्रेस भित्र देखाउने जुन एउटा प्रवृत्ति छ त्यो पनि यहां व्यक्त भयो। हेर्नोस हिसाव गरेर ६२र६३ को आन्दोलन पछि यो मुलुकमा कम्युनिष्टहरुले कति शासन गरे ? हो हिजो तपाईहरु कोही एमाले हुनुहुन्थ्यो कोहि माओवादी केन्द्र हुनुहुन्थ्यो अलग पक्ष हो। तर दुइ तिहाइ भन्दा बढी समेत तपाइहरुले गर्नु भाथ्यो त्यो चाङ कल्ले बनाको हो ? त्यसो भएको हुनाले कुनै पनि कुराहरुलाई मेरो अनुरोध के हो भने ठिक ठाउंमा ठिक तरिकाले भन्नु पर्थ्यो  जस्तो लाग्थ्यो यो फोरम त्यो होइन होला आज र यति भनिकन म फेरि के भन्न चाहन्छु भने भ्रष्टाचारका कुरा माथि फर्किंदासाथ म चुप बस्न सक्दैन फेरी तल फर्किंदा म चुप प्रतिपक्ष अहिले सम्म चुप भैसक्यो माथि किन बसिन्न भन्दाखेरी एक डेढ वर्ष भयो मेरो मुखबाट किन भनाउनु हुन्छ सत्ता पक्षको नेतृत्व तहमा रहने जिम्मेवार नेताहरु जसको नाम मैले किन लिन पर्छ यो भ्रष्टाचारको विषयमा यो वर्तमान सम्माननिय प्रधानमन्त्री ओलीजीले नेतृत्व गरेको सरकारको विषयमा वहांहरुले व्यक्त गरेका कुराहरु तपाईहरुले सुनिदिनु भयो भने हामीले भन्नै पर्दैन। के राम्रो गर्नु भाछ भ्रष्टाचार सुन्य सहनशिलता भाको छ ? म प्रश्न गर्न चाहन्छु। जहां जो प्रदेश कुरो हो आएकै छैन। किन भने यहि सन्दर्भमा भनिराछु प्रदेश सरकारले के भन्दाखेरी त्यो ल्याएको छ म पनि भ्रष्चार गर्दिन गर्न पनि दिन्न भन्ने एउटा नारा ल्याउनु भाको छ। सभामुख महोदय, यसमा मेरो यत्ति के भनाइ छ भने भ्रष्टाचार नियन्त्रण नाराले हुंदैन। भ्रष्टाचार नियन्त्रण नाटक गरेर पनि हुंदैन। भ्रष्टाचार नियन्त्रणको लागी हाम्रो जस्तो समाजमा सशक्त मेकानिजम हुनुपर्छ र नेतृत्वमा बस्ने मान्छेको दृढ संकल्प हुनुपर्छ। अनि मात्र त्यो नियन्त्रण हुन्छ र मैले दुखका साथ भन्नु पर्छ सभामुख महोदय हाम्रो मुख्यमन्त्रीजीको नियत सफा छ म वहालाई सम्मान गर्छु। तर के भ्रष्टाचार रोक्न सक्नु हुन्छ यहां ? वहांले भ्रष्टाचार रोक्ने मेकानिजम छ नाराले हुन्छ त्यसो भएर यो बाध्यता पनि छ तपाइहरुलाई भ्रष्टाचारको विषयमा बोल्न अर्को एउटा यहि सदमा आएको मैले भन्नै पर्छ अर्थ मन्त्रीजीले यहां आफ्नो जवाफ दिंदै गर्दा कताकता सांसदहरुले उठाएका प्रश्न अर्थात विकास निर्माणमा हाम्रो पनि सहभागिता हुनु पर्यो। हाम्रो पनि शेयर हुनु पर्यो भनेर भनेको कुरालाई वहांले अंशवण्डा खाजेको भन्ने अर्थ लगाएर जवाफ दिनु भाको छ र त्यस्तै माननीय मुख्यमन्त्रीजीको

जवाफमा पनि एक ठाउंमा वहांले के भन्नु भयो भने यो भागवण्डाको राजनीति हुंदैन भन्नु भो। अव यि दुइटै कुरालाई म अनुरोध गर्न चाहन्छु सभासदहरुले नभागवण्डा खोज्या छ नअंशवण्डा खोज्याछ सभासदहरुले यो सिङ्गो प्रदेशले के खोज्याछ भने तपाइको विकास निर्माणको अभियानमा हाम्रो पनि भूमिका हुनुपर्यो र त्यसमा समानता पूर्वक हुनुपर्यो यत्ति खोज्याछ। यलाई यदि हाम्ले भागवण्डा अंशबण्डातिर भन्यौं भने त्यो चिज मलाई लाग्छ त्यति व्यवहारिक हुंदैन। यो मैले स्मरण गराउन चाहन्छु। यहि हाउसमा अभिव्यक्त भएका कुराहरु हुन। सभामुख महोदय यसपछि अव म एउटा अर्को कुरो मैले भन्न चाहन्छु। मलाई खुसी लाग्यो। आज म त्यहां वस्दै गर्दा यहां एकजना माननीयज्यूको अभिव्यक्ति सुन्दै गर्दा बडो आनन्द आयो। त्यो के हो भने प्रश्न यहां के थियो भने एकजना सभासदले भन्नुभो जव लोकतान्त्रीक समाज मुल्य र मान्यतामा आधारित समाजवाद भनिसके पछि तेलाई लोकतान्त्रीक समाजवाद भन्दिय हुन्छ भन्ने तर्क थियो। त्यसलाई यो भनिसकें तेसै आयो भन्ने पनि कुरो आयो र पछि एक जना माननीयजीले व्याख्या गर्नुभो मैले ठिक त्यहि व्याख्या विपी कोइरालाले गर्दा वहांले नेपालको सन्दर्भमा समाजवादको व्याख्या गर्दै जांदा वहांले उदाहरण दिनु हुन्थ्यो कि एक पाथी दुध छ सय जनालाई बांडि दियो भने एक एक चम्चा हुन्छ बराबरीको नाममा बांडदिनी त्यो समाजवाद होइन सय जना छ भने दश पाथी तिमिहरुले दुध उत्पादन गर कमसेकम एक एक माना अथवा आधा आधा माना खुवाउनु पर्छ जवसम्म सय हुंदैन तवसम्म जतिलाई पुग्छ त्यतिलाई बांडने हो भन्ने वहांको व्याख्यालाई त्यतिखेरको पेपरहरु छन भने धैरै अपव्याख्या गरी आज सम्मानित सभामा हाम्रो कम्युनिष्ट पार्टीका माननीय सदस्यज्यूबाट व्याख्या गरिरहंदा मलाई लायो यो लोकतान्त्रीक समाजवादी जुन संविधान छ आज मलाई लाग्छ विपी कोइरालाको आत्मा सन्तुष्ट हुन्छ। हिजो वहाले यहि गर्न खोज्नु भाको थियो र सभामुख महोदय अव यति भनिकन अव म यो नीति तथा कार्यक्रमतिर आउन चाहन्छु। नीति तथा कार्यक्रममा दुइटा भाग पाए। एउटा विगतका कुराहरु छन।अव आगामी गर्ने कुराहरु छन। यसमा मैले सररर पढदाखेरि मलाई के लायो भने चुनावत हुनेवाला छैन अव भने जस्तोनी लायो। किनभने चुनावी वर्षमा यस्ता वजेट आउने प्राय प्रचलन हुन्छ। यति धैरै त्यहां कुराहरु राखियको छ। तर त्यसलाई फेरी यहां माननीयजीहरुले नराम्रो भन्यो त्यो हैन राम्रै कुरो नराम्रोको अर्थ हैन तर अहिलेको कन्टेन्टसमा त्यो आवश्यक थियोकी थिएन अथवा त्यसैलाई कार्यान्वयन गर्न सकिन्छकी सकिंदैन हिजो कार्यान्वयन गरेकी गरेनन यो कसिमा हेर्नु पर्छ जस्तो

मलाई लाग्दछ र हिजोको दिनमा भन्दै गर्दा म भन्न चाहन्छु। केही कुराहरु हामीले प्रदेशलाई चिनाउने गरेकै हो त्यो तपाइहरुलाई धन्यवाद दिन्छु म। यद्यपी जति हुनुपर्थ्यो त्यो भएन। जति वजेट खर्च गर्न पर्थ्यो त्यो खर्च गर्न सकिएन। सक्नु भएन। यो हामी भनौं सकिएन। तर जहां भएका छन केहि सडकका कुराहरु छन, खानेपानीका कुराहरु छन। यस्ता हार्डवयर टाइपका कार्यक्रम जो छ त्यो देखिएको छ । यलाई हामीले वेलकम गर्छौं। हो तेले पुग्दैन। हिजो तपाइहरुले गरेको प्रतवद्धता भन्दा त्यो धैरै कम हो र पनि भएको छ किनभने हाम्रो पनि इन्ट्रेष्ट कहांनेर हो भने प्रतिपक्षकोनी इन्ट्रेष्ट कहांनेर हो भन्दा आखिर हामी पनि के चाहन्छौं भने हाम्रो सरकार सातै प्रदेश मध्ये एउटा नमुना बनोस। एक त यो बन्नी भन्नी हामी बन्नी हो प्रदेश बन्नी भनेको त सवै बन्नी होनी यसकारण हाम्रो भूमिका हामीले सकभर सकारात्मक रुपमै हामी हेर्छौं। यसको अर्थ यो पनि होइन यहांहरुले नीति तथा कार्यक्रम ल्याउनु हामीले त्यसको के कुनै प्राक्टिसै भएन। अहिले म अनुरोध गर्न चाहन्छु  हाम्रो सभामुख महोदयलाई एउटा कुरो हामीले निष्पक्ष भन्नु पर्दा मलाई थाहा भएन यो नीति तथा कार्यक्रम जस्तो विषयमा छलफल गर्दै गर्दाखेरी प्रतिपक्षले उठाएको प्रश्नको जवाफ सरकारले दिनी होकी फेरी हामी जनप्रतिनिधीले दिउं ? यो के प्रायक्टिस छ ? यो पनि कमसेकम गरेर नजिर बसाउने कुरो हो भन्ने मलाई लाग्दछ। यहां के देखियो भन्दाखेरी जवाफ उताबाट आयो यताबाट गयो यो देखिया हुनाले यहिनै हो भने त ठिकै छ होइन भने त करेक्सन गरौं के अव के जवाफ दिनु हुन्छ मुख्यमन्त्रीजीले। अघि तपाइहरुले दिएको जवाफ ठिक हो कि वा वहांले दिया जवाफ ठिक होकी यो एउटा के हो भने साझा सवाल हो र अव जहांसुकै म यहां नीति तथा कार्यक्रमका कुराहरु छन। अव धेरै बुंदागत रुपमा हाम्रा साथीहरुले यहां राखी सक्नु भाको छ। सत्ता पक्षलेत राख्नीनै भयो। अव म त्यो धेरै डिटेलमा नगैकन केहि कुराहरु राख्न चाहन्छु र त्यो भन्दा पहिल्यै यहां जुन संशोधनको कुरा आको छ त्यो संशोधनलाई समर्थन पूर्ण समर्थन रहेको कुरा पनि यहां व्यक्त गर्न चाहन्छु र संशोधनलाई पनि एउटा के देखे मैले भने हेर्ने नजरिया हुन्छ। आजैको कुरा गरौं मुख्यमन्त्रीजी यहां हुनुहुन्थेन एउटा नियमावलीको एउटा प्रयोग भयो। के यो नीति तथा कार्यक्रममा उहांको उपस्थिति हुनु पर्निकी नपर्नी नियमापत्ति भयो। अनि हेर्दै हामी थियौं वहां आउनु भयो त्यो हरायो। यो भन्या प्राक्टिस हो। यसलाई वाफरे भन्न जरुरतै छैन किनभने संसद र आज प्राक्टिक भो। अव माननीयजीहरुलाई मन लाग्यो समर्थन गर्ने नभए जसले प्रश्न गर्यो तेले लगाउंछ। कमसेकम लोकतन्त्रमा यो

प्राक्टिसमा गयो यलाई उपलव्धिको रुपमा लियो भने लोकतन्त्र मजबुत हुन्छ। अव मैले मन नपर्या कुरो सुन्दै नसुन्नी मैले अघि मुख्यमन्त्रीसंग अलिकति साइडमा भन्या थिएं। के हो भने यही हो मन्त्री हुनुको मजा चाहिं हाउस भित्र हुंदैन बाहिर मात्र हुन्छ भनेर खुसुक्क गर्या थिएं। त्यो त सहि कुरो हो। तर सत्ता पक्षाले त्यो धैर्यता कमसेकम गर्नोस भनेर त्यो भएर हामी अधैर्य हुने कुरो पनि छैन क्या फेरी तर होस भन्ने अनुरोध गर्न चाहन्छु। अव विगतको कुरा एक दुइ वटा कुराहरु जस्तो मुख्य आधार पर्यटन यसमा त विवादै छैन। हामीले मानेका छौं। हाम्रो प्रदेशको आधार पनि पर्यटनै हो। अव यलाई अगाडि बढाउने सन्दर्भमा अहिले पनि के आइराछ भने पर्यटनको हव पर्यटकीय राजधानी पोखरालाई बनाउने गौतम बुद्ध स्वर्णिम त्रिकोण हवाई हव अलिकति नयां एउटा अरु पुरानै कुराहरु आको छ र एउटा हवाइ हव भन्या छ। अव हिजो त्यो हवाइ हव भन्ने थिएन। यहांबाट मुख्य-मुख्य शहरहरुमा जाने अनि यता उता जाने अनि हव बनाउने भनियो । यो सुन्दा नराम्रो त कसैले भन्दैननी राम्रो हव बनाउने कुरो त्यस्तै अर्को ७५/७६ मा केभो भन्दाखेरी २२ सम्ममा २० लाख टुरिष्टहरु ल्याउने भनियो। अहिले के भन्या रच भने २२ मा बार्षिक २० लाख भनेर अलिकति बढायो। यसमा मेरो भनाइ के हो भने हिजो पनि होमस्टे भनेर तीन सय तोकियो। अहिले होमस्टे प्रवर्धन गरिने छ भनियाछ अर्थात त्यो तीन सय के भयो अथवा अब कति सय हो त्यो छैन नि। यस्ता कुराहरुले के हुन्छ भने खास परिणाम देखाउंदैन आज होमस्टे कुरा गर्नु हुन्छ भने हामीले त्यतिखेर पनि भनेका थियौं। कमसेकम यलाई तीन सय नभैकन तपाइले डेढ सय वा दुइ सय तपाइको क्यापासिटिले जति भ्याउंथ्यो सरकारको बनाएर तेलाई बजेट राम्रोको व्यवस्था गरेर उदाहरणीय बनाउन पाको भए एउटा प्रदेशलाई चिनाउने एउटा चाहिने चिज बन्थ्यो । अब प्रदेश चिन्न कहां जाने ? तीन सय मध्ये दुइ सय पचहत्तर आयो भन्नु भाछ अव त्यो केही जहां भाषणमा आनन्द लिइएला तर फिल्डमा त्यो छैन। त्यस्तै मोडेल फर्मका कुराहरु आए कमसेकम त्यो नहोस भन्ने हाम्रो हो । त्यसबाट हाम्ले सिक्नु पर्छ भन्ने मेरो अनुरोध छ। अर्को उर्जाको विषय उर्जामा त म धेरै जान चाहन्न यहां के भयो भन्दाखेरी ठुला-ठुला जलाशययुक्त उज्यालो प्रदेश आदि इत्यादि कुराहरु छन। यसमा के हो भन्देखि गरिनेछ हुन्छ वार्षिक वजेट हो एक वर्ष हो। एक वर्षमा पनि हामीले फिक्स गरेनौं भने र त्यही गरिने छ हुनेछ जानेछ भनेर राम्रो राम्रो शिषर्क राखिदिएर मात्रै यो समृद्ध हुन सक्तैन भन्नी मेरो यहांहरुसंग सरकारसंग अनुरोध छ । त्यस्तै अव यहां पर्यटन सिनेमा सुटिङ्ग स्पोट बनाउने कुराहरु आदि इत्यादि

छन यहां अरु कुनै पनि कुरालाई शिर्षकलाई नराम्रो एक घर एक धारा प्रदेश सरकारको अभिभारा वातावरण मैत्रि प्रविधि पूर्वाधार एकिकृत वस्ती घर घरमा अप्टिकल फाइबर तथा व्रोडबेण्ड नेटवर्क अव यसलाई कसैले विरोध गर्छ ? एक घर एक धारा सरकारको अभिभारा गण्डकी प्रदेश स्वच्छ सफा हराभरा प्रदेश, वातावरण मैत्रि प्रविधि पूर्वाधार युक्त नमुना बस्ती,समृद्धिको अभियान युवाको योगदान खाद्य वस्तुमा सुद्धता हामी सवैको प्रतिवद्धता, त्यो भित्र आली देखि थाली सम्म, शुद्ध र सस्ता खाना बधशाला देखि भान्छासम्म, शुद्ध स्वस्थ र स्वच्छ मासु, गोठ देखि ओठ सम्म शुद्ध र स्वस्थ दुध अव एलाई त कहां विरोध गर्ने यो के भन्या हो अरु त थाहा भएन त्यति भन्दिय पुग्छ खैत जाने कुरो प्रश्न त्यहांनेर हो। हाम्रो भनाइ के हो भने यी सव कुराहरु अन्तिम बर्षतिर हुन्थ्योकी भन्न खोज्या हो अव अहिले के हुन पर्थ्यो भने उदाहरणको लागि हामी सभामुख महोदयकै नेतृत्वमा सुदुरपश्चिमतिर गयौं। त्यहांको कर्णालीको मुख्यमन्त्रीले के भन्नुभो भने हामी यसपटक टोटल हार्डवयरतिर लाछौं। प्रत्येकलाई भौतिकमा छ सडक ५ करोड पर्यटन छ पर्यटन सडक भनेर ५ करोड अनि अर्को कुन मन्त्रालय छ शिक्षा घुमाइ फिराई सव सडकमा हाल्दियाछम हामीले यो बर्ष हामी पुरा छिचल्छौं अनि त्यसपछि जान्छौं भन्नु भाथ्यो उहांले हाम्रो मुख्यमन्त्री त झन अनुभवी केन्द्र समेत हांक्या मान्छे । त्यसो भा हुनाले मेरो भनाइ के हो भने केहि देखाउनीतिर लगौं। त्यो भनेको के हो त भन्दा सडक, सिंचाई, खानेपानी यिनै हुन्। यसमा विशेष फोकस गरेर प्रदेश सरकार यहां छ भनेर देखाउन नपरोस मान्छेले देखोस्। जस्तो उदाहरणको लागि पोहोर तपाइहरुले हाम्रो सरकारले गरेको जुन निर्वाचन क्षेत्रको सडक छ अव त्यहां हिंडने मान्छेले अर्को वर्ष यो प्रदेश सरकारले बनाको आफै भन्छ। हामीले भन्ने पर्दैन। त यसरी प्रदेश सरकार चिनिने किसिमको यो योजना यहांहरुले ल्याउनु भएको भए राम्रो हुन्थ्यो भन्ने हाम्रो सुझाव हो। अव यो घर घर र घरमा एक एक धारा नराम्रो हो त कसैले भन्दैननी त्यसो भएको हुनाले यस्ता कुराहरुलाई डिफेन्स भन्दा पनि यहांहरुले व्यवहारमा उतार्नु पर्छ भन्ने मलाई लाग्दछ र अर्को चाहिं के छ भने अव यिनै कुराहरु राख्दै अव मैले के गर्न खोजें भने यो केहि कुराहरु केहि कुराहरु मेरा राख्न चाहन्छु त्यो मध्ये एउटा केहो भने म धन्यवाद दिन चाहन्छु। यो लोमान्थाङलाई विश्व सम्पदामा लाने भनेर निर्णय गर्नु भो यो प्रदेशको एउटा पुंजी हो त्यो पनि। तेलाई म धन्यवाद दिन चाहन्छु। त्यस्तै अर्को एउटा पुंजी छ हामीसित त्यो पुंजीलाई हामीले प्रयोग गर्नु पर्छ। त्यो भनेको के हो भने हुनत अघिल्लो वर्ष मैले आफ्नो वक्तव्यमा राख्या थिएं त्यो कुरो तर पछि आएपछि

तेलाई शालिग्राम करिडोर सम्म भनेर सम्वोधन गरियो। यसमा मेरो सरकारसंग के अनुरोध छ भने हामिसंग एउटा ठुलो सम्पदा छ त्यो के हो त भन्दाखेरी यो कालीगण्डकीमा भएको शालिग्राम त्यो शालिग्राम त्यतिकै शालिग्राम भाछैन त्यो के रैछ भन्नु होला भने यो त्यस्तै सागर जव उत्पात भो त्यो लेबुल ब्रष्ट भएर जव हिमालय बन्यो त्यो समुन्द्रको सतह माथि आयो। यो शालिग्राम भनेको समुन्द्र त्यो पनि धेरै तल र चिसो पानीको धारमा हुने जीवको अवशेष रहेछ। जव त्यो हिमालमा आयो के भो भने यसरी हिमाल आइसकेपछि त विचमा आएपछि पहिला यो कालिगण्डकी उत्तरतिर बग्दो रैछ। जव त्यो धार गण्डकी भन्दानी त्यो धार जव यो आइसकेपछि त्यो धार यता मोडियो र त्यो समुन्द्रको चिज माथि आको छ र त्यो भनेको हजारौं हजार वर्ष पुरानो कुराहरु पृथ्वीको उत्पत्तिदेखि लिएर यि सवै कुराहरुलाई अध्ययन गर्न मिल्नी चिज रैछ ।यो मैले यत्तिकै भन्या छैन । यस विषयमा द हाउस युनिभर्सिटि क्यानडाले १९८८ मा एउटा रिपोर्ट पेश गर्या रछ। जुन रिपोर्ट यो इटली, फ्रान्स, जर्मनी तीन देश र क्यानडा ४ देशका साइन्टिस्टहरु ११ जनाले एउटा रिपोर्ट तयार गरेका रहेछन। जसले यो उजागर गरे र यसले के भन्यो भने भन्दाखेरि यो क्षेत्रलाई संरक्षण गर्यो भने यो अनुसन्धान केन्द्रको रुपमा डेभलप गर्न सकिन्छ । यो त ठूलो कुरो हो। भुगर्भविदहरुलाई यो प्रमाणको आधारमा आएर यहां चैं अनुसन्धान गर्न पाउनी भन्या कुरो ठुलो कुरो हुन्छ यस अर्थमा यलाई विश्व सम्पदामा राख्नी प्रयत्न पनि भारैछ पहिला अलि पहिलेको सरकारले तर त्यो वीचमै हटेको हुनाले यलाई यदि राख्न सकियो भने हाम्रो प्रदेशको लागि एकदम राम्रो हुन्छ भन्ने मलाई लाग्दछ त्यस्तै यहांहरुलाई थाहा छ गण्डकी प्रदेशको एउटा महत्वपूर्ण भाग धार्मिक स्थलको रुपमा देवघाट धाम छ। देवघाट धामको विषयमा पनि मैले भनि राख्नु पर्दैन र सरकारको यो त्रिवेणी देवघाट हुंदै जाने यो जुन प्रोग्राम छ त्यो त्यसमा पनि परेको छ। तर त्यति मात्रै हैन यसलाई हामीले एउटा आध्यात्मिक रिसर्च सेन्टरको रुपमा पूर्वीय दर्शनको धार्मिक आध्यात्मिक रिसर्च सेन्टरको रुपमा यलाई डेभलप गराउन सक्यो भने यो सवा अरव दक्षिण मात्रै हैन आज हाम्रो पूर्वीय दर्शन गिता लगायतका शास्त्रहरु पश्चिमा युनिभर्सिटिहरुमा पढाउन थालियाछ भने त्यो रिसर्च सेन्टरको रुपमा डेभलप गराइयो भने प्रदेशको एउटा ठुलो फाइदा हुन्छ भन्ने मलाई लाग्दछ। यो पनि म अनुरोध गर्न चाहन्छु। अर्को लाइफ लाइन मानेको अघिनै प्रशङ्ग आइसक्यो छ। त्रिवेणी देखि कोरलाको कुरो यसमा मेरो अनुरोध के छ भने त्यहांका जनताका आवाज पनि यहां आयो म भन्दा पहिल्यै। तत्कालै एउटा गजेन्द्र

मोक्ष धाम विकास समिति यहां एउटा समिति गठन गर्दियो सरकारले भने त्यो मार्फत त्यहांको डेभलप पनि हुन्छ र सरकारले सम्वोधन गरेको छ भन्ने पनि म्यासेज जान्छ। त्यो गरियोस्। अर्को म एकफेर मुक्तिनाथ गएं । मुक्तिनाथमा मैले त्यत्रो ठुलो तिर्थधाम करोडौं करोड मान्छे आस्थाको केन्द्र त्यहां म्यानेजमेन्ट त्यति अपटुडेट नभा जस्तो बडा कताकता कमि देखे मैंले यलाई प्रदेश सरकारले यलाई एउटा पुंजी सम्झिएर तेलाई व्यवस्थित गरेर त्यहाको आम्दानीलाई व्यवस्थित गरेर व्यवस्थित हुनु पर्यो र फेसिलिटिहरु पनि दिनु पर्यो। एउटा उदाहरणको लागि ठुलो एउटा तपाइले गेष्ट हाउस धर्मशाला बनाइ दिन सक्नु हुन्छ नी अथवा त्यो धेरै कुराहरु छन त्यहां भौतिक रुपमा नि गर्नु पर्ने ताकि आकर्षक एउटा बनोस र त्यो बनाउनको लागि पनि आखिर एउटा माध्यम चाहिन्छ । त्यहां पनि एउटा विकास समितिको गर्दिनु भो भने राम्रो हुन्छ भन्ने मलाई लाग्दछ र अर्को चाहिं मैले पहिला पनि राखेको थिएं राख्न जरुरी छ जसरी रवर उद्योगको प्रसङ्ग यहां आयो। हाम्रो जिल्लामा गैंडाकोटमा भृकुटि कागज कारखाना अलपत्र अवस्थामा छ। अरवौंको प्रोपर्टि छ। अहिले १ कट्ठाको त्यहां करोडौं पर्छ त्यसको त पचासौं विघा छ त्यहां। त्यो सम्पत्ति त्यतिकै वसेको अवस्था छ त्यहां। सरकारसंग मैले के अनुरोध गर्न चाहन्छु भने त्यो एउटा व्यक्तिको थियो न उले वेच्न सक्छ किनभने केहि कन्डिसन छ। उलाई पनि रिलिफ हुने गरेर प्रदेशले तेलाई युज गरेर भोली त्यहां मेडिकल कलेज गर्न सक्नु हुन्छ कुनै पनि विकास निर्माणका त्यति ठुलो त्यति धेरै जमिन अव पाउन गाह्रो छ। यस अर्थमा त्यता पनि ध्यान जाओस भन्ने म अनुरोध गर्न चाहन्छु र अर्को चाहिं र अन्त्यमा म अलिकति सरकारको नीति तथा कार्यक्रम हाम्रो आशय के हो यो व्यवहारिक बनोस र यो पुंजी खर्च गर्न सकोस सकेन भनेर तेलाई नेगेटिभ लिन भएन तपाइहरुले सक्नु पर्यो र अरु प्रदेश भन्दा अगाडि जान सक्न पर्यो यो रुपमा सरकारले लियोस भन्ने अनुरोध गर्दै अहिलेको यो नीति तथा कार्यक्रममा मेरै जिल्लालाई छोएर जस्तो सर्प दंशको व्यवस्थाको कुरो आको छ र औद्योगिक क्षेत्र त्यहिं लैजाने कुरो भको छ र हाम्रो त्यो प्रदेशस्तरिय कार्यालयहरुलाई एकै ठाममा राख्ने कुरो जुन भाको छ जुन सहयोगको कुरो आको छ यि कुराहरुलाई म सरकारलाई धन्यवाद पनि दिन चाहन्छु र नीति तथा कार्यक्रममा मेरो यत्ति भनाइ छ कि तपाइहरु सरकार विगतमा जस्तो वान थर्ड या वान फोर्थ कति भाछ अहिले खर्च गरेर खुम्चिने किसिममा जान्छकी भन्ने हामी सारा कुरो त्यहांनेर हो । तपाइहरु त्यसमा सफल हुनुहोस यिनै कुराहरु राख्दै म मेरा भनाइहरु बन्द गर्न चाहन्छु। धन्यवाद जयनेपाल ।

**माननीय सभामुख**

माननीय सदस्यहरु अव यो वैठक २०७६ साल जेष्ठ २७ गते ४.४५ वजे सम्मको लागि स्थगित हुन्छ ।